# लेखापरीक्षण प्रतिवेदन

# घोडाघोडी नगरपालिका, कैलाली

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# घोडाघोडी नगरपालिका, कैलाली

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**

**काठमाडौ**

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/68

श्रीमान् नगर प्रमुखज्यू,
घोडाघोडी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, घोडाघोडी, कैलाली ।

**बिषय - <u>लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा</u> ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष-२०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**

**काठमाडौ**

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/68

श्रीमान नगर प्रमुखज्यू ,

घोडाघोडी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

घोडाघोडी, कैलाली।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तिय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तिय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष, लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्ययतर्फको रू. २ अर्ब ३८ करोड ८३ लाख १६ हजारको लेखापरीक्षणबाट रु. १० करोड १० लाख ४७ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.२७ लाख ९९ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ७ लाख ३८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ४ लाख ३१ हजार, नियमित गर्नुपर्ने रु. ४३ लाख २२ हजार र पेश्की बाँकी रु. ७ करोड २७ लाख ५८ हजार गरी जम्मा रु. ९ करोड ८२ लाख ४८ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ५२ करोड ७१ लाख ७० हजार मध्ये रु. ४९ लाख ७८ हजार समपरीक्षण भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु. ६२ करोड ४ लाख ४१ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।


**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १२५ | ११३ | १०,१०,४७,३३८ | ० | १५ | २७,९८,८६७ | ० | १२५ | ९८ | ९,८२,४८,४७१ | ७,३७,८१३ | ४३,२१,७३० | २,०४,३१,०९७ | ० | ० | २,४७,५२,८२७ | ७,२७,५७,८३१ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कैलाली | ५२,७१,७०,१५५ | | ४९,७७,९३९ | ५५,२१,९२,२१६ | | ९,८२,४८,४७१ | ६२,०४,४०,६८७ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ५७.३ | सामाजिक सुरक्षातर्फ | ९,१०७ |
| २ | २०८१/८२ | ५९ | वृत्तचित्र निर्माण | ८५,००० |
| ३ | २०८१/८२ | ३५ | वृत चित्र निर्माण | ६,५०,००० |
| ४ | २०८१/८२ | ८७ | लागत साझेदारी | ११,४१,३१६ |
| ५ | २०८१/८२ | ३७ | बढी भुक्तानी | १०,००० |
| ६ | २०८१/८२ | ४० | दररेट फरकपारी खरिद | ७,००,००० |
| ७ | २०८१/८२ | ७३ | इट्टाको भुक्तानी | २,०३,४४४ |
| ८ | २०८०/८१ | ४ | पेश्की बाँकी | ४८,००,००० |
| ९ | २०७९/८० | ४० | अनुगमन मुल्याङ्कन भत्ता | ६५,२८० |

| | | | | |
|---|---|---|---|---|
| १० | २०७९/८० | ७१ | ५० प्रतिशत अनुदानमा कृषि बिउ वितरण | १,१२,६५९ |
| **जम्मा** | | | | **७७,७६,८०६** |

# घोडाघोडी नगरपालिका, कैलाली

# ( ८०७७७४०३३०० )

# घोडाघोडी नगरपालिका , कैलाली

# परिचय

१

**(क) कार्यालय परिचयः-** संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध, सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु तथा प्रभावकारी सेवा प्रवाह गर्नु रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्यः-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधिः-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।९।६ देखि २०८२।१०।२७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधिः-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमाः-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थितिः-** कार्यालयको आय-व्ययतर्फ रु. २ अर्ब ३८ करोड ८३ लाख १६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरुः-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची-२ मा संलग्न छन् ।

**(ज) लेखापरीक्षणको क्रममा असुली:-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३२,३६८।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | ३ जना लाभग्राहीको बैंक खातामा सामाजिक सुरक्षा वापतको भत्ता बढी भुक्तानी भई बैंकमा जम्मा रहेको रू.३२,३६८।०० दाखिला गरि प्रमाण पेस गरेको रू. | ३२,३६८।- |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकिकृत वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक आर्थिक वर्षको आय र व्ययको हिसाव राख्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको आर्थिक वर्ष २०८१/०८२ को आर्थिक कारोकारको एकीकृत प्रतिवेदन देहाय अनुसार रहेको छ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| **सुरु मौज्दात** | | **२६७३५००४४.६६** | **चालु खर्च** | | **५४७०४२२७३.८५** |
| १.संचित कोष | ११७८८०४४२.२ | | १. पालिका तर्फ | २३५५५६७५१.८५ | |
| २.धरौटी | १२२३१३९०. | | २. संघीय सशर्त | ३११३५०५२२. | |
| ३.कार्यसञ्चालन कोष | १३५९४९१५.४६ | | ३. संघीय विशेष | ० | |
| ४. अन्य कोष | १२३६४३२९७. | | ४. प्रदेश सशर्त | १३५०००. | |
| **यस वर्षको आय** | | | ५. प्रदेश विशेष | ० | |
| **१.आन्तरिक आय** | २८२६०१३२.३८ | **२८२६०१३२.३८** | **पुँजीगत खर्च** | | **२६६४६३६५३.** |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | | **७५३२७३१७६.०९** | १. पालिका तर्फ | १८८६६४११२. | |
| क) समानीकरण अनुदान | १६७९२०८००. | | २. संघीय सशर्त | ३८७३८१२८. | |
| ख) राजस्व बाँडफाँट | १६०८२२५९६.०९ | | ३. संघीय विशेष | १९०३११७८. | |
| ग) सशर्त अनुदान | ३९४५०८२५०. | | ४. संघीय समपुरक | ६५०४७८३. | |
| घ) समपुरक अनुदान | ८९३५४३५. | | ५. प्रदेश सशर्त | ४४५०७७०. | |
| ङ) विशेष अनुदान | २१०८६०९५. | | ६. प्रदेश विशेष | ० | |
| च) रोयल्टी | | | ७. प्रदेश समपुरक | ९०७४६८२. | |
| छ) अन्य | | | **अन्तर सरकारी अख्तियारी (संघ)** | | **३११०५११५२२.४८** |
| | | | **सामाजिक सुरक्षा** | ३०२०५३९८३. | |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | | **३८०७७४३९.६७** | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३८३७७८४.४८ | |
| क) समानीकरण अनुदान | १७५५८०००. | | विद्यालय क्षेत्र योजना केन्द्र स्तर | ४३६२०००. | |
| ख) राजस्व बाँडफाँट | ६८५८९८७.६७ | | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ७९७७५५. | |
| ग) सशर्त अनुदान | ४५८५७७०. | | **अन्तर सरकारी अख्तियारी (प्रदेश)** | ४९९९३६. | **४९९९३६.** |
| घ) समपुरक अनुदान | ९०७४६८२. | | **ऋण फिर्ता(साँवा)** | | |
| ङ) विशेष अनुदान | ० | | **ऋणको ब्याज भुक्तानी** | | |
| च) रोयल्टी | | | **धरौटी फिर्ता तथा सदर स्याहा** | ७७०५२०४. | ७७०५२०४. |
| छ) अन्य घर जग्गा मालपोत | ३००१३५४०. | **३००१३५४०.** | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | ६८६७५६८. | **६८६७५६८.** |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | | ३११०५११५२२.४८ | **अन्य कोषबाट भएको खर्च** | ० | **०** |
| सामाजिक सुरक्षा | ३०२०५३९८३. | | **गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | ० | **०** |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३८३७७८४.४८ | | **अन्य सहयोगमा सञ्चालित योजना** | ० | **०** |
| विद्यालय क्षेत्र योजना केन्द्र स्तर | ४३६२०००. | | **अन्य खर्च भएमा** | ० | **०** |
| राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ७९७७५५. | | | | |
| **५. अन्तर सरकारी अख्तियारी (प्रदेश)** | ४९९९३६. | **४९९९३६.** | **अनुदान फिर्ता** | | |
| **६. ऋण/ वित्तीय व्यवस्था** | | | **१. संघ तर्फ** | | **४८९०५११६९.** |

| | | | | | |
|---|---|---|---|---|---|
| **७. धरौटी आय** | ५४५५४६०. | **५४५५४६०.** | क) सशर्त अनुदान | ४४४१९६००. | |
| **८. कार्यसञ्चालन कोष आय** | ३७३३०४९. | **३७३३०४९.** | ख) विशेष अनुदान | २०५४९१७. | |
| **९. अन्य कोषको आय बिभाज्य** | २९४१६७००.६६ | **२९४१६७००.६६** | ग) समपुरक अनुदान | २४३०६५२. | |
| **१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | | | **२. प्रदेश तर्फ** | | **०** |
| **११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना** | | | क) सशर्त अनुदान | ० | |
| **१२. अन्य आय भएमा** | | | ख) विशेष अनुदान | ० | |
| | | | ग) समपुरक अनुदान | ० | |
| | | | **अन्तिम मौज्दात** | | **२७८५९५६७४.६१** |
| | | | १. संचित कोषको मौज्दात | १०५०९३६३३.९३ | |
| | | | २. धरौटी | ९९८१६४६. | |
| | | | ३. कार्यसञ्चालनकोष | १०४६०३९७.०२ | |
| | | | ४. अन्यकोष | १५३०५९९९७.६६ | |
| जम्मा | **१४६७१३१०००.९४** | **१४६७१३१०००.९४** | जम्मा | **१४६७१३१०००.९४** | **१४६७१३१०००.९४** |

## ३ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार पालिकाको कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ४ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४४ मा क्रमस सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको रकम फिर्ता गरेको छ।

| निकाय | अनुदान | निकास | खर्च | बाँकी | फिर्ता | भौचरअनुसार |
|---|---|---|---|---|---|---|
| संघ | शसर्त चालु | ३४६३०८२५०.०० | ३११३५०५२२.०० | ३४९५७७२८.०० | ३४९५७७२८.०० | ३४९५७७२८.०० |
| | शसर्त पुँजीगत | ४८२०००००.०० | ३८७३८१२८.०० | ९४६१८७२.०० | ९४६१८७२.०० | १३९४७४४१.०० |
| | विषेश पुँजीगत | २१०८६०९५.०० | १९०३११७८.०० | २०५४९१७.०० | २०५४९१७.०० | ०.०० |
| | समपुरक पुँजीगत | ८९३५४३५.०० | ६५०४७८३.०० | २४३०६५२.०० | २४३०६५२.०० | ०.०० |
| | **जम्मा** | **४२४५२९७८०.००** | **३७५६२४६११.००** | **४८९०५१६९.००** | **४८९०५१६९.००** | **४८९०५१६९.००** |
| प्रदेश | शसर्तअनुदान चालु | १३५०००.०० | १३५०००.०० | ०.०० | ०.०० | ०.०० |
| | शसर्त अनुदान पुँजीगत | ४४५०७७०.०० | ४४५०७७०.०० | ०.०० | ०.०० | ०.०० |
| | समपुरक अनुदान पुँजीगत | ९०७४६८२.०० | ९०७४६८२.०० | ०.०० | ०.०० | ०.०० |
| | **जम्मा** | **१३६६०४५२.००** | **१३६६०४५२.००** | | | |
| | **कुल खर्च** | **४३८१९०२३२.००** | **३८९२८५०६३.००** | **४८९०५१६९.००** | **४८९०५१६९.००** | **४८९०५१६९.००** |

## ५ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। सोही प्रणालीबाट स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गरिएको छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणमा रू. ३०२०५३९८३।००, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा रू. ७९७७५५।००, विद्यालय शिक्षा क्षेत्र योजनामा रू. ४३६२०००।०० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रू. ३८३७७८४।४८ गरी रू ३११०५१५२२।४८ सुत्रमा लेखाङ्कन गरेको छैन। पालिकाबाट भएका सबै कारोबारहरु वित्तीय विवरण (म.ले.प.फा.न. २७०)मा समावेश गर्नुपर्दछ।

## ६ फरक हिसाब

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ११९९९७।०० र बैङ्क मौज्दात रु. १ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **बैङ्क मौज्दात** |
|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | २६७२३००४६ | २७८५९५६७६ |
| एकीकृत आर्थिक विवरणअनुसार | २६७३५००४३ | २७८५९५६७५ |
| फरक | -११९९९७ | १ |

## ७ बैङ्क हिसाब विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ। पालिकाले पेश गरेको विवरण अनुसार देहाय बमोजिम यो वर्षको अन्त्यमा स्रेस्ता अनुसार मौज्दात रहेको छ।

| संकेत | कोष खाता | गत बर्षको मौज्दातरकम | घट/बढ नगद | मौज्दात रकम | नगद मौज्दात | बैक स्टेमेन्टअनुसार |
|---|---|---|---|---|---|---|
| ग १.१ | आन्तरिकराजस्व खाता | १. | | १. | १. | १ |
| ग १.२ | बाँडफाँडबाटप्राप्त राजस्व खाता | ० | | ० | ० | ० |
| ग १.३ | आन्तरिकअनुदान खाता | ० | | ० | ० | ० |
| ग ६.१ | स्थानीयतह विभाज्य कोष खाता | १२,३६,४३,२९७.०० | २,९४,१६,७००.६६ | १५,३०,५९,९९७.६६ | १२,३६,४३,२९७.०० | १५३०५९९९७.६६ |
| ग ४.१ | स्थानीयतह सञ्चित कोष खाता | ११,७८,८०,४४१.६४ | -१,२७,८६,८०७.७१ | १०,५०,९३,६३३.९३ | | १०५०९३६३३.९३ |
| ग ३.१ | स्धानीयतह धरौटी खाता | १,२१,११,३९०.०० | -२१,२९,७४४.०० | ९९,८१,६४६.०० | | ९९८१६४६ |
| ग २.१ | चालूखर्च खाता- विजोर वर्ष | ० | | ० | | ० |
| ग २.२ | चालूखर्च खाता- जोर वर्ष | ० | १,१७७.०० | १,१७७.०० | ० | ० |
| ग २.३ | पूँजिगतखर्च खाता- विजोर वर्ष | ० | | ० | ० | ० |
| ग २.४ | पुँजीगतखर्च खाता- जोर वर्ष | ० | -१,१७७.०० | -१,१७७.०० | ० | ० |
| ग २.७ | विविधखर्च खाता | १५,८२,६९८.७९ | -९,७६,२९६.०० | ६,०६,४०२.७९ | | ६०६४०२.७९ |
| ग ५.१ | स्थानीयतह विविध कोष खाता | २९,५१,७६१.०० | | २९,५१,७६१.०० | | २९५१७६१ |
| ग ७.२ | स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता | ९०,६०,४५६.२३ | -२१,५८,२२३.०० | ६९,०२,२३३.२३ | | ६९०२२३३.२३ |
| जम्मा | | २६,७२,३०,०४५.६६ | १,७१,०६,१४,२०६.२३ | २७,८५,९५,६७५.६१ | १२,३६,४३,२९८.०० | २७८५९५६७५.६१ |

## ८ स्थानीय तह विभाज्य कोष खाता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। साथै स्थानीय तह सरकारी कारोबार निर्देशिका, २०७६ मा स्थानीय तहको विभाज्य कोषमा सङ्कलन भएको राजश्व नियमअनुसार स्थानीय तह तथा सम्बन्धित प्रदेशका लागि बाँडफाँड गर्नु पर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार यो वर्षको अन्त्यमा स्थानीय तह विभाज्य कोष खातामा रू. १५३०५९९९७.६६ मौज्दात रहेको देखियो। तोकिएको समयमा सो रकमको बाँडफाँड गरी सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

## ९ आन्तरिक नियन्त्रण व्यवस्था

सुदूर पश्चिम प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली-२०८०, नियम ७९ मा प्रदेश तहका सबै निकायहरुले निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ।त्यस्तै आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३१ र नियमाबली २०७७ को ८१ बमोजिम कार्यालयले आन्तरीक नियन्त्रण प्रणाली तयार गरी प्रकाशन एबं लागु गर्नुपर्ने ब्यबस्था रहेको छ । आन्तरिक नियन्त्रण प्रणालीमा देहाय अनुसारको कमी कमजोरी रहेको पाइयो । कार्यालय प्रमुखले कानूनको परिपालना गरि आन्तरिक नियन्त्रण प्रणालीको यथोचित व्यवस्थापनद्वारा कार्य सम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

• आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरेको भए तापनि पूर्ण रुपमा कार्यान्वियनमा नरहेको,

• दरबन्दी अनुसार पदपूर्ति नभएको

• अन्तर सरकारी बित्तिय हस्तान्त्तरणको आन्तरिक लेखापरीक्षण कोलेनिकाबाट भएपनि पालिकाको आर्थिक कारोवारको लेखापरीक्षण गराएको पाईएन,

• आन्तरिक स्रोतको परिचालन प्रभावकारी रुपमा गर्न नसकेको साथै स्थानिय करका सम्भाब्य सबै क्षेत्र करको दायरामा नआएको,

• मूल्य निर्धारण समिति बसाई जग्गा वा भवनको मूल्याङ्कन नगरेको,

• जिन्सी मालसामानको निरीक्षण भए पनि निरीक्षण प्रतिवेदनमा उल्लेख भएको लिलाम बिक्री गर्नुपर्ने मालसामान जिन्सी निरीक्षण प्रतिबेदन प्राप्त भएको मितिले १ महिना भित्र लिलाम प्रकृया शुरु गर्नु पर्नेमा नगरेको साथै ३ महिनाभित्र मर्मत संभारको कार्य नगरेको,

• नर्म्सको पृथक पृथक व्याख्या गरी बढी खर्च लाग्ने गरी लागत अनुमान तयार गरेको,

• चियापान, मनोरञ्जन, अतिथी सत्कार जस्ता बिबिध कार्यक्रम सञ्चालनको नर्म्स र मापदण्ड तयार गरिएपनि पूर्ण रुपमा कार्यान्यिनमा नआएको,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा सो गरेको पाइएन,

• सबै जिन्सी सामान आम्दानी बाँध्दा स्पेसिफिकेसन समेत खुलाउनु पर्नेमा खुलाएको पाईएन,

• परामर्श सेवा मार्फत गरिएको अध्ययन अनुसन्धानबाट प्राप्त प्रतिवेदनको कार्यान्वियन नगरेको,

• प्रोभिजनल समको भुक्तानी गर्दा लागत अनुमान तयार गरी बिल भर्पाईको आधारमा खर्च गर्नु पर्नेमा निर्माण व्यवसायीले पेश गरेको विजकको आधारमा मात्र भुक्तानी गरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम निर्माण कार्य र परामर्श सेवाको कन्टिन्जेन्सी खर्च स्वीकृत कार्यविधिको आधारमा गर्नु पर्ने व्यवस्था रहेता पनि ठेक्काको नापी कितावमा समेत कन्टिन्जेन्सी खर्च प्रविष्टि गर्नुका साथै तोकीएको कन्टिन्जेन्सी खर्च विवरण स्वीकृत अनुसूचीको ढाँचा अनुसार तयार गरेको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(७) अनुसार सार्वजनिक निकायले बोलपत्रको माध्यमबाट गरिने खरिद कार्यको सम्झौता कार्यान्वियन भई सकेपछि सो कार्य सम्पन्न भएको संक्षिप्त विवरण प्रमाणीत गरी सम्बन्धित सार्वजनिक निकाय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटमा राखी सार्वजनिक गर्नुपर्नेमा गरेको छैन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(३) बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने समयावधि किटान गर्ने गरेको छैन.

• नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) मा प्रविष्ट गरी सिलसिलेवार नम्बर राख्ने, साइट रजिष्टर र आइटमवाइज रजिष्टरको आधारमा नापी किताब प्रयोग गर्नुपर्नेमा नापी किताब नियन्त्रण खाता राखेको छैन,

• त्रैमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक लक्ष्य तोकी बजेट विनियोजन भए पनि सोही बमोजिम खर्च हुने गरेको छैन । आदि.....

पालिकाले आन्तरिक नियन्त्रणलाई सुदृढ बनाउन ऐन, नियममा भएका व्यवस्थाहरुको पालना गर्नुपर्दछ ।

## १० खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू. २८२६०१३२.३८ राजस्व बाँडफाँडबाट रू. १६७६८१५८३.७६, अनुदानबाट रू. ६२३६६९०३२.०० तथा अन्य प्राप्ती रू. ३८०१७०२०८.१४ लगायत रू. १४६७१३१०००.९४ प्राप्ती भएकोमा चालु तर्फ रु. ५४७०४२२७३.८५ तथा अन्यकोष तर्फको भुक्तानी रू. ३७५०२९३९९.४८ र पुँजीगत तर्फ रू. २६६४६३६५३.०० समेत रु. ११८८५३५३२६.३३ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा २.३८ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ४६.०३ प्रतिशत चालु र २२.४२ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

## ११ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१/०३/०७ मा रु. ९७ करोड ८० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।२८ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## १२ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको परिपालनामा ध्यान दिनुपर्दछ।

## १३ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो। उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सfमाजिक विकासमा सबैभन्दा बढी ४२.१५ प्रतिशत र सुशासनमा सबै भन्दा घटीमा ०.४८ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्गकालिन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गर्नु पर्दछ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३६६८९००० | २७६५८७३४ | ३.४० |
| २ | सामाजिक विकास | ३८८८०५८५० | ३४२९२१३५० | ४२.१५ |
| ३ | पूर्वाधार विकास | ३३५६४९५५१ | २४७४०३६३६ | ३०.४१ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५१३२००० | ३९०१२५० | ०.४८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २११७४८५९९ | १९१६२०९५७ | २३.५५ |
| | कुल जम्मा | ९७८०२५००० | ८१३५०५९२७ | १००.०० |

## १४ योजना तर्जुमा तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार रू.१ लाख भन्दा साना ६० योजनामा रू. ४२ लाख ८६ हजार र रू.१ लाख देखि ५ लाख सम्मका १७८ योजनामा रू.४ करोड ९८ लाख ५३ हजार खर्च गरेको देखियो। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन।

| विवरण | योजना संख्या | बजेट खर्च रु |
|---|---|---|
| रु.१ लाख सम्म | ६० | ४२८६२६९ |
| रु.१ देखि ५ लाख सम्म | १७८ | ४९८५३१३३ |
| रु.५ देखि १० लाख सम्म | ३६ | २९६३८२६६ |
| रु.१० देखि २० लाख सम्म | १८ | २७३०५०५० |
| रु.२० देखि ५० लाख सम्म | २२ | ७०३०४८५९ |
| रु.५० लाख देखि माथी | ८ | ८५०७६०७६ |
| जम्मा | ३२२ | २६६४६३६५३ |

## १५ रकमान्तर

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा स्थानिय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ। त्यस्तै स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुदा ३.१ मा पूँजिगत खर्चको रूपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ। यस वर्ष पालिकाले ११६ वटा योजना तथा कार्यक्रमबाट रू.११३०९५७५१ घटाएकोमा २०८ वटा योजना तथा कार्याक्रममा रू.११३१२५७५१।०० वढाएको देखिन्छ। कार्यपालिकाबाट भएको रकमान्तरको निर्णय सभाको मिति २०८१ चैत्र २७ को निर्णयबाट अनुमोदन भएको देखियो।बजेट खर्चलाई बजेट अनुशासन र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

## १६ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नु पर्ने व्यवस्था छ। पालिकाले फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## १७ दायित्व बाकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा बजेट तर्जुमा गर्दा प्रचलित कानून बमोजिम सृजित दायित्वको लेखाजोखा गर्नु पर्ने र अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ को बुँदा न १९(११) मा बजेट अनुमान गर्दा गत वर्षको भुक्तानी दिन बाकी दायित्वको लागि आवश्यक बजेट अनुमान गरे पश्चात मात्र अन्य पुजिगत कार्यक्रमको लागि बजेट अनुमान गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार गत वर्षको भुक्तानी दिन बाकी लगायत क्रमागत तथा अधुरो योजनाको शिर्षकमा रू २२०३४४०९।०० यो वर्ष बजेटमा राखि ब्ययको अनुमान गरिएको छ। आगामी वर्षको लागि समेत दिर्घकालिन अवधिको लागि दायित्व सृजना हुने गरी कार्यक्रम तथा योजना छनौट गर्दा दिगो विकास हुने रोजगारमूलक प्रकृतिका आयोजना छनौट गर्नु पर्ने साना साना

योजनाहरु छनौट गरी सोको लागि थोरै रकम विनियोजन गर्ने र अधुरो योजनाको रुपमा आगामी वर्ष समेत सोही साना योजनाहरुमा बजेट निरन्तर विनियोजन गर्न लगाउने प्रवृत्तिले बजेट खर्च उत्पादनमूलक नहुनुका साथै नयाँ नीति तथा कार्यक्रमको कार्यान्वयनमा समेत प्रभाव परेको देखीयो। अत यस प्रकारको बजेट व्यवस्थापनमा नियन्त्रण कायम हुनु पर्दछ।

| क्र.स. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | नगर रिङ्गरोड १ देखी १२ सम्म | ४२००००० |
| २ | कैलाली जिल्ला घोडाघोडी न पा ३ को २ नं वडा कार्यालय देखी बगुलिया सडक स्तरोउन्नती | २९९९९८६ |
| ३ | वडा नं ८ मा कालोपत्र | २९८४०३१ |
| ४ | आर के डि एग्री फर्म जाने सडक | ६००००० |
| ५ | बगुलिया गाउँको बाटो कालोपत्रे | १०५०००० |
| ६ | सृजना बिकको घर देखी पश्चिम हुँदै विश्ना गिरीको घर सम्मको बाटो कालोपत्रे वडा नं १ | ९८२५६० |
| ७ | सुखड लठुवा सडक | ९५०००० |
| ८ | वडा कार्यालय हुँदै प्रतिखेत जाने बाटो कालोपत्रे | ११६४००० |
| ९ | बनवर्षा जानेबाटो कालोपत्रे | ९४२१५० |
| १० | भलुवा गाउँ जानेबाटो कालोपत्रे | ९०५०७७ |
| ११ | गणेशपुर देखी सिताकुण्ड स्कुल जानेबाटो कालोपत्रे | १२५०००० |
| १२ | घुम्नी भाकल हुँदै मसानघाँट जाने बाटो कालोपत्रे | १०५०००० |
| १३ | बगुलिया गाउँको बाटो कालोपत्रे | १०५०००० |
| १४ | शिखरझाला सरस्वती स्कुल जाने बाटो कालोपत्रे | ९५०००० |
| १५ | जबलपुर बाटो कालोपत्रे | ९५६६०५ |
| | जम्मा | २२०३४४०९ |

१८ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | २६६४६३६५३ | ११५०० | १६४४५३५० | २८५५८१५३ | २२१४४८६५० | १६४८८६४२८ |
| प्रतिशत | १००.०० | ०.०० | ६.१७ | १०.७२ | ८३.११ | ६१.८८ |

जस अनुसार यो वर्ष पुँजिगत खर्च रू. २६ करोड ६५ लाख ६३ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू. ११ हजार, दोस्रो त्रैमासिकमा रू.१ करोड ६४ लाख ४५ हजार अर्थात ६.१७ प्रतिशत, तेस्रो त्रैमासिकमा रू.२ करोड ८५ लाख ५८ हजार अर्थात १०.७२ प्रतिशत र चौथो त्रैमासिकमा रू. २२ करोड १४ लाख ४९ हजार अर्थात ८३.११ प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रू. १६ करोड ४८ लाख ८६ हजार अर्थात ६१.८८ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तिमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१९ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्न बाँकी रकम समावेस गरेर बजेट बनाउनु पर्ने व्यवस्था छ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार कोलेनिकाबाट भुक्तानी बाँकीको विवरण प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ तर पालिकाको हकमा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गराई राख्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रू. १४३३१२४४।०० भुक्तानी दिएको छ। आगामी वर्ष दायित्व सृजना गर्ने गरी बजेट व्यवस्थापन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

| क्र.स. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | नगर रिङ्गरोड १ देखी १२ सम्म | ४२००००० |
| २ | कैलाली जिल्ला घोडाघोडी न पा ३ को २ नं वडा कार्यालय देखी बगुलिया सडक स्तरोउन्नती | २९९९९८६ |
| ३ | वडा नं ८ मा कालोपत्र | २९८४०३१ |
| ४ | बगुलिया गाउँको बाटो कालोपत्रे | १०५०००० |
| ५ | गणेशपुर देखी सिताकुण्ड स्कुल जानेबाटो कालोपत्रे | १२५०००० |
| ६ | बनवर्षा जानेबाटो कालोपत्रे | ९४२१५० |
| ७ | भलुवा गाउँ जानेबाटो कालोपत्रे | ९०५०७७ |
| | जम्मा | **१४३३१२४४** |

२० **खरिद योजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रू. २६ करोड ६४ लाख ६४ हजार पुँजीगत खर्च/खरिद तथा निर्माण कार्य गरेको देखियो। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नु पर्दछ ।

२१ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ।

| कार्यक्रम / योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | १-२५% | २५-५०% | ५०-७५% | ७५-१००% | कुल खर्च |
| २२५२२ | २७३ | ५७ | ५ | १० | १९ | १८२ | ८७७५५२७५.५० |
| ३११०० | ३८४ | ६२ | ४ | ११ | २६ | २८१ | २६६४६३६५३.०० |
| ***जम्मा*** | ६५७ | ११९ | ९ | २१ | ४५ | ४६३ | ३५४२१८९२८.५० |

पालिकाबाट प्राप्त उल्लिखित विवरण अनुसार ६५७ कार्यक्रम तथा आयोजना मध्ये शुन्य प्रगती हुने ११९ योजना तथा कार्यक्रम छ। ७५ प्रतिशत भन्दा बढी प्रगती हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या ४६३ रहेको छ। शुन्य प्रगती हासिल हुनुको कारण बजेट नै अर्को

कार्यक्रम तथा योजनामा रकमान्तर गरी लाने तथा बजेट भएपनि कार्यक्रम कार्यान्वयन नगरेको कारण शुन्य प्रगति भएको देखिन्छ । ६५७ योजना मध्ये बाहेक ५३८ योजना तथा कार्यक्रममा रू.३५ करोड ४२ लाख १९ हजार खर्च गरेको छ। लक्ष्य अनुसारको प्रगती हासिल गर्न पालिकाको ध्यान दिनुपर्छ।

२२ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा प्रत्येक कार्यालयले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गरेको पाइएन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

२३ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४० र यो वर्ष थप भएको १३ गरी कुल ५३ विवाद दर्ता भएकोमा २१ वटा फर्स्योट भई ३२ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| गत**आ.वसम्मफछर्यौटनभएको** | **योआ.वमादर्ताभएको** | **योआ.व. माकुलफछर्यौट** | **बाँकीविवाद** |
|---|---|---|---|
| ४० | १३ | २१ | ३२ |

२४ **सेवा प्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम प्रवाह गरेका सेवाको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउनु पर्दछ।

| विवरण | जम्मा |
|---|---|
| स्वीकृतघरनक्सादर्तापास | २८ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १९३१ |
| मृत्युदर्ता | ४९० |
| बसाईसराईदर्ता | १३,८३,५३५ |
| विवाहदर्ता | ९२७ |
| सम्बन्धविच्छेददर्ता | ५१ |
| नागरिकतासिफारिस | विरण प्राप्त नभएको |
| नाताप्रमाणित | विरण प्राप्त नभएको |
| सर्जिमिनमुचुल्का | विरण प्राप्त नभएको |
| अन्यदर्ता | विरण प्राप्त नभएको |
| **पूर्वाधारविकाससडकनिर्माण** | |
| कालोपत्रेसडकनिर्माण | ६ कि मि |
| कालोपत्रेसडकमर्मत | ३०० मि |
| ग्राभेलसडकनिर्माण | १९ कि मि |
| ग्राभेलसडकमर्मत | ३ कि मि |
| रिटेनिङ्गवालनिर्माण | विरण प्राप्त नभएको |

## २५ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५४ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा ४० दाखिला गरेकोमा १४ वटा निष्क्रिय रहेको विवरण उपलब्ध गराएको छ। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

## २६ अनुदानको अनुगमन

समपुरक तथा बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा न ११ र सुदूर पश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ को बुदा नं. १२ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक

सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार योजनाहरु विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन। तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनु पर्दछ।

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | अनुदान | विनियोजन | खर्च |
|---|---|---|---|---|
| १ | घोडाघोडी बहुमुखी क्याम्पसको सैक्षिक भवन निर्माण | सघ विषेशअनुदान | १३५०००००. | ७४१९२७४. |
| २ | घोडाघोडी क्षेत्रमा धर्मशालानिर्माण योजना | सघ विषेशअनुदान | २००००००००. | ११६११९०४. |
| ३ | नगर रिंग रोड वडा नं. १ देखि१२ सम्म | सघ समपुरकअनुदान | १५०००००००. | ६५०४७८३. |
| ४ | थेबै झिरौखा शिखरझाला जानेबाटो कालोपत्रे वडा नं ९ र १० | प्रदेश - समपुरक | ७५०००००. | ४५३७०४९. |
| ५ | सिमथरी माघी होम स्टे हुदैगैडाखेडा जाने सडक कालोपत्रे वडा नं ४ | प्रदेश - समपुरक | ७५०००००. | ४५३७६३३. |
| | जम्मा | | ६३५०००००. | ३४६१०६४३. |

## २७ कानून निर्माण एवम् कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । पालिकाले हालसम्म ३१ वटा ऐन, १० वटा नियमावली, ३७ कार्यविधि लगायत ९५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

## २८ म्याद ननाघेको पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले देहायको निर्माण व्यवसायीलाई दिएको पेश्कीको ठेक्काको म्याद रहेको र अन्य गत विगतका लेखापरीक्षण प्रतिवेदनमा लगति वेरूजु कायम भएको देखिन्छ । अतः उक्त पेश्की नियम अनुसार फछ्र्यौट गर्नु पर्दछ।

| **क्र.सं.** | **गो.भौ. न.** | **पेश्कीकोविवरण** | **पेश्कीलिने ब्यक्ती, फर्म नाम** | **पेश्की रकम** | |
|---|---|---|---|---|---|
| ७ | १३७ | नगर रिंग रोड वडा नं. १ देखि १२ सम्म | जे वी निर्माण सेवा | १३०००००० | २०८२/०४/०८ सम्म म्याद |
| ३९ | ११५२ | विविध खर्च | प्रमोद चौधरी | १२७०० | २०७७/७८ मा लगती |
| ५५ | ९ | खेलकुद मैदान निर्माण तथा घेरवार वडा नं ९ | खेलकुद मैदान निर्माण तथा घेरवार उ स | २५०००० | २०७८/७९ लगती |
| ६० | ९ | शान्तिनगर डोडा नदीमा तटबन्धन वडा नं १ | शान्तिनगर डोडा नदि तटबन्धन | २५०००० | २०७८/७९ लगती |
| ६१ | ९ | शान्तिनगर पानी निकास वडा नं १ | शान्तिनगरमा पानी निकास | १२५००० | २०७८/७९ लगती |

## २९ म्याद नाघेको पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले देहायका व्यक्ति तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रू. ७२७५७८३२।०० बाँकी रहेको देखिन्छ। म्याद नाघेको फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नु पर्दछ।

| क्र.सं. | गो.भौ. न. | पेश्कीकोविवरण | पेश्कीलिने ब्यक्ती, फर्म नाम | पेश्की रकम |
|---|---|---|---|---|
| १ | ९ | पहलमानपुर राजमार्गदेखी डिविजन वन हुदै तुल्सिपुर, वडा नं ५ का | के स । तेडी । मणिलेक जे.भि. | २४००००० |
| २ | ९ | खानेपानी | कालिजेल निर्माण सेवा | ८०००० |
| ३ | ९ | शिरपुर खापानाला कल्भर्ट निर्माण वडा नं १२ | पारभती निर्माण सेवा | ३००००० |
| ४ | ९ | सरैया डोडा गाँउ जोड्ने झोलुङ्गेपुल वडा नं ५ | पारभती निर्माण सेवा | ७००००० |
| ५ | ९ | गैर आवासीय भवन निर्माण/खरिद | मसिना धनलक्ष्मी जे.भी. | ९९२४६० |
| ६ | ७४ | नगर रिंग रोड वडा नं. १ देखि १२ सम्म | जे वी निर्माण सेवा | २८५०००० |
| ८ | ३९४ | अन्य सार्वजनिक निर्माण | रामारोशन निर्माण सेवा | ६१८००० |
| ९ | ९ | पूँजीगत परामर्श खर्च | एक्सपर्टस् पोइन्ट एण्ड रिसर्च सेन्टर प्रा. लि. | ४७१२१० |
| १० | ९ | पूँजीगत अनुसन्धान तथा परामर्श | एक्सपर्टस् पोइन्ट एण्ड रिसर्च सेन्टर प्रा. लि. | ४७१२१० |
| ११ | ९ | विधुत प्राधिकरणको प्रसारण लाइन सार्ने कार्य | नेपाल विद्युत प्राधिकरण | १००००० |
| १२ | ९ | खानेपानी संरचना निर्माण | मेलघट्टी माध्यमिक विद्यालय | १००००० |
| १३ | ९ | LandScaping | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | १२७५००० |
| १४ | ९ | Retaining Wall | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | २९५०००० |
| १५ | ९ | गुरु योजना (क्रमागत दोस्रो वर्ष) | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | २९५०००० |
| १६ | ९ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | वालविकास अाधारभूत विद्यालय | २००००० |
| १७ | ९ | अटोमेटी धारा वडा भित्र ४ वटा | श्री मोहन्याल अाधारभुत विद्यालय | ९९००० |
| १८ | ९ | विद्यालय भौतिक अवस्था सुधार ( विद्यालय घेरवार, भवनमूर्मत,फर्निचर व्यवस्थापन आदी ) कार्यक्रम | श्री सिताकुण्ड मा.वि गणेशपुर | ४५३१३ |
| १९ | ९ | पूँजीगत अनुसन्धान तथा परामर्श | समाज विकासमा गतिशीलता | ७८०००० |
| २० | ७७ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | श्री दशरथ मा वि | २३९००५४१ |
| २१ | ७७ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | श्री राष्ट्रिय मा.वि.सुखड | २००००००० |
| २२ | ७८ | गैर आवासीय भवन निर्माण/खरिद | कालिका मा.वि. खल्लाखेत | ७००००० |
| २३ | ७८ | अन्य सार्वजनिक निर्माण | राष्ट्रिय मा वि नकफोडुवा | ७००००० |
| २४ | ७८ | गैर आवासीय भवन निर्माण/खरिद | श्री बडातडो आ वि | १२६०००० |
| २५ | ७८ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | श्री बालविकास आधारभुत विद्यालय | १६००००० |
| २६ | ७८ | गैर आवासीय भवन निर्माण/खरिद | श्री मालिका प्रा वि | ५८८००० |
| २७ | ७८ | अन्य सार्वजनिक निर्माण | श्री राष्ट्रिय मा वि देउकलिया | ७००००० |

| | | | | |
|---|---|---|---|---|
| २८ | ७८ | गैर आवासीय भवन निर्माण/खरिद | श्री राष्ट्रिय मा वि रामपुर | १२७७००० |
| २९ | ११५२ | कार्यक्रम खर्च | आरती चौधरी | ६०००० |
| ३० | ११५२ | कार्यक्रम खर्च | एभरेष्ट बैंक लि. | ८००० |
| ३१ | ११५२ | पारिश्रमिक कर्मचारी | कण्ठेश्वर आ वि | ३००००० |
| ३२ | ११५२ | पानी तथा बिजुली | घोडाघोडी नगरपालिका | १०९१८७ |
| ३३ | ११५२ | कार्यक्रम खर्च | जनचेतना युवा बिकास समाज नेपाल | १३२००० |
| ३४ | ११५२ | औषधीउपचार खर्च | ज्योति लाइफ इन्स्योरेन्स कं.ली. | २८४००० |
| ३५ | ११५२ | अन्य सस्था सहायता | तारा कुमारी चौधरी | ५०००० |
| ३६ | ११५२ | कार्यक्रम खर्च | द रोयल युवा क्लब | ४०००० |
| ३७ | ११५२ | कार्यक्रम खर्च | धनिराम चौधरी | ६२००० |
| ३८ | ११५२ | कार्यक्रम खर्च | प्रेम ब.सुनार | ५००० |
| ४० | ११५२ | कार्यक्रम खर्च | पहलमानपुर आधारभुत स्वास्थ्य सेवा केन्द्र | २००००० |
| ४१ | ११५२ | कार्यक्रम खर्च | मेरी आमा | ३५००० |
| ४२ | ११५२ | कार्यक्रम खर्च | मेलघट्टी माध्यमिक विद्यालय | १६३००० |
| ४३ | ११५२ | कार्यक्रम खर्च | लक्ष्मी विकास वैक लि. | ११०४०० |
| ४४ | ११५२ | कार्यक्रम खर्च | वृहत घोडाघोडी ताल तथा पर्यटन विकास वोर्ड | ६२५००० |
| ४५ | ११५२ | विविध खर्च | विष्णु प्रसाद चौधरी | १००००० |
| ४६ | ११५२ | कार्यक्रम खर्च | श्री जनज्योती आ वि सिमथरी | ६३००० |
| ४७ | ११५२ | सरकारीनिकाय~ समिति, प्रतिष्ठान एवं बोर्डहरूलाईसशर्त चालु अनुदान | श्री बडातडो आ वि | १००००० |
| ४८ | ११५२ | पारिश्रमिक कर्मचारी | श्री बालकल्याण आधारभुत विद्यालय | ३००००० |
| ४९ | ११५२ | कार्यक्रम खर्च | श्री लालीगुरास अ ा.वि. गैडाखेडा | ६३००० |
| ५० | ११५२ | कार्यक्रम खर्च | श्री सिताकुण्ड मा वि गणेशपुर | १८००० |
| ५१ | ११५२ | सरकारीनिकाय~ समिति, प्रतिष्ठान एवं बोर्डहरूलाईसशर्त चालु अनुदान | सुखड सामुदायिक सिकाइ केन्द्र | ६१००० |
| ५२ | ११५२ | कार्यक्रम खर्च | सनराईज बैंक लि. | ३६००० |
| ५३ | ११५२ | विविध कार्यक्रम खर्च | होम प्रसाद रिजाल | २४७३१० |
| ५४ | ९ | अ ाकस्मिक भैपरी कार्य | कैवा कैलाशपुर कल्भर्ट निर नाली निर्माण उ.स. | २००००० |
| ५६ | ९ | सिंचा ई संरचना निर्माण | जरही कटान खानेपानी उ स | ६९३००० |
| ५७ | ९ | सुखड लठुवा सडकको उत्तर पश्चिम वेलार र लोहरपुरसिमानाको पश्चिमतिर डोडा नदि तटवन्धन । | डोडा नदि तटबन्धन निर्माण उ.स. | ३५०००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५८ | ९ | अन्य सार्वजनिक निर्माण | बुलबुले बहुमुखी क्याम्पसमा खानेपानी धारा उ.स. | ७०२०० |
| ५९ | ९ | अन्य सार्वजनिक निर्माण | मर्मत सम्भार तथा सडक स्तरोन्नति उ.स. | १६५००० |
| | | कुल जम्मा | | ७२७५७८३२ |

| | |
|---|---|
| पेश्की | ७,२७,५७,८३१ |

३० **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। स्थानीय तहले यो वर्ष विपिन्न नागरिक स्वास्थ्य उपचार व्यवस्थापन प्रणाली, नगरपालिका प्रोग्रेश पोर्टल, स्वास्थ्य सुचना व्यवस्थापन प्रणाली र प्रोफाइल प्रोटल प्रणाली सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. २१२७४९०।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। पालिकाबाट प्राप्त विवरण अनुसार योजना व्यवस्थापन प्रणाली, एकिकृत मोबाइल एप, डकुमेन्ट म्यानेजमेन्ट प्रणाली र डिजिटल नागरिक वडापत्र प्रयोगमा रहेको देखिएन। यस्ता सफ्वेयर स्वीकृति लिई तथा संचालनमा नरहेको सफ्टवेयरको मर्मत गरी प्रयोग गर्नुपर्दछ।

| सि.नं. | सफ्टवेयरको नाम | प्रयोजन | रकम | संचालन | प्राप्त भएको आ.व. | मर्मत सम्भारमा भएको खर्च | प्रयोगमा रहेको/ प्रयोगमा नरहेको |
|---|---|---|---|---|---|---|---|
| १ | अनलाइन व्यवसाय दर्ता व्यवस्थापन प्रणाली | व्यवसाय दर्ता तथा सिफारिस | ३५०००० | रहेको | २०७७।०७८ | नभएको | रहेको |
| २ | व्यक्तिगत घटना सूचना फाराम व्यवस्थापन प्रणाली | पुराना हस्तलिखित घटना दर्ताका सूचना अभिलेख | ३०९७३४.५१ | रहेको | २०७९।०८० | नभएको | रहेको |
| ३ | अनलाइन सिफारिस व्यवस्थापन प्रणाली | वडा कार्यालयबाट गरिने सम्पुर्ण सिफारिसहरू | हस्तान्तरित(GiZ) | रहेको | २०७८।०७९ | भएको | रहेको |
| ४ | योजना व्यवस्थापन प्रणाली | योजना सञ्चालन तथा रिपोर्टिंग | ३३०००० | नरहेको | २०७७।०७८ | नभएको | नरहेको |
| ५ | घर नम्बर व्यवस्थापन प्रणाली | मेट्रिक प्रणाली मार्फत घर नम्बर अनलाइन | हस्तान्तरित(GiZ) | रहेको | २०८०।०८१ | नभएको | रहेको |
| ६ | एकिकृत मोबाइल एप | गुनासो तथा सूचना सम्बोधनका लागि | हस्तान्तरित(GiZ) | रहेको | २०८०।०८१ | नभएको | नरहेको |
| ७ | Document Management System | कागजातहरू स्क्यान गरि राख्ने | हस्तान्तरित(GiZ) | रहेको | २०८०।०८१ | नभएको | नरहेको |
| ८ | डिजिटल नागरिक वडापत्र | नागरिक वडापत्र | हस्तान्तरित(GiZ) | नरहेको (तोडफोड) | २०८०।०८१ | नभएको | नरहेको |
| ९ | विपन्न नागरिक स्वास्थ्य उपचार व्यवस्थापन प्रणाली | दिर्घ रोगीहरूको त्रैमासिक नविकरण तथा विपन्न सिफारिस | ३५०००० | रहेको | २०८१।०८२ | नभएको | रहेको |
| १० | नगरपालिकाको प्रोग्रेश पोर्टल | शाखा तथा वडागत प्रगति विवरण | ९९४४०० | रहेको | २०८१।०८२ | नभएको | रहेको |
| ११ | स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली EHIRRS | | २९१५४० | रहेको | २०८१।०८२ | नभएको | रहेको |
| १२ | प्रोफाइल प्रोटल प्रणाली | | ४९१५५० | रहेको | २०८१।०८२ | नभएको | रहेको |

३१ **मर्मत सम्भार खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्यसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार २ पाङ्ग्रे २८ थान, एम्बुलेन्स ३ थान, स्कारपियो-२ थान र, ट्रीपर -२ थान व्याकहोल्डर, दमकल, एक एक थान रहेकोमा सवारी साधनहरुको मर्मतमा रु. ५४५६४५।०० खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, मर्मत अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो। तोकिएका फारमहरुको प्रयोग गरेको नदेखिएकोले मर्मत खर्चको यथार्थता परीक्षण गर्न सकिएन। मर्मतलाई मितव्ययी बनाउन Public Asset Management System (PAMS) अभिलेखाङ्कन गर्ने तर्फ ध्यान दिनु पर्छ।

३२ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने, अस्थायी दरबन्दी सृजना गर्न नहुने र तयार गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभाबाट स्वीकृत गराउनु पर्ने छ। त्यस्तै

सुदूरपश्चिम स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा ऐन, २०८२ को दाफा ८ मा स्थानीय तहमा स्थानीय सेवाको सङ्गठन संरचना वा दरबन्दी सृजना गर्न तथा त्यस्तो सङ्गठन संरचना वा दरबन्दी पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठन हुने समितिले प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्ने तर कुनै पनि व्यक्तीलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन त्यसरी नियुक्ती पाएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा वापतको रकम नियुक्ति गर्ने अधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ। त्यस्तै स्थानीय स्वास्थ्य सेवा, कम्प्युटर अपरेटर, इन्जिनियरिङ सेवा, माईक सञ्चालक, क्यामेराम्यान, पलम्बर, इलेक्ट्रिसियन, कार्यालय सहयोगी, हलुका सवारी चालक, हेभी सवारी चालक, मालि र स्वीपर पदको स्वीकृत दरबन्दी रिक्त भएको अवस्थामा कार्यालयलाई अति आवश्यक भएमा मन्त्रालयको अनिवार्य सहमतिमा उक्त पदमा प्रचलित कानून बमोजिम करारमा नियुक्ती गर्न सकिनेछ। पालिकामा सघीय मामिला मन्त्रालयले पठाएको दरबन्दी संरचना अनुसार दरबन्दी कायम भएकोमा ४९ जना पालिका तर्फ र ५६ जना स्वास्थ्य तर्फ कारार तथा ज्यालादारीमा कर्मचारी नियुक्त गरेको छ। पालिकाले सगठन सर्भेक्षण गरेको छैन भन्ने स्वास्थ्य सेवा, कार्यालय सहयोगी, हलुका सवारी चालक, हेभी सवारी चालक, मालि र स्वीपर जस्ता पदमा १०५ जना करार तथा ज्यालादारीमा राखी रू. ३३९७२३१७।०० खर्च लेखेको छ। साथै प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो। पालिकाले कानुन बमोजिम संगठन सर्भेक्षण गरी स्थानीय तहको आन्तरिक श्रोत, दरबन्दीको आवश्यकता र औचित्य समेतको अधारमा सङ्गगठन संरचना स्वीकृत गराई प्रदेश किताबखानामा पद दर्ता गराई लोकसेवाबाट पदपुर्तीका लागि ध्यान दिनु पर्छ।

| विवरण | कर्मचारीसंख्या | बार्षिकखर्च |
|---|---|---|
| स्वास्थ्य करार करार तथा ज्यालादारी | ५६ | ९९२००४७ |
| पालिका तर्फ करार तथा ज्यालादारी | ४९ | २४०५२२७१ |
| जम्मा | १०५ | ३३९७२३१७ |

३३ **ईन्धन खर्च**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०८१ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार २ पाङ्ग्रे २८ थान, एम्बुलेन्स ३ थान, स्कारपियो-२ थान र, ट्रीपर -२ थान व्याकहोल्डर, दमकल, एक एक थान रहेकोमा रू. ७९९७७।५९ इन्धनमा खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र दमकल, ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्ण रुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

३४ **नगरपालिका संघलाई भवन निर्माण गर्न अनुदान**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष संघको भवन निर्माण गर्नका लागि रू ५०००००।०० भुक्तानी गरेको देखिन्छ। पालिकाले गरेको खर्चमा मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

३५ **वृत चित्र निर्माण**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **३५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

३६ **बैठक भत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १३३ मा कानूनमा व्यवस्था भएको वा लेखा उत्तरदायी अधिकृतको निर्णय बमोजिम गठन भई एक भन्दा बढी निकायका पदाधिकारी समावेश हुने समितिको बैठक कार्यालय समय अघि वा पछि गर्नु परेमा त्यस्तो बैठकमा उपस्थित हने सदस्यलाई अर्थ मन्त्रालयले तोके बमोजिमको दरमा बैठक भत्ता दिन सकिने व्यवस्था छ। साथै कार्य सञ्चालन निर्देशिका, २०८१ मा बैठक आवश्यक्ता, औचित्यता र उपयुक्ता लगायतका विषयवस्तु स्पष्ट भएको हुनु पर्ने व्यवस्था रहेको छ। पालिकाले खरिद कार्यको मुल्याङ्कन तथा निर्णय गर्दा विभिन्न वैठकमा रू.२३३१८७५।०० भत्ता भुक्तानी भएको देखिन्छ। पालिकाले उक्त बैठक वस्दा कार्यालय समय बाहिर बसेको प्रमाण नभएको र उक्त बैठकमा कार्यालयका कर्मचारी मात्र बस्ने गरेको देखिन्छ तथा खरिद कार्यको मुल्याङ्कन गर्दा एउटा निर्णयका लागि एक वैठक वस्ने गरेको देखिन्छ । यस्ता कार्यमा नियन्त्रण गर्दै कार्यालय समय बाहिर र कार्यालय बाहिरका आमन्त्रीत व्यक्ति भएको अवस्थामा मात्र भत्ता भुक्तानी हुनु पर्छ ।

३७ **बढी भुक्तानी**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३८ **घर भाडा**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले विभिन्न घर धनीसँग सम्झौता गरी वार्षिक रूपमा रू १७३४०००।०० घर भाडा भुक्तानी गरेको छ। पालिकाले घर भाडा सम्झौता गर्दा कार्यालय प्रयोजन उल्लेख गरी घर भाडा सम्झौता गरेको देखिन्छ। यसरी प्रयोजन नखुलाई घर भाडा लिदा आवश्यकता हो वा होइन भन्ने पहिचान गर्न सकिएन। पालिकाको आफ्नै भवन हुदा समेत कार्यालय प्रयोजनका लागि भाडा लिनु औचित्य देखिएन। प्रयोजन नखुलाई लिएको घर भाडामा नियन्त्रण हुनु पर्दछ ।

३९ **विविध खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खाना, खाजा, सभा संचालन तथा अन्य विविध शिर्षकमा रू. ३९१३९६६।५० खर्च गरेको छ। विविध खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्न पालिकाको ध्यान जानु पर्दछ।

४० **दररेट फरकपारी खरिद**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **७००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

४१ **छाडा चौपाया व्यवस्थापन**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ मा स्थानीय स्तरमा वातावरण संरक्षण गर्ने तथा पशु स्वास्थ्य व्यवस्थापनको भूमिका तोकिएको छ । पालिकाले आफ्नो क्षेत्रका सडकमा छाडिएका चौपायको संरक्षण तथा व्यवस्थापन गर्न १० जना हेरालोहरु नियुक्ती गरी रू ६६२४००।०० खर्च भएको छ। पालिकामा हेरालु कति चौपायाको रेख देख गरेको अभिलेख उपलब्ध नगराएको र चौपायाको मल दुध लगायतका चौपाय उपजहरुको समेत हिसाव किताव नराखिएको अवस्था देखीयो। चौपायको उपजलाई व्यवस्थित गरी सोबाट प्राप्त रकमबाट धान्न सकिने गरी चौपाया व्यवस्थापन गर्न पालिकाको ध्यान जानु पर्दछ ।

| **खर्चको शिर्षक** | **संख्या** | **रकम** |
|---|---|---|
| औषधिमा भएको खर्च | | ० |
| चौपायको हेरालो ज्याला | १० | ६६२४०० |
| खोर निर्माणमा भएको खर्च | ४ | विवरणप्राप्त नभएको |
| दान तथा घाँसमा भएको खर्च | | ० |
| गाई वस्तुको संख्या | | विवरणप्राप्त नभएको |

४२ **श्रेष्ता पेश नभएको**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७(१) मा स्थानीय तहले आफ्नो आय तथा व्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट गराउनु पर्ने व्यवस्था छ । पालिकाका देहायका भौचरबाट खर्च गरेको रकम रू. ५०९४३२३।०० श्रेष्ता पेश भएन । लेखापरीक्षणको क्रममा छलफल गर्दा जेनजी आन्दोलनको क्रममा भवनमा आगलागी भएकोले लेखाको श्रेष्ता जोगाउँदा उक्त श्रेष्ता नभेटिएको भएकोले पेश गर्न नसकिएको जनाकारी गराएको छ ।

| गो.भौ.नं. | विवरण | रकम |
|---|---|---|
| १२२ | राजश्व परामर्श समितिको बैठक भत्ता | ३३१५० |
| १७१ | कार्यापालिकाको निर्णय बमोजिम | ३९४३९२ |
| १७२ | खगेन्द्र बहादुको छुट ग्रेड भुक्तानी | १००५८० |
| २४७ | निवेदन बिल भर्पाईको अधारमा पार्टीलाई भुक्तानी | १६२५२ |
| ४९९ | बिल भर्पाईका अधारमा पार्टीलाई भुक्तानी | २१९६६४८ |
| ६१४ | संलग्न कागजात वाप्तको रकम भुक्तानी | ४९२५०० |
| ६१५ | घासको विउँ खरिद बाप्तको रकम भुक्तानी | १६७३२५ |
| ७०६ | बिल भर्पाईका अधारमा भुक्तानी | २६५८८६ |
| ८६० | संलग्न निवेदनका अधारमा भुक्तानी | ९५३३२५ |
| ९७१ | यतायात खर्च रकम भुक्तानी | ९७००० |
| ९९६ | संलग्न निवेदनका अधारमा भुक्तानी | १८१४४७ |
| १०६५ | निवेदन अधारमा भुक्तानी | १९५८१८ |
| | जम्मा | ५०९४३२३ |

४३ **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा

विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी निम्नानुसार रू.१२८१७५८६।०० को कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

४४ **स्वयम सेविका भत्ता**

स्थानीयतह कार्यक्रम संचालन मार्गदर्शन (सशर्त अनुदान मार्फत हस्तान्तरित कार्यक्रम) २०८१/८२ मा सघिय सशर्त कार्यक्रमबाट स्वयम सेविकालाई यतायात खर्चबापत एकमुष्ट १२००० भुक्तानि गर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले स्वास्थय तर्फको सशर्तबाट स्वयम सेविका यतायात खर्च भुक्तानी गरेकोमा गाउँपालिका चालुबाट थप प्रोतसाहनका स्वयमसेविकालाई रू.५२८०००।०० भुक्तानी गरेको छ। यसरी पालिकालाई दिर्घकालिन आर्थिक व्यभार पार्ने गरी कर्मचारी भत्ता वितरण गर्नु हुदैन। खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्दै यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ। पालिकाले यसरी थप आर्थिक व्यभार पारेको रकम नियमित हुनु पर्ने रू....

| | |
|---|---|
| अनियमित भएको | ५,२८,००० |

४५ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रियअनुदान | आन्तरिकआय | आन्तरिकआयप्रतिशत |
|---|---|---|
| ३२८७४३३९६ | २८२६०१३२।३८ | ८.६० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.६० प्रतिशत मात्र रहेको छ। स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

४६ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| गो.भौ.नं./मिति | सुरक्षाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १६३-२०८१/०९/१२ | इलाका प्रहरी कार्यालय, सुख्खड, कैलाली | ना. १ झ १२४९ मर्मत | ९९९९९.३५ |
| २७८-२०८१/१०/०९ | सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेस पहलमानपुर | बा ९२७८ मर्मत | ४४९०० |
| ६९०-२०८२/०२/१८ | जिल्ला ट्राफिक प्रहरी कार्यालय, धनगडी कैलाली | डेस्कटप खरिद | ६०००० |
| | जम्मा | | २०४८९९.३५ |

४७ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष ७० व्यक्तिलाई रू. ८६६६९०।०० आर्थिक सहायता वितरण गरेको देखियो। यस्तो विविध प्रकृतिको खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ ।

४८ **करार शिक्षकको तलव भत्ता**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ को लागि स्वीकृत तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकासित कार्यक्रम कार्यान्वियन पुस्तिकाको खण्ड २ मा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र शिक्षण राहत अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक वाल विकास शिक्षकको तलव भत्ताको लागि वित्तीय हस्तान्तरण मार्फत जाने सशर्त अनुदानबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। त्येसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको कार्यक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारमा लिइने दरवन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। अस्थायी प्रकृतिको दरवन्दी सिर्जना गर्न नहुने व्यवस्था छ। पालिकाले दरबन्दी स्वीकृत नगरी विद्यालयहरुमा शिक्षक करारमा नियुक्त गरी यो वर्ष आन्तरिक श्रोत र राजस्व बाँडफाट स्रोतबाट रू. १८३२५१६०।०० तलब भत्ता वापत भुक्तानी गरेको देखियो। कार्यबोझ र पालिकाको आफ्नो आयको आकार समेतको आधारमा विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातका आधारमा सर्वेक्षण गरेर मात्र शिक्षकको दरबन्दी सिर्जना गरी शिक्षकको तलव खर्च लेख्नुपर्दछ।

## ४९ सामुदायिक वन क्षेत्रको वन पैदावर विक्री

स्थानीय सरकार संचालन ऐन २०४७ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्री गरेको हुन सक्ने देखिएता पनि वन उपभोक्ता समितिहरुले पालिकाबाट कार्ययोजना स्वीकृत गरेको देखिएन। यस सम्बन्धमा अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरुको वन पैदावार विक्रीको आय नियमानुसार पालिकाको संचित कोषमा दाखिला हुनु पर्दछ।

## ५० सघ संस्थालाई अनुदान

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले संघ संस्थाको लागि बजेट विनियोजन गरी रू १९४७००।०० भुक्तानी गरिएको छ । पालिकाले गरेको खर्चमा मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

## ५१ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा निम्नानुसार आन्तरिक आयतर्फ रू.२ करोड ५२ लाख ६६ हजार आय प्राप्त गर्ने अनुमान गरेकोमा रू.२ करोड ८२ लाख ६० हजार आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। करदाता कार्यालयमा दाखिला गर्न आएको अवस्थामा मात्र असुल गर्ने तर अनुगमन गरी सोको लगत राख्ने अभ्यास नभएकोले करदाताको लगत राखी राजस्व असुल गर्ने प्रमाणलीको विकास हुनुपर्दछ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | प्राप्ती |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ३५,००,०००.०० | ६७,६१,१६०.४० |
| २ | ११३१४ | भुमिकर/मालपोत | ५०,००,०००.०० | ३,३१,४२८.८० |
| ३ | ११३१७ | वहालकर | २,९७,०००.०० | २९,३४,९३९.७८ |
| ४ | ११३१८ | वहालविटौरी कर | १,५०,०००.०० | ११,८६०.०० |
| ५ | ११४५१ | सवारीसाधन कर (साना सवारी) | १,५०,०००.०० | ० |
| ६ | ११४७९ | अन्यमनोरञ्जन कर | १,२६,५००.०० | ० |
| ७ | ११६११ | व्यवसायलेभुक्तानी गर्ने | ६३,२५०.०० | १,६५,७००.०० |
| ८ | ११६३१ | कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ६३,२५०.०० | ३,८५०.०० |
| ९ | ११६९१ | अन्यकर | १,३०,०००.०० | ९,४२५.०० |
| १० | १४१५१ | सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | २,५१,७५०.०० | ४,६५,०५०.०० |
| ११ | १४१९१ | पर्यटनशुल्क | १०,००,०००.०० | ० |
| १२ | १४२११ | कृषिउत्पादनको बिक्रीबाट प्राप्त रकम | ६३,२५०.०० | ८००. |
| १३ | १४२१३ | अन्यबिक्रीबाट प्राप्त रकम | ६३,२५०.०० | ० |
| १४ | १४२१६ | निजीधारा वापतको शुल्क | ० | ६,६००.०० |
| १५ | १४२१८ | विद्युतसेवा शुल्क | ० | २८,८००.०० |
| १६ | १४२१९ | अन्यसेवा शुल्क तथा बिक्री | १,२६,५००.०० | ३,२८,०६३.०० |
| १७ | १४२२१ | न्यायिकदस्तूर | १७,२५०.०० | ० |
| १८ | १४२२३ | शिक्षाक्षेत्रको आम्दानी | १,३०,०००.०० | ४,८९,७५०.०० |
| १९ | १४२२४ | परीक्षाशुल्क | १,४०,०००.०० | ७१,२००.०० |
| २० | १४२२५ | यातायातक्षेत्रको आम्दानी | ६,३२,५००.०० | ० |
| २१ | १४२२९ | अन्यप्रशासनिक सेवा शुल्क | ० | १,२०,८००.०० |
| २२ | १४२४१ | पार्किङ्गशुल्क | १,००,०००.०० | ० |
| २३ | १४२४२ | नक्सापासदस्तुर | १५,००,०००.०० | १०,११,६७४.५४ |
| २४ | १४२४३ | सिफारिशदस्तुर | ६९,५७,५००.०० | ५५,७१,१४५.८६ |
| २५ | १४२४४ | व्यक्तिगतघटना दर्ता दस्तुर | ५,००,०००.०० | ८,४८,६०१.०० |
| २६ | १४२४५ | नाताप्रमाणित दस्तुर | १,५०,०००.०० | ३,१८,६००.०० |
| २७ | १४२४९ | अन्यदस्तुर | ५,००,०००.०० | २,५३,७६८.०० |
| २८ | १४२५३ | व्यावसायरजिष्ट्रेशन दस्तुर | १५,००,०००.०० | ८७,१००.०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २९ | १४२५४ | रेडियो/एफ.एम.सञ्चालन दस्तुर | ६३,२५०.०० | ० |
| ३० | १४२६२ | विद्युतसम्बन्धी दस्तुर | ० | ९,९००.०० |
| ३१ | १४२६५ | अन्यक्षेत्रको आय | १,००,०००.०० | ४,१७,०००.०० |
| ३२ | १४३११ | न्यायिकदण्ड, जरिवाना र जफत | १,२६,५००.०० | ० |
| ३३ | १४३१२ | प्रशासनिकदण्ड, जरिवाना र जफत | १,२६,५००.०० | ६०,६७०.०० |
| ३४ | १४५२९ | अन्यराजस्व | १,२६,५००.०० | ३,६४५.०० |
| ३५ | १४६११ | व्यवसायकर | १०,१२,०००.०० | २७,४१,३७८.०० |
| ३६ | १५१११ | बेरूजू | ६,००,०००.०० | ५२,०७,२२३.०० |
| | | जम्मा | २,५२,६६,७५०.०० | २,८२,६०,१३२.३८ |

५२ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. २७४१३७८।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

५३ **विज्ञापन कर**

नेपालको संविधानको अनुसूची ९ को बुदा न ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। पालिकाको आर्थिक ऐन, २०८० मा होर्डिङ् वोर्ड ब्यानर तथा माईकिङ् मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्यख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन। त्यसै गरी पालिकाले सामाजिक सञ्जाल फेसबुक, युट्युव, ईन्सग्राम जस्ता विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन । समाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुलाई समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ ।

५४ **प्रशासकीय संगठन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी संरचना अनुसार पालिका तर्फ ६६ जना र स्वास्थ्य तर्फ २७ जना गरी ९३ जनाको दरबन्दी तेरिज पठाएको देखिन्छ। उक्त दरबन्दी अनुरूप पालिका तर्फ ४१ जना र स्वास्थ्य तर्फ २८ जना गरी ६९ जना स्थायी पद पुर्ती गरेको छ। पालिकामा पालिका तर्फ ४९ कार्यक्रम तर्फ १९ जना, र स्वास्थ्य तर्फ ५६ जना गरी १२४ जना करारमा कर्मचारी नियुक्ती गरेको देखिन्छ। पा प्रमुख प्रशासकीय अधिकृत सहित ६६ दरबन्दी स्वीकृत रहेकोमा ४२ जना स्थायी र ४९ जना करारमा गरी ९० जना पद पूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, सि.डि.ई. कृषि अधिकृत सहित २३ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५५ **तलवी प्रतिवेदन**

सुदूरपश्चिम स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा ऐन, २०८२ को दाफा ४७ मा तलवी प्रतिवेदन पारित नगराई तलव भत्ता भुक्तानी गराउन नहुने व्यवस्था छ साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चं.नं.१८० मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट स्थानीय तहमा खटिएका कर्मचारीहरूको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गर्न परिपत्र गरेको छ। पालिकाले यस वर्ष पालिका तथा स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी रू.४६५४९५२५।४८ तलव खर्च लेखिएको छ। यसरी तलवी प्रतिवेदन पास नगराई खर्च लेखिएकोमा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन। ऐनको व्यवस्था बमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

५६ **पदाधिकारी सुविधा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू. १२३८४५००।०० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू. २८२६०१३२।३८ रहेको छ।जुन आन्तरिक आयको ४३.८२ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

५७ **सामाजिक सुरक्षातर्फ**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखीएका व्यहोरा देहाय बमोजिम छन।

५७.१ **वर्गगत सामाजिक सुरक्षा खर्च:**यस पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत यस बर्षमा विभिन्न ७ बैङ्कमार्फत रू.३०२०५३९८३।०० वितरण गरेको विवरण उपलब्ध गराएकोमा वर्गगत सामाजिक सुरक्षा भत्ता वितरणको विवरण निम्नानुसार छन। सो वितरित रकमको अनुगमन गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५७.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५७.२ **त्रैमासिक वितरण**: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ ९ वडाका लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न ७ बैङ्कमार्फत प्रथम त्रैमासिकमा रू.७००९१४४४।००, दोस्रो त्रैमासिकमा रू.७१३६९३३०।००, तेस्रो त्रैमासिकमा रू.७२४४९१२९।०० र चौथो त्रैमासिकमा रू.७३४९२४३७।०० समेत रू.३०२०५३९८३।०० निकासा गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् । सो वितरित रकमको अनुगमन गर्नुपर्दछ।

| वडा नं. | त्रैमासिक खर्च रकम | | | | जम्मा |
|---|---|---|---|---|---|
| | पहिलो | दोश्रो | तेश्रो | चौथो | |
| १ | ८९४२१५८ | ९१०४२८१ | ९१८३१६८ | ९२४७४३० | ३६४७७०३७ |
| २ | ४८५७७७२ | ४९५५४५८ | ५००६६७१ | ५१५१३९३ | १९९७१२९४ |
| ३ | ६०८१९१५ | ६२२९९३२ | ६३८६४३३ | ६५०४६२८ | २५२०२९०८ |
| ४ | ८९२५८६८ | ९०७१९९८ | ९१७५०८० | ९२२२१३५ | ३६३९५०८१ |
| ५ | ६८८७५७९ | ६९७५५६७ | ७१३०३३९ | ७२९११३९ | २८२८४६२४ |
| ६ | ५७९२०७३ | ५८२६०३२ | ५८४६५६१ | ५८४५०२९ | २३३०९६९५ |
| ७ | २९६९५२८ | ३००५४८५ | ३०९९६३२ | ३२०५८०१ | १२२८०४४६ |
| ८ | ९६३३८५२ | १००३१२०६ | १०३१०८९७ | १०४५३५४९ | ४०४२९५०४ |
| ९ | ५१०१०८५ | ५३०५९१८ | ५४००३३६ | ५४७२६७७ | २१२८००१६ |
| १० | ६६९३७३५ | ६६९९११० | ६७२०५२५ | ६८६५२७६ | २६९७८६४६ |
| ११ | ४२०५८७९ | ४१६४३४३ | ४१८९४८७ | ४२३३३८० | १६७९३०८९ |
| १२ | ३६६०७२० | ३६७३१७५ | ३६६७७५८ | ३६४९९९० | १४६५१६४३ |
| जम्मा | ७००९१४४४ | ७१३६९३३० | ७२४४९१२९ | ७३४९२४३७ | ३०२०५३९८३ |

५७.३ **मृतकको खातामा भत्ता निकासाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ। यस पालिकाले विभिन्न वडाको लाभग्राहीहरुका लागि सामाजिक सुरक्षा भत्ता वितरणका लागि रकम निकासा गरेकोमा बैंकबाट प्राप्त भरपाईमा मृत्यु भइसकेका देहायका व्यक्तिहरुको खातामा समेत नगद जम्मा गरेको पाइयो। पालिकाले प्रत्येक बर्ष लाभग्राहीहरुको विवरण अद्यावधिक गरि मृत्यु भएका तथा विवरण अद्यावधिक नगराएका लाभगाहीको लगत कट्टी गरी बैंकलाई रकम निकासा गर्नुपर्नेमा आ.व. २०८१।८२ मा देहायका मृत्यु भएका व्यक्तिको खातामा समेत रू.१९७८४ ।०० जम्मा गरेको छ। अत: मृत्यु भएका व्यक्तिको खातामा निकासा भएको रू.१९७८४।०० सम्बन्धित खाताबाट फिर्ता ल्याई संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ। रु.

| क्र.सं. | वडा नं. | परिचय नं. | नाम | नागरिकता नं. | लगत कट्टा लागुमिति | लगत कट्टा गरेको मिति | फिर्ता गर्नुपर्नेरू. |
|---|---|---|---|---|---|---|---|
| १ | 1 | 2010052005359 | चुलिया देवि डगौरा थारु | 6730050-2388 | 3/24/2082 | 4/26/2082 | 804 |
| २ | 1 | 2011121026061 | हरु देवी महरा | 241 | 3/16/2082 | 5/18/2082 | 1876 |
| ३ | 4 | 2010080506412 | चिनबुदिया चौधरी | 3/2394-655 | 3/25/2082 | 5/20/2082 | 670 |
| ४ | 1 | 2000051007563 | छेदानी थारु | 67-01-72-08680 | 3/23/2082 | 4/18/2082 | 938 |
| ५ | 4 | 1993123089042 | देब सर्मा न्यौपाने | 932 | 12/1/2081 | 1/8/2082 | 3886 |
| ६ | 1 | 1998123164935 | मोतीराम भट्ट | 8061371 | 12/20/2081 | 1/17/2082 | 1340 |
| ७ | 4 | 1993123089224 | सुके रावल | 1301138 | 6/22/2081 | 8/10/2081 | 1072 |
| ८ | 1 | 2011020100645 | मदन बहादुर सोप | 593 | 3/9/2082 | 5/18/2082 | 2814 |
| ९ | 4 | 2069041202741 | आयुष चौधरी | -- | 2/12/2082 | 6/28/2082 | 6384 |
| | | | | | | जम्मा | 19784 |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **४,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **४,४२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **६६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,७८४ |

५७.४ **निष्कृय खाताः** निष्क्रिय खाताको रकम फिर्ता सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ। राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च.न.६७ मिति २०८१।६।६ अनुसार २०७९ श्रावण १ भन्दा पहिले सामाजिक सुरक्षा भत्ताका लागि खोलिएका खाताहरु निष्क्रिय भएको भए लाभग्राहीको सम्पूर्ण विवरण माग गरी रकम फिर्ता गर्नुपर्ने र Parking वा Settlement account मा रहेको २०८१ असार मसान्त भन्दा पहिलेको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले हालसम्म लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता ७ बैङ्कमार्फत भुक्तानी गर्दै आएको छ। बैंकबाट प्राप्त पत्र अनुसार Parking खाता नरहेको विवरण प्राप्त भएको छ।

५७.५ **ग्राहक पहिचान (KYC) अद्यावधिक नभएका**: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ। बैंकले पालिका बाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भई सक्रिय भए र के कति निश्क्रिय रहेका छन् सो को विवरण उपलब्ध गराएको देखिएन। जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन नसक्ने र खाता दोहोरो पर्न जाने भएकोले बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ।

५७.६ **पारदर्शिता**: सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

५७.७ **अनुगमन तथा निरीक्षण**: सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ।

## ५८ शिक्षा तर्फ

५८.१ **शिक्षक दरवन्दी र पदपूर्तिः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिका अन्तर्गत विभिन्न तहका ५१ वटा सामुदायिक विद्यालयमा १०५ शिक्षक दरवन्दी रहेकोमा १०५ स्थायी शिक्षकको पदपूर्ति रहेको छ। शिक्षक विद्यार्थिको अनुपात हेरी शिक्षकको पदपुर्ति गर्नुपर्दछ।

| तह | दरबन्दी संख्या | पदपूर्ति | | | | रिक्त | विद्यार्थी संख्या | विद्यार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | जम्मा | | | |
| ई सि डि | ० | ० | ० | ७३ | ७३ | ० | १४७४ | १:२० |
| प्राथमिक | ७५ | ७५ | ११८ | ० | १९३ | ० | ५५९७ | १:२९ |
| निम्न माध्यमिक | २० | २० | ४९ | ० | ६९ | ० | ५१७० | १:७५ |
| माध्यमिक | १० | १० | ३२ | ० | ३३ | ० | २९३५ | १:८९ |
| साविक उ मा | ० | ० | २१ | ० | २१ | ० | २१७० | १:१०३ |
| **जम्मा** | **१०५** | **१०५** | **२२०** | **७३** | **३८९** | **०** | **१७३४६** | **१:४५** |

५८.२ **शिक्षक विद्यार्थी अनुपातः** शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। साथै स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुदाँ नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिकास्थित ५१ वटा सामुदायिक विद्यालयमा ४०८ जना शिक्षक तथा १७३४६ जना विद्यार्थी रहेका छन। पालिकाले शून्य तथा न्यून विद्यार्थी भएका विद्यालय अन्य विद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक विद्यार्थीको अनुपात मिलाउनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५८.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५८.३ **पाठ्यपुस्तकः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं.२.४.६.१. मा सार्वजनिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । यसरी अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाव गरी अनुदान उपलब्ध गराउने, विद्यार्थीहरुले शैक्षिक सत्रको सुरुवात मै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहको हुने, जिल्ला तथा स्थानीय तहले पाठ्यपुस्तक समयमा उपलब्धता, अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने लगायतका व्यवस्था छ। पालिकाले यस आ.व.मा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन नगराई IEMIS मा देखिएको शैत्रिक सत्र २०८२ को तथ्याङ्कलाई आधार मानी सामुदायिक विद्यालयतर्फका कक्षा १ देखि १२ सम्मका विद्यार्थीको लागि रू.१०२४५९८५।०० अनुदान दिएको जनाएको छ। विद्यालयका सम्पुर्ण विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको पालिकाले अनुगमन गर्नुपर्दछ।

५८.४ **ICT ल्याब व्यवस्थापनः** कार्यान्वयन पुस्तिका २०८१।८१ मा अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरूप कार्यान्वयन गरे/नगरेको नियमित रूपमा अनुगमन गरी सोको प्रतिवेदन एकप्रति शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले ३ विद्यालयलाई ICT व्यवस्थापनका लागि रु.६५००००।-०० दरले रू.१९५००००।०० बजेट निकासा दिएको पाइयो । उक्त बजेटबाट विद्यालयले ICT का सामान खरिद गरेको देखिन्छ । खरिद गरिएको सामान स्पेशिफिकेशनबमोजिम

हुनुपर्ने भनी उल्लेख भएबमोजिम आपूर्ति भएको भनी विद्यालयले समेत परीक्षण गरेको प्रमाण कागजात संलग्न गरी राखेको छ। पालिकाबाटै Specification अनुसारको मालसामान आए परीक्षण गरी यकिन गरिसकेकोले अनुगमन प्रतिवेदन शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | अनुदानको प्रकार | रकम रु. |
|---|---|---|---|
| १ | राष्ट्रिय मा वि सुखड | आइ सि टी, इ लर्निङ | ६५००००।०० |
| २ | मेलघट्टीमा वि दिपनगर | आइ सि टी, इ लर्निङ | ६५००००।०० |
| ३ | सीताकुण्डमा वि गणेशपुर | आइ सि टी, इ लर्निङ | ६५००००।०० |
| | | **जम्मा** | **१९५००००।००** |

५८.५ **शिक्षकको अभिलेखः** शिक्षा नियमावली, २०५९ को परीच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढुवाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ। पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिवृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण जिल्ला शिक्षा समन्वय ईकाईबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले चौमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। कार्यालयले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पेश नभएकोले पालिकाबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन।

५८.६ **सामुदायिक सिकाई केन्द्रलाई अनुदानः** कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८१।८२ क्रियाकलाप नं २.७.१३.११ मा सामुदायिक सिकाई केन्द्रको संचालन अनुदान निकासाको लागि वार्षिक साधारण सभा भएको, बजेट र कार्यक्रम पास गरेको, लेखापरिक्षण प्रतिवेदन पेश गरेको लगायतका ५ वटा मापदण्ड पुरा भएको अवस्थामा स्थानीय तहले स्थलगत निरीक्षण पश्चात एकमुष्ट रू.३ लाख अनुदान निकासा गर्ने उल्लेख छ। पालिकाले हाल अस्तित्वमा रहेका १ सामुदायिक सिकाई केन्द्रलाई रू.३०००००।०० खर्च गरेको छ। पालिकाले सिकाई केन्द्रहरुमा भएको कार्य प्रगतिलाई नियमित अनुगमन गरेको देखिएन। पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकाको प्रावधान अनुसार अनुदान रकमको उपयोग भएको नियमित अनुगमन गर्नुपर्दछ।

| क्र.स | सिकाई केन्द्रको नाम | रकम रु. |
|---|---|---|
| १ | सुखड सामुदायिक सिकाई केन्द्र | ३००००० |
| | **जम्मा** | **३००,०००।००** |

५८.७ **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS)**: कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा उल्लेख भए अनुसार IEMIS प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको वास्तविक तथ्याङ्कसँग सत्यापन (भिडान) गराई, शिक्षा अधिकृतबाट प्रमाणीत गरी सोहि आधारमा विद्यालयहरुलाई छात्रवृत्ति (छात्रा तथा दलित १-५) प्रति विद्यार्थी रु. ४००।०० का दरले, शैक्षिक सामाग्री तथा बुक कर्नर व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५०।०० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु. २००।०० का दरले, प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.५००।०० का दरले, कक्षा ८ को परीक्षा सञ्चालनका लागि प्रति विद्यार्थी वार्षिक रु.२७५।०० का दरले र दिवा खाजा बाल विकास कक्षा १ देखी कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५।०० का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको वास्तविक तथ्याङ्कसँग सत्यापन गराइएको स्पष्ट आधार देखिएन । यसले गर्दा वास्तविक विद्यार्थी सङ्ख्या भन्दा बढी

निकासा भएको छैन भन्न सकिने आधार भएन। IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको वास्तविक तथ्याङ्क सत्यापन गरी भिडान गरेर मात्र वास्तविक संख्या अनुसार निकासा व्यवस्थापन कार्यान्वयन गर्नुपर्दछ।

५८.८ **विद्यालयमा इन्टरनेटवापतको शुल्कः** २०४।०८२।०३।०८) कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुमा इन्टरनेटको शुल्क वापत आधारभुत (१-५) लाई रू.१२०००।०० आधारभूत तह सञ्चालित विद्यालयहरुलाई रु.१५०००।०० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु.२०,०००।०० अनुदान दिने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित ५१ वटा सामुदायिक विद्यालयहरुलाई इन्टरनेट शुल्कका लागि रु.८०४००००।०० अनुदान रकम निकासा दिएको देखियो । पालिकाले विद्यालयले जडान गरेको तथा नेट संचालन आए नआएको सम्बन्धमा नियमित अनुगमन गर्नुपर्दछ ।

५८.९ **विद्यालयको सामाजिक तथा आर्थिक लेखापरीक्षणः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभूत तह सञ्चालित विद्यालयहरुलाई रु.१०,०००।०० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु.१५,०००।०० अनुदान दिने व्यवस्था छ। पालिकाअन्तर्गत सञ्चालित ५१ वटा सामुदायिक विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि रु.५८५००००।०० अनुदान रकम निकासा दिएको देखियो।अत पालिकाले यसरी दिएको अनुदान रकमको सदुपयोग भए नभएको नियमित अनुगमन गर्नुपर्दछ ।

५८.१० **विद्यालय सुधार योजना निर्माणः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि आधारभूत तहका विद्यालयलाई प्रति विद्यालय रु.१५,०००।०० र माध्यमिक विद्यालयहरुलाई रु.२०,०००।०० का दरले एकमुष्ठ अनुदान दिने उल्लेख छ। यस्तो अनुदान विद्यालय सुधार योजना निर्माण गरेका तथा अद्यावधिक गरेका विद्यालयहरुलाई मात्र उपलब्ध गराउन सकिने व्यवस्था छ। पालिकाले पालिकाभित्रका ५१ वटा विद्यालयहरुलाई विद्यालयलाई सुधार योजना निर्माणको लागि रु.८३५००००।०० निकासा दिएकोमध्ये देहायका ५१ वटा विद्यालयहरुबाट विद्यालय सुधार योजना निर्माण गरी पालिकामा पेश गरेको देखियो । पुस्तिकामा उल्लिखित व्यवस्था बमोजिम विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गरी विद्यालयले योजना अनुरुपको शैक्षिक सुधार कार्यक्रम गरे नगरेको सम्बन्धमा पालिकाबाट लेखाजोखा र अनुगमन हुनुपर्दछ ।

५८.११ **छात्रावृत्ती निकासाः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.११.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुकोलागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरेको छ। त्यसैगरी IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई रकम निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ५१ विद्यालयका २९८५ छात्रा, ५९८ दलित छात्र तथा २६ अपांग विद्यार्थी गरी ३६०९ जनालाई रू.१५३१२००।०० छात्रवृत्ति वितरण गरेको छ। वितरित छात्रवृत्तिको पालिकाले अनुगमन गर्नुपर्दछ ।

५८.१२ **विपन्न लक्षित छात्रवृत्तिः** विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड, २०८० को दफा ६,७,८९,१० र १३ बमोजिम छनौट भएका विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले गत वर्ष र यस वर्षको ६०८ जना विद्यार्थिहरुलाई छात्रवृत्ति वापतको रू.४३६२०००।०० निकासा गरेको छ । छात्रवृत्ति रकमको यथार्थ उपयोग सम्बन्धमा पालिकाबाट आवश्यक अनुगमन हुनुपर्दछ ।

५८.१३ **बालविकास सहजकर्ताः** प्रारम्भिक बालविकास सहजकर्ता सम्बन्धी निर्देशिका, २०६१ को दफा ८ अनुसार बालविकास सहजकर्ताले दिनको चार घण्टा कक्षा संचालन गर्नुपर्ने र प्रत्येक कक्षामा २५ जनासम्म बालबालिका राख्नुपर्ने व्यवस्था छ । प्रत्येक सहजकर्तालाई संघीय सशर्ततर्फ प्रति महिना रु.१००००।०० का दरले निकासा गरेको छ । पालिका अन्तर्गत देहायका विद्यालयहरुमा बालविकास

सहजकर्ता तथा विद्यार्थी सङ्ख्या देहायअनुसार रहेको छ। विद्यालयहरूमा विद्यार्थी संख्या न्यून रहेको देखिन्छ । पालिकाले प्रारम्भिक बालविकास सहजकर्ताहरूको संख्या पुनरावलोकन गरी थप व्ययभार घटाउनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ५८.१३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५८.१४ **दिवा खाजा अनुगमनः** आर्थिक वर्ष २०८१/८२ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम पुस्तिका २०८१/८२ अनुसार दिवा खाजा वितरणको निरन्तर अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले दिवा खाजा वितरणको सत्यापन गर्दाम IEMIS अनुसार, विद्यालयबाट प्राप्त हाजिर रजिष्टर तथा दिवा खाजाका लागि माग भई आएको संख्यामा जुन कम छ त्यसैलाई आधारमानि निकासा गरिएको देखिन्छ। सो खर्चको नियमित अनुगमन गरी प्रतिवेदन समावेश गर्नुपर्दछ।

५८.१५ **दिवा खाजाः** आर्थिक वर्ष २०८१/८२ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम पुस्तिका २०८१/८२ को अनुसूची ४(ख) मा ४ देखि १२ बर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सुक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचीले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ। पालिकाले शसर्त अनुदानबाट कुल ५१ विद्यालयका लागि दिवा खाजा वापत रू.१५४४६७९३।०० विद्यालयको खातामा निकासा गरेको पाइयो। निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र सम्बन्धित निकायबाट अनुगमन गरी यससँग सम्बन्धित निकायले सहि सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ।

५८.१६ **छात्रवृत्ति सहायता सार्वजनिकिकरणः** नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनुपर्दछ।

५८.१७ **प्रति विद्यार्थी लागतका आधारमा अनुदानः** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१/८२ को क्रियाकलाप नम्बर २.७.१३.१३ मा प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अर्न्तगत विद्यालयलाई अनुदान निकासा पश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। यस वर्ष ५१ वटा विद्यालयमा १७३४६ विद्यार्थि रहेकोमा प्रति विद्यार्थि लागतका आधारमा अनुदान रू.३८३३३००।०० निकासा भएको छ। सोको उपयोगको प्रगति तथा खर्चको पुष्ट्याई हुने प्रतिवेदन वनाउनु पर्दछ। अत: कार्यक्रम कार्यान्वियन पुस्तिकाको पालना हुनुपर्दछ।

५८.१८ **प्रति विद्यार्थी लागतका आधारमा अनुदानः** (१४७।०८२।०२।१८) कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१/८२ को क्रियाकलाप नम्बर २.७.१३.५० को २.६ मा प्राविधिक धार कक्षा ९-१२ संचालिक विद्यालयलाई प्रति विद्यार्थी लागतका आधारमा ओजेटी मा समावेश हुने विद्यार्थीलाई अनुदान वितरण गरी सोको प्रगती प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ। विद्यालयलाई प्रति विद्यार्थी रू.१५०००।०० का दरले ९० जनालाई रू.१३५००००।०० अनुदान निकासा गरेको छ। सो अनुदान पश्चात ओजेटीमा समावेश भएका विद्यार्थीहरुको ओजेटी प्रतिवेदन पेस गरेको पाइएन । सो प्रतिवेदनको प्रमाण पेस गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,५०,००० |

५८.१९ **प्रति विद्यार्थी लागतः** विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका ३२ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार विद्यालयलाई भएको कूल निकासाको आधारमा प्रति विद्यार्थी लागतको विवरण निम्नानुसार छन। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गतका निम्नानुसार ३२ सामुदायिक विद्यालयलाई यो वर्ष कूल रू.१५०७८७९७५।०० चालु खर्चको लागि भएको निकासाको आधारमा प्रति विद्यार्थी लागत निम्नानुसार देखियो। प्राप्त विवरण अनुसार श्री बाल आ वि खोपामा प्रति विद्यार्थी लागत सबै भन्दा धेरै रू. ५९४८०।०० र श्री बालज्योति आ वि जरहीमा सबै भन्दा कम रू.७२८५।०० खर्च देखिएको छ। प्रति विद्यार्थी लागतमा अस्वभाविक भिन्नता देखिनु मनासिव देखिदैन। अस्वभाविक प्रति विद्यार्थी लागत भएको विद्यालयलाई अन्य विद्यालयहरुमा समायोजन गर्न आवश्यक अध्ययन गर्नुपर्दछ।

| सि.नं. | विद्यालयको नाम | जम्मा रकम | जम्मा विद्यार्थी | प्रतिविद्यार्थी लागत |
|---|---|---|---|---|
| १ | श्रीराष्ट्रिय मा वि सुखड | १५१७३८९५ | ११२६ | १३४७६ |
| २ | श्रीविराट सनातन धर्म सस्कृत वेद विद्याश्रम मा वि | ५२४३२४४ | १७६ | २९७९१ |
| ३ | जनज्योतिमा वि सुन्दरपुर | ६२१८३०७ | ५४३ | ११४५२ |
| ४ | छडिमा वि वेलार | ८१८९५८९ | ६३३ | १२९३८ |
| ५ | कपिलमुनी आ वि लक्ष्मीपुर | २७२२९२३ | १०३ | २६४३६ |
| ६ | कालिकाआ वि सिङरुवा | १९७२३१४ | ३६ | ५४७८७ |
| ७ | सनातनधर्मसस्कृत वेदविद्याश्रम | ८००७४२ | १५ | ५३३८३ |
| ८ | दशरथमा वि साडेपानी | १२३११२६२ | ९९३ | १२३९८ |
| ९ | चौडयालआ वि शिरानगर | ४२१०४१५ | २२२ | १८९६६ |
| १० | मालिकाआ वि थुम्की | २२०६७१२ | ६१ | ३६१७६ |
| ११ | मोहन्यालआ वि नारायणपुर | ५०६९०१९ | १८५ | २७४०० |
| १२ | सरस्वतीआ वि निम्दी | ५६२९७६८ | २८६ | १९६८५ |
| १३ | समैजीआ वि जुरपानी | ६१९२२८२ | २८८ | २१५०१ |
| १४ | गंगरीआ वि बगुलिया | ४२९४६६४ | १७३ | २४८२५ |
| १५ | सीताकुण्डमा वि गणेशपुर | ११८५२३८१ | ६१२ | १९३६७ |
| १६ | राष्ट्रियमा वि रामपुर | ७४०६६७५ | ५३७ | १३७९३ |
| १७ | मेलघट्टीआ वि जनकपुर | ४३९२०१४ | २०१ | २१८५१ |
| १८ | घोडाघोडीआ वि सुन्दरपुर | ४५८६७५६ | १५९ | २८८४८ |
| १९ | जनज्योतिआ वि सिम्तरी | ४७४५८६२ | २७४ | १७३२१ |
| २० | नवप्रभातआ वि माघी | १४९९७९१ | ४७ | ३१९१० |
| २१ | राष्ट्रियलालिगुराँस आ वि गैडाखेडा | १३१२८४२ | ७८ | १६८३१ |
| २२ | दरखमा वि हरिनगर | ११३६८७२७ | ८८७ | १२८१७ |
| २३ | राष्ट्रियमा वि देवकलिया | ६९५९७३८ | ३३३ | २०९०० |
| २४ | जनताआ वि सरैया | ३६०६७०१ | २४४ | १४७८२ |
| २५ | जनप्रियआ वि फारम ख | ३९५४२२४ | ३११ | १२७१५ |
| २६ | कालिकाआ वि सितलपुर | १७०४८०९ | ३७ | ४६०७६ |
| २७ | बडातडोमा वि बछुरिया | ४९५६५०३ | ४६४ | १०६८२ |
| २८ | सरस्वतीआ वि बसन्ता | ४०६७३३९ | ३९९ | १०१९४ |
| २९ | बालकल्याणआ वि करैचा | ४५०११५३ | २५८ | १७४४६ |
| ३० | कण्ठेश्वरआ वि किर्तीपुर | ३१४९८६२ | १५३ | २०५८७ |
| ३१ | राष्ट्रियमा वि तारानगर | १३८७९२७७ | १४५८ | ९५१९ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | मेलघट्टीमा वि दिपनगर | १०४५८१३० | ६२८ | १६६५३ |
| ३३ | बालज्योतिआ वि जरही | ५३११०६० | ७२९ | ७२८५ |
| ३४ | मोहनीआ वि तिलकनगर | ३०७१७८६ | १६२ | १८९६२ |
| ३५ | भैरबआ वि लठौवा | ५००९७३६ | २६७ | १८७६३ |
| ३६ | जनप्रगतिआ वि डोडापारी | ३३३६७११ | १०१ | ३३०३७ |
| ३७ | अनुग्रहआ वि आम्फाटा | १८४८५६२ | ६५ | २८४३९ |
| ३८ | सरस्वतीमा वि शिखरझाला | ६२१००५० | १९४ | ३२०११ |
| ३९ | कालिकामा वि खल्लाखेत | ६३९१९२० | ३३४ | १९१३७ |
| ४० | राष्ट्रियजनता आ वि फारम क | ३६६५५८८ | १६७ | २१९५० |
| ४१ | मोहन्यालआ वि गोदनी | २३४६५०१ | ९५ | २४७०० |
| ४२ | शान्तिआ वि रतिपुर | ५५९७६० | ३६ | १५५४९ |
| ४३ | कान्तिराज्यलक्ष्मीमा वि पहलमानपुर | १३९५४६९२ | १४७७ | ९४४८ |
| ४४ | जनकल्याणमा वि थेवै | ५५८८७५४ | २७१ | २०६२३ |
| ४५ | बालविकासआ वि आमखोइया | ३५७४४०५ | २५९ | १३८०१ |
| ४६ | अमरशहिद स्मृति आ वि लठैया | ४४४७०५७ | २५४ | १७५०८ |
| ४७ | पहलमानसिहमेमोरियल मा वि आम्वासा | १४९१५४७२ | ४२४ | ३५१७८ |
| ४८ | जनताआ वि तप्पा | ३५२५१०३ | १६२ | २१७६० |
| ४९ | आदर्शआ वि भलौवा | १८३३९७४ | ७७ | २३८१८ |
| ५० | राष्ट्रियमा वि नकफोडुवा | ८४९३१४० | ३१५ | २६९६२ |
| ५१ | बालआ वि खोपा | २२००७७५ | ३७ | ५९४८० |
| | **जम्मा** | **२७९९८७९६५** | **१७३४६** | **१६१४१** |

५८.२० **न्यून विद्यार्थी भएका विद्यालय:** शिक्षा नियमावली २०५९ को नियम ७७ को उपनियम (१) अनुसार सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका र तराई पहाडी र हिमाली क्षेत्रमा क्रमशः ५० ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२ (क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएको अवस्थामा विद्यालयलाई गाभ्न सकिने व्यवस्था गरिएको छ। पालिकाका देहायका विद्यालयमा अति न्यून विद्यार्थी संख्या रहेको तथा प्रति विद्यार्थी लागत पनि बढी रहेको पाइयो । अत न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

| सि.नं. | विद्यालयको नाम | स्थायी | राहत | पालिका शिक्षक अनुदान | जम्मा शिक्षक | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कालिका आ वि सिङरुवा | ० | ४ | | ४ | ३६ | १:९ | ५४७८७ |
| २ | सनातन धर्मसस्कृत वेदविद्याश्रम | ० | ० | | १ | १५ | १:१५ | ५३३८३ |
| ३ | कालिका आ वि सितलपुर | ० | ३ | १ | ४ | ३७ | १:९ | ४६०७६ |
| ४ | बाल आ वि खोपा | ० | ३ | | ३ | ३७ | १:१२ | ५९४८० |
| | **जम्मा** | **०** | **१०** | **१** | **११** | **१२५** | **१:११** | |

५८.२१ **बढी सहजकर्ता नियुक्तीः** प्रारम्भिक बालविकास सहजकर्ता सम्बन्धी निर्देशिका, २०६१ अनुसार एक कक्षामा २५ जनासम्म बालबालिका बराबर एक सहजकर्ता राख्नुपर्ने प्रावधान रहेको छ । देहायका विद्यालयहरूले यो मापदण्डको पालना नगरी २५ भन्दा कम विद्यार्थी भएका कक्षामा पनि एकभन्दा बढी अर्थात २ जनासम्म बालविकास सहजकर्ताहरू नियुक्त गरेका छन्, जसका कारण कुल ७ जना बढी सहजकर्ताको प्रतिमहिना रु.१००००।०० का दरले ८४००००।०० बढी व्यभार पर्न गई सरकारी खर्चमा अनावश्यक भार परेको छ । कतिपय विद्यालयहरूमा विद्यार्थी संख्या न्यून हुँदा पनिबढी सहजकर्ताको व्यवस्थापन भएको देखिन्छ । पालिकाले प्रारम्भिक बालविकास सहजकर्ताहरूको संख्या पुनरावलोकन गरी थप व्ययभार घटाउदै विद्यार्थिसंख्या अनुसार अनुपात मिलाई सहजकर्ता व्यवस्थापन गर्नुपर्दछ ।

| क्र.सं | विद्यालयको नाम | वालविकास शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात | १:२५ बमोजिम हुने बढी सहजकर्ता |
|---|---|---|---|---|---|
| १ | आदर्श आ वि भलौवा | २ | १६ | १:८ | १ |
| २ | अमर शहिद स्मृति आ वि लठैया | ४ | ५१ | १:१३ | २ |
| ३ | कान्तिराज्यलक्ष्मी मा वि पहलमानपुर | २ | १९ | १:१० | १ |
| ४ | राष्ट्रिय मा वि देवकलिया | २ | २३ | १:१२ | १ |
| ५ | घोडाघोडी आ वि सुन्दरपुर | २ | १९ | १:१० | १ |
| ६ | समैजी आ वि जुरपानी | ३ | ५७ | १:१९ | १ |
| | **जम्मा** | **१५** | **१८५** | **१:१२** | **७** |

अनियमित भएको

५८.२२ **अनुगमन नियमन व्यवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण सिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

५८.२३

**शैक्षिक गुणस्तरः** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानुपर्दछ।

५९ **वृत्तचित्र निर्माण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगे जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले वृत चित्र निर्माण गर्नका लागि देहायका सेवा प्रदायकलाई रू.४४०३४६।०० भुक्तानी गरेको देखियो। पालिकाले वृत चित्र निर्माण गरेकोमा खर्च भएर नजाने जिन्सी दाखिला प्रतिवेदन, मिति समय खुलाई मिडिया गृहबाट प्रसारण भएको प्रमाण पत्र, सुचना तथा सञ्चार प्रविधी मन्त्रालय र नेपाल पर्यटन वोर्डबाट पुर्व उत्पादन अनुमति समेत लिएको देखिएन त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। यस्ता वृत्त चित्रहरुको निर्माणले पालिकामा के कति लाभ भयो र कति संख्यामा जनता लाभान्वित भए भनि अनुगमन, मुल्याङ्कन र पृष्ठपोषण गरेको पाइएन । जसबाट उक्त वृतचित्र उत्पादनको औचित्य देखिदैन। उत्पादित वृत्तचित्र कुन-कुन संचार माध्यमबाट कति पटक प्रसारण भयो, सोको पुष्टी हुने प्रमाण वा प्रसारण सर्टिफिकेट संलग्न छैन र स्वीकृत कार्यक्षेत्र अनुसार वृत्तचित्र निर्माण भए नभएको प्राविधिक जाँच गराई कार्य सम्पन्न प्रतिवेदन पेश भएको देखिएन। अतः यस्ता अनुत्पादक खर्चहरु नियन्त्रण गर्दै वृच चित्र निर्माण गरेको जिन्सी दाखिला प्रतिवेदन, प्रसारण गरेको प्रमाण सुचना तथा सञ्चार प्रविधी मन्त्रालय र नेपाल पर्यटन वोर्डबाट निर्माणको अनुमति लिएको प्रमाणका साथै, कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रू.

| **गो.भौ/ मिति** | **मिडियाको नाम** | **भुक्तानी रकम** | **बापत** | **कैफियत** |
|---|---|---|---|---|
| २४४-२०८२।३।२३ | सरल मिडिया प्रा.लि | ९८५७३।०० | शिक्षाका कुरा (वृत्त चित्र) | दाखिला नभएको |
| १०२५-२०८२।३।२३ | सरल मिडिया प्रा.लि | ३३३२७३।०० | बृत्त चित्र (विकास निर्माण झल्किने) | दाखिला नभएको |
| | **जम्मा** | **४३१८४६।००** | | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **८५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,३१,८४६ |

६० **कृषि पकेट क्षेत्र कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ को बुदाँ नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पकेट विकास कार्यक्रम अन्तर्गत आलु पकेटमा यो वर्षमा कार्यक्रम, तालिम र ५० प्रतिशत अनुदानमा रू.१२०००००।०० खर्च भएको छ र अन्य कृषि सम्बन्धी कार्यक्रम सञ्चालन गरेको छ । पालिकाले एकिकृत रूपमा पकेट विकास हुने गरि कार्यक्रम सञ्चालन नगरि पटक

पटक कृषि औजार र विउ विजन खरिदको आधारमा अनुदान उपलब्ध गराइ खर्च गरेको देखियो । खर्च रकमको अनुगमन गरी मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन । जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भएको नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन हुन र गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन । अतः कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रु. | खर्च रु. | लाभग्राही | उपलब्धी |
|---|---|---|---|---|---|
| १ | किसान सूचीकरण कार्यक्रम | ३००००० | २९८००० | जम्मा १०५५९ जनाको विवरण आएको | पुर्ण विवरण-२१९०वटा, अपुर्ण विवरण-४८६ वटा, स्विकृत-७८३७ वटा र अस्विकृत-४६ जना गरि जम्मा १०५५९ रहेको छ । |
| २ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम | ६०००० | ६०००० | | १० वटा गणना क्षेत्र निर्धारण गरी गणक मार्फत कृषकको तथ्याङ्क संकलन भईरहेको वडा नं १ मा प्रथम चरणको विवरण संकलन सम्पन्न |
| ३ | आ.व.२०८१/८२ मा नयाँ आलु पकेट विकास कार्यक्रम | १२००००० | १२००००० | दिप ज्योती आलु उत्पादन सहकारी वडा नं.८ दिपनगर | ८५ जना कृषकको ६११ कठ्ठा क्षेत्रफलमा आलु खेती गरि ६२९ मे.ट. आलु उत्पादन बाट प्रति के.जि. रु ३० का दरले १,८८,७९,९००/-(अक्षरुपी- एक करोड अठासि लाख उनासी हजार नौ सय) आम्दानी भएको |
| ४ | मसिना तथा बास्नादार धान प्रवर्द्धन कार्यक्रम | १०००००० | १०००००० | १. ग्रामिण बहुउद्देश्यिय कृषि सहकारी संस्था वडा नं.१० , २.जिविका कृषि सहकारी संस्था वडा नं.१० पहलमानपुर, ३.ज्वाला पञ्चकोशी कृषि सहकारी संस्था लि. वडा नं. १ लक्ष्मिपर र ४. शान्तिनगर कृषि सहकारी कृषि सहकारी वडा नं.१ सुखड | चार वटै सहकारीमा आवद्ध २०२ जना कृषकले ९३ हेक्टरमा मसिना धान खेती गरेको । |
| | **जम्मा** | **३१०००००।००** | **२५५८०००।००** | | |

६१ **उपकरण परिचालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ बमोजिम खर्च गर्दा उपलब्धि सुनिश्चित गर्नुपर्ने उल्लेख छ । पालिकामा निम्नानुसार उपकरण रहेका र उपकरणको चालक, इन्धन र मर्मत खर्च लेखेका अवस्थामा ति उपकरण उपयोग, आय र परिचालनको लगसिट लगानी र आय विश्लेषण गरी व्यवस्थित राखेको पाइएन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरीने सेवाको आय र व्यय देखिने गरी व्यवस्थित अभिलेख राख्नुपर्दछ ।

| क्र.सं. | सवारी विवरण | थान | प्रयोग गर्ने | इन्धन लागत (लि ) | मर्मत, बिमा, नविकरण खर्च | जनशक्ति लागत खर्च रू | आय | बचत |
|---|---|---|---|---|---|---|---|---|
| १ | व्याकहुइलोडर | १ | कार्यालय | ४७७८ | ८९०६१०।०० | ३२५०००।०० | ० | उल्लेख नभएको |
| २ | ट्रिपर | १ | कार्यालय | ९३७ | ७२७०४।०० | ३२५०००।०० | उल्लेख नभएको | उल्लेख नभएको |
| ३ | एम्बुलेन्स | ३ | कार्यालय | ९८५९ | १५२८३८६।०० | १००१७४०।०० | १५३९२००।०० | ११२७९३ |
| ४ | जेनेरेटर | १ | कार्यालय | १७३८ | ५४७४५।०० | ० | ० | ० |
| ५ | मोटरसिकल/ स्कुटर | २८ | कार्यालय | ६७२० | १५६८६९७।०० | ० | | |
| ६ | दमकल | १ | | ५३९ | ५६५०७१।०० | ३२५०००।०० | ० | |

## ६२ OUT SOURCING बाट कार्यक्रम सञ्चालन

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालीम, अभिमुखिकरण, सवलीकरण, मूलप्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराँउदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारी संस्था वा अन्य संस्थाबाट त्यस्तो कार्य गराउन वा सेवा प्रवाह गर्न सक्ने उल्लेख छ । पालिकाले निम्नानुसार सीप बिकास स्वास्थ्य, कृषि जस्ता विषयगत तालिम कार्यक्रम देहायका संस्थामार्फत बिना प्रतिशपर्धा सोझै गराएको पाईयो । कार्यालयमा विषयगत शाखा र सो सम्बन्धि मौजुदा जनशक्ति रहेकोमा वाह्य संस्थाबाट काम गराउँदा तालिम कार्यक्रमको कार्यक्षेत्रगत शर्त र संस्था छनौटको आधार देखिएन । यसरी बिना प्रतिशपर्धा Out Sourcing बाट कार्य गराउँदा लागत प्रवाही नहुने, कार्यालयका प्राबिधिक ज्ञान तथा सीप भएका कर्मचारीको कार्य अनुभव र दक्षताको प्रयोग नहुने साथै सरकारको दोहोरो खर्च हुने भएको हुँदा बाह्य संस्थाबाट तालिम लगायतका कार्यक्रम सञ्चालनको औचित्य पुष्टी हुन सकेन । यसरी छनौटको आधार, तालिम कार्यक्रमको कार्यक्षेत्रगत शर्त समेत उल्लेख नगरी बिना प्रतिशपर्धा Out Sourcing मा भएको खर्च नियमित हुनुपर्दछ ।

| गा.भौ/ मिति | तालिम दिने फर्म/ सस्थाको नाम | भुक्तानी रकम | तालिम कार्यक्रमको नाम |
|---|---|---|---|
| १५२-२०८२।२।२० | सेती ट्रेनिङ एण्ड रिसर्च सेन्टर, डोटी | ५६३८७०।०० | कार्यस्थलमा आधारीत सिप विकास तालिम र जिवन उपयोगी सिप तालिम |
| २४२-२०८२।३।२२ | घोडाघोडी मल्टिपर्पोज एण्ड रिसर्च सेन्टेर, घोडाघोडी, ५-कैलाली | ५००,०००।०० | कमलहरी व्यवसायिक सिप विकास ३ महिने तालिम |
| | **जम्मा** | **१०६३८७०।००** | |

| अनियमित भएको | १०,६३,८७० |
|---|---|

## ६३ रोजगार सेवा केन्द्रतर्फ

६३.१ **बेराजगारको प्राथामीकेकरणः** स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवम सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २१ बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर सुचीमा समावेश भएका ५६३३ जनाहरुलाई प्राथामिकीकरण गरी प्राथामिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले बेरोजगारको सूचिमा समावेशलाई प्राथामिकिकरण गरेपनि प्राथमिकताका आधारमा रोजगार प्रदान गरेको छैन। कामका लागि रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी धेरै संख्यामा योजना छनोट भएको पूर्वाधार एवम अन्य विकास निर्माणका लागि अधिकांश योजना छनोट नभई अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनोट भएका छन। साथै श्रमिकको संख्या पनि धेरै रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हासिल गर्ने गरी कार्यान्वयन भएको पाइएन।

६३.२

**प्रधानमन्त्री रोजगार कार्यक्रम:**प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २२ मा रोजगार प्राप्त व्यक्तिले काम गर्न इन्कार गरेमा मात्र रोजगार सेवा केन्द्रले बेरोजगार व्याक्तिको सुचिबाट हटाउन सक्ने व्यवस्था छ। साथै प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्न सशर्त अनुदान निकासा सम्बन्धी प्रेश विज्ञप्ति २०७६ फागुन २ को बुँदा (५) बमोजिम निर्णय गर्दा प्राथमिकताक्रममा परेका बहुसंख्यक सूचिकृत बेरोजगार व्यक्ति र प्राथमिकता क्रममा परेका आयोजना फरक फरक वडामा पर्न गएमा त्यस्ता बहुसंख्यक सूचिकृत बेरोजगार व्यक्तिहरुलाई काममा खटाउने गरी कार्यपालिकाको निर्णयबाट त्यसभन्दा तल्लो प्राथमिकताक्रममा रहेका आयोजनाहरु समेत कार्यान्वयन गर्न सकिने व्यवस्था छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका १२ वडाको योजना छनौट गरी ७ वडामा यसबर्ष ४५ जनालाई रोजगारी उपलव्ध गराई प्रति दिन रू.६६८ को दरले रू.२८०५६००।०० ज्याला खर्च गरेको विवरण पालिकाले उपलब्ध गराएको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले योजनामा दोहोरोपना नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ।

| वडा न. | बेरोजगार संख्या | रोजगार प्राप्त गरेको संख्या | रोजगार प्राप्त गरेको दिन | प्रति व्याक्ति रोजगार प्राप्त गरेको दिन | कुल खर्च | प्रति व्यक्ति औषत रोजगारी आय | रोजगार प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| २ | ३०६ | ६ | १०० | १०० | ४००८०० | ४००८ | १.९ |
| ६ | ३१६ | ७ | १०० | १०० | ४००८०० | ४००८ | २.२ |
| ७ | ३७६ | ७ | १०० | १०० | ४००८०० | ४००८ | १.९ |
| ८ | ३५५ | ७ | १०० | १०० | ४००८०० | ४००८ | १.९ |
| ९ | २७६ | ६ | १०० | १०० | ४००८०० | ४००८ | २.१७ |
| १० | २९१ | ६ | १०० | १०० | ४००८०० | ४००८ | २.१ |
| १२ | २९९ | ६ | १०० | १०० | ४००८०० | ४००८ | २.० |
| जम्मा | २२१९ | ४५ | | | २८०५६०० | | |

६३.३ **विश्च बैंक (आईडिए स्रोत) रोजगारी सृजना कार्यक्रम:** युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ अनुसार कम्तिमा १०० दिनका लागि रोजगारी प्रदान गर्नुपर्ने तथा परिच्छेद ५ को दफा ३२ मा १०० दिन मध्ये ५० दिन सिप विकास तालिम प्रदान गर्नुपर्ने व्यवस्था छ। साथै प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ अनुसार ज्याला प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले विश्व बैंकको (आइडिए) कार्यक्रम अन्तर्गत १२ वडाहरुमा योजना छनौट गरी ४० जनालाई ५० दिन सिप विकास तालिम तथा ५० दिन रोजगार प्रदान गरी प्रति दिन रू.६६८।०० ज्याला दरले रू.२६७२०००।०० खर्च गरेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले योजनामा दोहोरोपना नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ।

| वडा नं | सूचिकृत बेरोजगार | रोजगार प्राप्त गरेको संख्या | तालिम प्राप्त गरेको दिन | रोजगार प्राप्त गरेको दिन | कुल खर्च | प्रति व्यक्ति औषत रोजगारी आय | रोजगारी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ४९४ | ८ | ५० | ५० | ५३४४०० | ५३४४ | १.६ |
| ३ | ९५४ | ८ | ५० | ५० | ५३४४०० | ५३४४ | ०.८ |
| ४ | ६५९ | ८ | ५० | ५० | ५३४४०० | ५३४४ | १.२ |
| ५ | ७०० | ८ | ५० | ५० | ५३४४०० | ५३४४ | १.१४ |
| ११ | ६०७ | ८ | ५० | ५० | ५३४४०० | ५३४४ | १.३ |
| **जम्मा** | ३४१४ | ४० | | | २६७२००० | | |

६४ **स्वास्थ्य तर्फ**

६४.१ **स्वास्थ्य कार्यक्रम सञ्चालन:** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आर्थिक बर्ष २०८१/८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसङ्ख्या सम्बन्धी कार्यक्रमका लागि जारी सञ्चालन मार्गदर्शनले उपचारात्मक सेवा, नर्सिङ तथा

सामाजिक सुरक्षा व्यवस्थापन, क्षयरोग नियन्त्रण, स्वास्थ्य शिक्षा, सूचना तथा संचार, परिवार कल्याण, इपियोडिमिलोजी तथा रोग नियन्त्रण लगायतका आधारभुत स्वास्थ्य सम्वन्धी विविध कार्यक्रमहरु पालिकाबाट सञ्चालन हुने व्यवस्था गरेको छ। साथै यसरी कार्यान्वयन गर्दा कार्यक्रमको नियमित अनुगमन गरी सोको प्रतिवेदन गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष स्वास्थ्य सँग सम्बन्धित निम्नानुसार कार्य गरेकोमा मार्गदर्शनले निर्देशित गरेबमोजिम अनुगमन, मुल्याङ्कन तथा नियमित प्रतिवेदन भएको पनि देखिदैन। कार्यविधि अनुसार नियमित अनुगमन गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्दि गर्नुपर्दछ ।

| क्र.सं | क्रियाकलाप | विनियोजन रु. | कूल खर्च |
|---|---|---|---|
| १ | मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाईऔषधि उपचार खर्च | २७३०००० | २५०५००० |
| २ | आकस्मिकअवस्थामा औषधि एवं ल्याब सामाग्रीढुवानी,रेकर्डिङ तथा रिपोर्टिंगका | १०५००० | ८५००० |
| ३ | कम्युनिटी डट्स कार्यक्रम संचालन | ९४००० | ८८००० |
| ४ | समुदायलाई क्षयरोग सम्बन्धि अभिमुखीकरण एवंघरदैलो क्षयरोग खोजपड्ताल कार्यक्रम | १२९००० | १२०००० |
| ५ | कीटजन्य रोग नियन्त्रण कार्यक्रमको अनुगमनएवं मूल्यांकन | १००००० | २०००० |
| ६ | डेंगु लगायतका कीटजन्य रोगहरुको नियन्त्रणका | १००००० | ८०००० |
| ७ | जुनेटिक रोगहरु, AMR, सम्बन्धि पैरवी तथा अभिमुखीकरण कार्यक्रम, AMR Day, Rabies Day | २०००० | २०००० |
| ८ | स्वास्थ्य चौकी(आधारभूत स्वास्थ्य सेवा केन्द्र) को न्यूनतम सेवा मापदण्ड कार्यक्रम | ११३००० | १०७००० |
| ९ | स्थानीय तहको साझेदारीमा नियमित खोप सुद्रिढीकरण, पूर्णखोप सुनिश्चितता र दिगोपना | ३६८००० | ३६८००० |
| १० | एच.पी.भी.खोप अभियान तथा नियमित खोपमा शुरुवात | ३८५००० | ३८५००० |
| ११ | राष्ट्रिय महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम | १८४८००० | १८४४००० |
| १२ | स्थानीयतह तर्फ मातृ तथा नवशिशु कार्यक्रम | ६०००००० | ५९००००० |
| १३ | स्थानीय तहमार्फत मातृ तथा नवशिशु कार्यक्रम संचालन | ११४२००० | ११४०००० |
| १४ | प्रजननरुग्णता स्वास्थ्य सेवा | ३४५००० | ३४५००० |
| १५ | परिवारयोजना सेवा | २७३००० | २२०००० |
| १६ | पोषणकार्यक्रम | ४८०००० | ४५०००० |
| १७ | पोषणमैत्रीस्थानीय शासन प्रवर्धन | ३००००० | ३००००० |
| १८ | किशोरकिशोरी स्वास्थ्य सेवा | ९८००० | ९८००० |
| १९ | नियमित तथ्याँकको गुणस्तर वृद्धिका लागि स्वास्थ्यसंस्थाहरुको मासिक बैठक, डाटा भेरिफिकेशन, तथाभ्यालिडेशन एवं अर्धवार्षिक र वार्षिक समिक्षा | २८०००० | २८०००० |
| २० | आधारभूत तथा आकस्मिक स्वास्थ्यसेवाको लागि औषधि खरिद | १६००००० | १६००००० |
| | **जम्मा** | **१६५१००००** | **१५९५५०००** |

६४.२

**न्यानो झोला कार्यक्रम:** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा गत वर्षको मौज्दात ४२० थान र यो वर्ष ४०० थान गरी जम्मा ८२० थान रहेको छन । यो वर्ष ४०० थान रू.३५९३४०।०० को खरिद गरेकोमा ५६० जना प्रसुति भएको सोही अनुसार झोला वितरण गरेको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा २६० थान न्यानो झोला मौज्दातमा रहेका छन्। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्ने र लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

| **विवरण** | **२०८०/८१ कोअ.ल्या र खरिद** | **२०८१/८२ को खरिद** | **जम्मा** | **वितरण** | **बाँकी** |
|---|---|---|---|---|---|
| स्वास्थ्यशाखा | ४२० | ४०० | ८२० | ५६० | २६० |
| घोडाघोडीनगर अस्पताल | १५० | ० | १५० | १४२ | ८ |
| दरखस्वास्थ्य चौकी | १०० | ० | १०० | ८५ | १५ |
| रामशिखरझालास्वास्थ्य चौकी | ७२ | ० | ७२ | ६३ | ९ |
| पहलमानपुरस्वास्थ्य चौकी | २०६ | ० | २०६ | १३६ | ७० |
| शिखरझालाआधारभूत स्वास्थ्य सेवा केन्द्र | ४६ | ० | ४६ | ४० | ६ |
| **जम्मा** | **९९४** | **४००** | **१३९४** | **१०२६** | **३६८** |

६४.३ **सुरक्षित प्रसुति सेवाः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा प्रसुति यातायात खर्च तथा स्वास्थ्य संस्था प्रोत्साहन खर्च र उत्प्रेणा खर्च प्रदान गर्ने व्यवस्था छ। पालिकाले यस वर्ष रू.२६१८६००।०० खर्च लेखेको छ। स्वास्थ्य संस्था प्रोत्साहन खर्च र उत्प्रेणा खर्च स्वरुप प्रदान गरेको रू.३५७६००।०० को उपयोगिताको अनुगमन गरेको पाइएन । उक्त खर्चको अनुगमन गर्नुपर्दछ।

| बर्थिङ सेन्टरको नाम | स्वास्थ्य संस्थाको प्रसुति संख्या | प्रसुति यातायात खर्च | स्वा संस्था प्रोत्साहनरकम | जम्मा रकम | संघकोगर्भ जाँच उत्प्रेणा खर्च पाउने | | जम्मा रकम | जम्मा खर्च रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | संख्या | दर | | |
| घोडाघोडीनगर अस्पताल | १४२ | १४२००० | ३५५००० | ४९७००० | ९५ | ८०० | ७६००० | ५७३००० |
| दरखस्वास्थ्य चौकी | ८५ | ८५००० | २१२५०० | २९७५०० | ६२ | ८०० | ४९६०० | ३४७१०० |
| रामशिखरझालास्वास्थ्य चौकी | ६३ | ६३००० | १५७५०० | २२०५०० | ३६ | ८०० | २८८०० | २४९३०० |
| पहलमानपुरस्वास्थ्य चौकी | १३६ | १३६००० | ३४०००० | ४७६००० | ९० | ८०० | ७२००० | ५४८००० |
| शिखरझालाआधारभूत स्वास्थ्य सेवा केन्द्र | ४० | ४०००० | १००००० | १४०००० | ३० | ८०० | २४००० | १६४००० |
| घोडाघोडी अस्पतालप्रा.लि. | १८० | १८०००० | ४५०००० | ६३०००० | १३४ | ८०० | १०७२०० | ७३७२०० |
| **जम्मा** | **६४६** | **६४६०००** | **१६१५०००** | **२२६१०००** | **४४७** | **४८००** | **३५७६००** | **२६१८६००** |

६४.४ **कडा रोग उपचार खर्चः** मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गरिरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलव्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को बुँदा नं. ४ मा नेपाल सरकारले तोकेको मासिक पाँच हजार रुपियाँको दरले यस कार्यविधिमा तोकिएका ४ प्रकारका कडा रोगीहरुको बैङ्क खातामा जम्मा गरिने तर नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आधिकांश स्वामित्व भएका संस्थाबाट रोजगारी वा पेन्सन वा विदेशी सरकारबाट रोजगारी वा पेन्सन प्राप्त गरिरहेका व्यक्तिलाई यस निर्देशिका बमोजिमको सुविधा प्रदान नगरिने उल्लेख छ। त्यसै गरी बुदाँ नं. ८ मा मन्त्रालय र प्रदेश सरकारको स्वास्थ्य हेर्ने मन्त्रालयले उपचार खर्च सम्बन्धी कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्न सक्ने व्यवस्था छ। यो वर्ष पालिकाबाट उल्लिखित ४ प्रकारका ९६ रोगीहरुलाई मासिक रू.५०००।०० का दरले रू.५२३५०००।०० उपचार खर्च वापत भुक्तानी भएको छ। उक्त लाभग्राहीले प्राप्त गरिरहेका उपचारको खर्चको सम्बन्धमा कार्यविधिको बुँदा नं. ८ बमोजिम अनुगमन भएको अभिलेख देखिएन जसले गर्दा बुँदा नं. ४ बमोजिम यस्तो सुविधा पाउने या नपाउने सम्बन्धी परीक्षण गर्न सकिएन। कार्यविधि बमोजिम सम्बन्धित निकायहरुले अनुगमन गर्नुपर्दछ।

६४.५ **खोपको अवस्थाः** पालिकालाई आवश्यक पर्ने खोपको डोज स्वास्थ्य कार्यालय, सुनसरीबाट प्राप्त हुने पालिकाले जनाएको छ । यस आ.व.मा पालिकालाई ४२६४९ खोप प्राप्त भएको र प्राप्त भएकोमध्ये ३४७५७ डोजमात्र प्रयोगमा आएको, ६०१८ डोज फिर्ता भएको र १६९९ डोज खेर गएको पालिकाबाट उपलब्ध तथ्याङ्कबाट देखिन्छ । खोप फिर्ता गर्दा थप खेरजाने जोखिमलाई मध्यनजर गर्दै खोपको पूर्ण उपयोग गर्नेतर्फ सम्बन्धीत निकायको ध्यान जानुपर्ने देखिन्छ ।

| खोपको प्रकार | प्राप्तडोज | प्रयोगभएको डोज | फिर्ताभएको डोज | खेरगएको |
|---|---|---|---|---|
| B.C.G | ४२२५ | ३९४५ | ० | २८० |
| Rota | ३०८१ | २५५३ | ५२८ | ० |
| O.P.V | ५४७४ | ४३७४ | १०७० | १० |
| F.I.P.V | ४०५६ | ३४१६ | ६४० | ० |
| pcv | ४८५५ | ४०७१ | ७७७ | ४ |
| DPT, Hep-B, Hib | ५३६४ | ४३३४ | १००१ | ० |
| M.R | ४८९१ | ३५१६ | ० | १३९५ |
| J.E | २२७० | १६७० | ६१० | ५ |
| TCV | २२२८ | १६७३ | ५४३ | ५ |
| TD | २९३४ | २२९४ | ६२० | ० |
| HPV | ३२७१ | २९११ | २२९ | ० |
| **जम्मा** | **४२६४९** | **३४७५७** | **६०१८** | **१६९९** |

६४.६ **औषधि खरिदः** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण एकिन गरी वार्षिक आवश्यकताको परिणाम तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। यसवर्ष पालिकाले देहायका फर्मसँग विभिन्न मितिमा रू. ५९५५२६२।०० को औषधि पत्रपत्रिकामा प्रकाशन भएको दर रेटलाई आधारमानि सोझौ खरिद गरेको देखिन्छ।

| गोभौ/ मिति | औषधिआपूर्तीकर्ताको नाम | प्रकार | रकम |
|---|---|---|---|
| ९१-२०८१।११।१९ | मनकामना मेडिकल सेवा | आकस्मिक औषधि | १२७७००३।०० |
| ४९९-२०८१।१२।१३ | हर्षनी मेडिको फर्मा,जानकी कैलाली | आकस्मिक औषधि | २१९६६४८।०० |
| १०२-२०८१।१२।१३ | मनकामना मेडिकल सेवा, टिकापुर कैलाली | आकस्मिक औषधि | १२७७००३।०० |
| २४९-२०८१।९।२६ | नागरिक मेडिसिन सप्लायर्स, धनगढी | नगर अस्पताल | ८४५२६८।०० |
| १८९-२०८२।३।११ | सुबिसु मेडिसिन सप्लायर्स | न्यानो झोला | ३५९३४०।०० |
| | | **जम्मा** | **५९५५२६२।००** |

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको।
- आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।
- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/ नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको।
- औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

६५ **वडा नं.५ र ७ जोड्ने पुल (ठेक्का नं. NCB/GUMN/WORKS/01/079/080)**

पालिका र श्री धुर्वतारा नेत्र जेभी धनगढी,कैलालीबीच मिति २०७९।११।२६ देखि मिति २०८१।११।१५ भित्र कार्यसम्पन्न गर्न रू.५२८१८८८७।५८ मा ठेक्का सम्झौता भएको देखियो । उक्त कार्य निर्माण व्यवसायीबाट मिति २०८१।९।१९ मा सम्पन्न भई रू.५,८२,१८,८८७।७ भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका थप बेहोराहरू निम्न छन ।

६५.१ **त्रुटि सच्याउने अवधिः** अर्थ मन्त्रालयद्धारा जारी बजेट कार्यान्वयन मार्गदर्शन २०७९।८० को बुँदा नं.३२ मा बहुवर्षीय ठेक्कामा गएका कार्यक्रम/आयोजना विनियोजित बजेटबाटै कार्यान्वयन गर्नु/गराउनु हुनेछ। सडक, पुल, बाँध, सिंचाई नहर जस्ता लामो समयसम्म सञ्चालनमा रहने रू.५ करोडभन्दा माथिका पूर्वाधार आयोजनाको हकमा नयाँ आयोजनाको ठेक्का व्यवस्थापन गर्दा निर्माण सम्पन्न भएपछि कम्तीमा पाँच वर्षसम्म सम्बन्धित निर्माण व्यवसायीले नै मर्मत गर्ने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । ठेक्का नं. NCB/GUMN/WORKS/01/079/080 वडा नं.५ र ७ जोड्ने पुल निर्माण कार्यको लागत अनुमान रू.८,२९,५४,४१०।०० कायम गरी निर्माण व्यवसायी श्री धुर्वतारा नेत्र जेभी धनगढी, कैलालीसँग मिति २०७९।११।२६ देखि मिति २०८१।११।१५ भित्र कार्यसम्पन्न गर्न रू.५,२८,१८,८८७।५८ मा ठेक्का सम्झौता भएकोमा देखिन्छ । उक्त कार्य निर्माण व्यवसायीबाट मिति २०८१।९।१९ मा सम्पन्न भएकोमा निर्माण व्यवसायीले ५ बर्षसम्म मर्मतसंभार गर्ने गरी सम्झौता भएको देखिएन । अतः यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

६५.२ **बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ बिल कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । ठेक्का नं. NCB/GUMN/WORKS/01/079/080 वडा नं.५ र ७ जोड्ने पुल निर्माण कार्य अन्तर्गत Providing and placing machine mixed cement concrete M 35 for the super structure, deck slab, girder आइटम १.१५ घनमिटर बढी भुक्तानी भएको देखियो । सम्बन्धित प्राविधिकसहित फिल्डमा नापी गर्दा स्पान २ को लम्बाई २०.३५ मिटर भएकोमा २०.६० नापी कितावमा चढाई भुक्तानी गरेको । जसले गर्दा १.१५ घनमिटर रू.१८०००।०० को दरले रू.२०७००।०० बढी भुक्तानी भएको छ । अतः मूअकरसहित असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,३९१ |

६५.३ **ल्याब परिक्षणः** स्ट्यान्डर्ड स्पेसिफिकेशन अफ रोड एण्ड ब्रिज वर्क्स, २०७८ को सेक्सन ५०० को टेबल नं.५.२ सि.नं. १९ मा Concrete works को Control Test and their Minimum Frequency for Road and Bridge उल्लेख भएको छ । ठेक्का नं. NCB/GUMN/WORKS/01/079/080 वडा नं.५ र ७ जोड्ने पुल निर्माण कार्य अन्तर्गत निम्न कार्य भएकोमा स्पेसिफिकेशनले तोकेको फ्रिक्वेन्सी बमोजिम ल्याब परिक्षण भएको देखिएन । Concrete Works को केहि मात्रा ल्याब परिक्षण भएकोमा सिमेन्ट र ग्याबिनको तोकिएको बमोजिम ल्याब परिक्षण भएको देखिएन । प्रत्येक पटक सिमेन्ट आपूर्ति हुँदा नमुना लिनुपर्ने, कम्तीमा हरेक २०० टन (200t) वा सोको अंशको आपूर्तिमा अनिवार्य रूपमा नमुना परीक्षण गर्नुपर्ने, यदि सिमेन्ट साइटमा १ महिना भन्दा बढी भण्डारण गरिएको छ भने प्रयोग गर्नुअघि पुनः परीक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो बमोजिम भएको छैन । ग्याबिनतर्फ २५ क्वाइल (Coil) भएमा २ सेट नमुना लिने र क्वाइल (Coil) बढ्दै गएमा नमुना संख्या थप गर्दै ल्याब परिक्षण गर्नुपर्नेमा सो भएको छैन । त्यसैगरी डण्डीको १-२ बन्डलबाट १/१ वटा नमुना लिने र बन्डल बढ्दै गएमा स्पेसिफिकेशन बमोजिम नमुना संख्या थप गर्दै गुणस्तर परिक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो बमोजिम भएको देखिएन । निम्न आइटममा स्पेसिफिकेशन बमोजिम फ्रिक्वेन्सी भएको देखिदैन । यसरी स्पेसिफिकेशन बमोजिम तोकिएको फ्रिक्वेन्सीमा ल्याब परीक्षण गराउन पालिकाको ध्यान जानुपर्दछ ।

| क्र.सं. | आइटम | भुक्तानी भएको परिमाण | आवश्यक सेट संख्या | क्युब संख्या | पेश भएको संख्या |
|---|---|---|---|---|---|
| १ | Providing and placing machine mixed cement concrete M30/20 for the foundation and footing etc. | १४४ घमि | ६ | १८ | ० |
| २ | Providing and placing machine mixed cement concrete M 35/20 for the super structure, deckslab, girder etc | २०८.६६ घमि | ८ | २४ | ० |
| ३ | Providing and placing machine mixed cement concrete M 25/20 for the super structure, deckslab, girder etc. | १४.९० घमि | ४ | १२ | ० |
| ४ | Providing and placing machine mixed cement concrete M 20/20 for the super structure, deckslab, girder etcc. | १२.६० | ४ | १२ | ० |

६६ **सोझै खरिद**

सार्बजनिक खरिद ऐन २०६३, को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिशपर्धा समित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नु हुदैन भनी उल्लेख छ । सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) अनुसार सार्बजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक नियमावलीले तोकेको सिमा भन्दा बढी रकमको वा एउटै ब्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन । त्यस्तै सोही नियमावलीको नियम ३१(१) मा सार्बजनिक निकायले २० लाख रूपैयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्ययमबाट खरिद गर्नु पर्ने नियम ८४(१) अनुसार सार्बजनिक निकायले बीस लाखसम्म लागत अनुमान भएको सार्बजनिक खरिद वा मालसामान शिलबन्दी दरभाउ पत्रको माध्यमबाट मात्र खरिद गर्नु पर्ने ब्यबस्था रहेको छ । कार्यालयले सार्बजनिक निर्माण वा मालसामान खरिद कार्यको प्रकृति अनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सिमा अनुसार बोलपत्र वा दरभाउ पत्र मार्फत कार्य गराउनु पर्नेमा गराएको पाईएन । निम्नानुसारको रु. २,७८,८३,३२७।- बराबरको सार्बजनिक खरिद कार्य प्रतिशपर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी सोझै गराएको हुँदा खरिद प्रकृया नियम सम्मत देखिएन । यस्तो खरिद प्रकृयामा नियन्त्रण तथा सुधार गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ६६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६७ **घोडाघोडी बहुमुखि क्याम्पसको शैक्षिक भवन निर्माण**

घोडाघोडी बहुमुखि क्याम्पसको शैक्षिक भवन निर्माण गर्न पालिका र निर्माण व्यवसायी आलोक श्री कन्सट्रक्सन एणड सप्लायर्स, घोडाघोडी-१ सुखड कैलालीबीच मिति २०८१।८।२४ देखि २०८२।३।२५ भित्र कार्यसम्पन्न गर्न रू.७६,७६,५७३।२९ मा ठेक्का सम्झौता गरेको देखियो । यस सम्बन्धमा देखिएका थप बेहोराहरू देहाएका छन् ।

६७.१ **कार्यसम्पन्नः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ (२क) निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले उपनियम (२) बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र नियम ११७(४) मा निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित नभएसम्म त्यस्तो कुनै पनि कार्यस्वीकार गर्नु नहुने व्यवस्था छ । घोडाघोडी बहुमुखि क्याम्पसको शैक्षिक भवन निर्माण गर्न पालिका र निर्माण व्यवसायी आलोक श्री कन्स्ट्रक्सन एणड सप्लायर्स, घोडाघोडी-१ सुखड कैलालीबीच मिति २०८१।८।२४ देखि २०८२।३।२५ भित्र कार्यसम्पन्न गर्न रू.७६,७६,५७३।२९ मा ठेक्का सम्झौता भएकोमा ८८.२५ प्रतिशत मात्र कार्य भएको अवस्थामा मिति २०८२।३।२३ मा कार्यस्वीकार गरेको छ । नब्बे प्रतिशत र सारभुत रूपमा प्रभावग्राही नभएका योजना कार्यस्वीकार गर्दा एकातिर योजना अधुरो भई प्रयोग नहुने, थप बजेटमार्फत लागत अनुमान बराबरमा अधुरो योजना सम्पन्न गर्नुपर्ने, लागतमा बृद्धि हुने र निर्माण व्यवसायीले

आफुलाई फाइदा पुग्ने कार्य मात्र गरी अन्य कार्य छोड्ने सम्भावना देखिन्छ । अतः सम्झौता बमोजिम कार्यसम्पन्न गराउन पालिकाको ध्यान जानुपर्दछ ।

६७.२ **अधुरो योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ र ऐनको दफा ५९ (८) मा उपदफा (७) बमाजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत हुनेछ व्यवस्था छ । र त्यसरी सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे-जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ । घोडाघोडी बहुमुखि क्याम्पसको शैक्षिक भवन निर्माण गर्न पालिका र निर्माण व्यवसायी आलोक श्री कन्सट्रक्सन एण्ड सप्लायर्स, घोडाघोडी-१ सुखड कैलालीबीच मिति २०८१।८।२४ देखि २०८२।३।२५ भित्र कार्यसम्पन्न गर्न रू.७६,७६,५७३।२९ मा ठेक्का सम्झौता भएकोमा निर्माण व्यवसायीले रू.६७,७४,८८३।०७ बराबरको कार्य मात्र गरी रू.९,०१,६९०।२२ को कार्य बाँकी राखि अधुरो अवस्थामा राखेको देखियो । सम्झौता बमोजिम कार्य नगरी अधुरो योजना राख्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सिफारिस गरी कार्यसम्पादन जमानतवापत राखिएको रकम र बाँकि कार्यसम्पन्न गर्न लाग्ने रकमसहित असुल गरी ऐनमा भएको ब्यवस्था बमोजिम कार्वाही हुनुपर्दछ ।

## ६८ घोडाघोडी बहुमुखि क्याम्पसको छात्रा आवास भवन निर्माण

६८.१ **जग्गा प्राप्त बेगर भवन निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आह्वान गर्न नहुने व्यवस्था छ । घोडाघोडी बहुमुखि क्याम्पसको छात्रा आवास भवन (ठेक्का नं. NCB/GUMN/work/03/081/082) निर्माण गर्न पालिका र निर्माण व्यवसायी आलोक न्यू कुमारी कन्स्ट्रक्सन घोडाघोडी-५, कैलाली कैलालीबीच मिति २०८१।८।२४ देखि २०८२।२।५ भित्र कार्यसम्पन्न गर्न रू.२०,१९,९५१।८४ मा ठेक्का सम्झौता भएकामा जग्गा प्राप्तिबेगर निर्माण कार्य अगाडी बढाएको देखियो । जग्गा प्राप्ति बेगर निर्माण कार्य गर्दा दिर्घकालसम्म भवन प्रयोगको सुनिश्चतता नहुने, भविस्यमा उक्त स्थानबाट हट्नुपर्ने र निजि जग्गामा सरकारी भवन बन्न सक्ने जस्ता समस्या देखा पर्ने जोखिम रहने देखिन्छ । जग्गा प्राप्ति वा भोगाधिकार प्राप्तिबेगर खरिद कार्य अगाडी बढाउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

६८.२ **पूर्वनिर्धारित क्षतिपुर्तिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौताको रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्ना दशमलब शुन्ना पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । घोडाघोडी बहुमुखि क्याम्पसको छात्रा आवास भवन (ठेक्का नं. NCB/GUMN/work/03/081/082) निर्माण गर्न पालिका र निर्माण व्यवसायी आलोक न्यू कुमारी कन्स्ट्रक्सन घोडाघोडी-५, कैलाली कैलालीबीच मिति २०८१।८।२४ देखि २०८२।२।५ भित्र कार्यसम्पन्न गर्न रू.२०,१९,९५१।८४ मा ठेक्का सम्झौता भएको देखिन्छ । निर्माण पहिलो रनिङ बिल २०८२।३।२१ मा पेश गरेकोमा कार्यसम्पन्न गर्नुपर्ने अन्तिम म्याद मिति २०८२।२।५ भन्दा ४६ दिन ढिला पेश गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको लागि निवेदन दिएको देखिएन र म्याद थप भएको देखिएन । अतः ४६ दिनको पूर्वनिर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,११४ |

६८.३ **सम्झौता कार्यान्वनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ र ऐनको दफा ५९ (८) मा उपदफा (७) बमाजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत हुनेछ व्यवस्था छ । र त्यसरी सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे-जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह

असुल उपर गर्ने व्यवस्था छ । घोडाघोडी बहुमुखि क्याम्पसको छात्रा आवास भवन (ठेक्का नं. NCB/GUMN/work/03/081/082) निर्माण गर्न पालिका र निर्माण व्यवसायी आलोक न्यू कुमारी कन्स्ट्रक्सन घोडाघोडी-५, कैलालीबीच मिति २०८१।८।२४ देखि २०८२।२।५ भित्र कार्यसम्पन्न गर्न रू.२०,१९,९५१।८४ मा ठेक्का सम्झौता भएकोमा निर्माण व्यवसायीले रू.३,५०,०००।०० बराबरको कार्य मात्र गरी रू.१६,६९,९५१।८४ को कार्य बाँकी राखि अधुरो अवस्थामा राखेको देखियो । सम्झौता बमोजिम कार्य नगरी अधुरो योजना राख्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सिफारिस गरी कार्यसम्पादन जमानतवापत राखिएको रकम र बाँकि कार्य सम्पन्न गर्न लाग्ने रकमसहित असुल गरी ऐनमा भएको ब्यवस्था बमोजिम कार्वाही हुनुपर्दछ ।

## ६९ घोडाघोडी क्षेत्रमा धर्मशाला निर्माण

६९.१ **बत्तीको पोइन्टः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ बिल कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी जेसिका रामारोशण निर्माण सेवा घोडाघोडी-१, सुखड कैलालीलाई घोडाघोडी क्षेत्रमा धर्मशाला (ठेक्का नं. NCB/GUMN/work/02/081/082) निर्माण कार्य अन्तर्गत बत्ती र पंखाको पोइन्टको भुक्तानी गर्दा ४ वटा भएकोमा २८ वटा रू.१०००।०० को दरले भुक्तानी गरेको पाईयो । वास्तविका कार्य भन्दा बढी भुक्तानी गर्ने कार्य मनासिब देखिदैन । अतः मूअकरसहित असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,१२० |

६९.२ **सम्झौता कार्यान्वयनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ र ऐनको दफा ५९ (८) मा उपदफा (७) बमाजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत हुनेछ व्यवस्था छ । र त्यसरी सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे-जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ । घोडाघोडी क्षेत्रमा धर्मशाला (ठेक्का नं. NCB/GUMN/work/02/081/082) निर्माण गर्न पालिका र निर्माण व्यवसायी जेसिका रामारोशण निर्माण सेवा घोडाघोडी-१, सुखड कैलालीबीच मिति २०८१।९।१२ देखि २०८२।९।११ भित्र कार्यसम्पन्न गर्न रू.१,४१,७८,५०८।२६ मा ठेक्का सम्झौता भएकोमा निर्माण व्यवसायीले रू.१,०७,८२,६०२।२ बराबरको कार्य मात्र गरी रू.३३,९५,९०६।२४ को कार्य बाँकी राखि अधुरो अवस्थामा राखेको देखियो । निर्माण व्यवसायीले समयमा कार्यसम्पन्न नगर्दा योजना अधुरो रहन गएको देखियो । पालिकाले जनाए अनुसार विशेष अनुदान अन्तर्गतको उक्त योजना सालबसाली रूपमा सम्पन्न गर्नुपर्ने र प्राप्त भएको बजेट फिर्ता भएको देखिन्छ। हाल उक्त योजना सम्पन्न गर्न पालिकाबाट थप बजेट भएको देखिएन । सम्झौता बमोजिम कार्य नगर्ने निर्माण व्यवसायीबाट कार्यसम्पादन जमानत र बाँकी कार्य सम्पन्न गर्न लाग्ने रकमसहित असुल गरी ठेक्का फरफारक गर्नुपर्दछ ।

६९.३ **धर्मशालाको खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय निकायले योजना बनाउँदा उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने र मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूचीसमेत तयार गरी योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले घोडाघोडी क्षेत्रमा धर्मशाला निर्माण गर्न आर्थिक बर्ष २०७९।८० देखि यस बर्षसम्म रू.२ करोड ५८ लाख २८ हजार ५ सय ६७ रूपैयाँ खर्च गरेकोमा हालसम्म उक्त योजना प्रयोगमा आएको देखिएन । उक्त योजनामा तीन बर्ष सम्म खर्च गरिरहने तर योजना प्रयोगमा नआउनुले बजेट खर्चमा वित्तीय अनुशासन कायम भएको देखिएन । धर्मशालाको कसरी सञ्चालन गर्ने र त्यसबाट प्रतिफल प्राप्त गर्ने सन्दर्भमा हालसम्म कुनै योजना बनाउको देखिएन । यसरी उद्देश्य र लागत लाभ विश्लेषण बेगर खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ । अतः उक्त योजनालाई छिटो भन्दा छिटो प्रयोगमा ल्याई उत्पादनमा जोड्न पालिकाको ध्यान जानुपर्दछ ।

| क्र.सं. | आर्थिक बर्ष | खर्च |
|---|---|---|
| १ | २०७९।८० | १०७७३६८३।८६ |
| २ | २०८०।८१ | ४२७२२८१।२७ |
| ३ | २०८१।८२ | १०७८२६०२।०२ |
| जम्मा रू. | | २५८२८५६७।१५ |

७० **पन्ध्र शैया हस्पिटल**

पालिकाको वडा नं.२ मा पन्ध्र शैया अस्पताल (ठेक्का नं. NCB/GMUN-WORK/04/2077/078) निर्माण गर्न पालिका र निर्माण व्यवसायी राजेन्द्र निर्माण सेवा (हालको बराह डेभलपर्स) परशुराम नगरपालिका वडा-१, डडेल्धुराबीच मिति २०७८।१।२९ मा ठेक्का सम्झौता गरी मिति २०७८।१।२९ देखि २०८०।१।२८ भित्र कार्यसम्पन्न गर्न रू.९ करोड ५३ लाख २९ हजार ३ सय ६६ रूपैयाँमा ठेक्का सम्झौता भएको देखिन्छ । शुरू सम्झौता अवधिभित्र कार्यसम्पन्न नभएकोमा हाल मिति २०८२।८।३ मा सम्म म्याद थप भएकोमा निर्माण व्यवसायीबाट कार्य शुरू भएको छैन । यस सम्बन्धमा देखिएका थप बेहोराहरू देहाएका छन् ।

७०.१ **म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०क (१) यो नियम प्रारम्भ हुँदाका बखत प्रचलित कानूनबमोजिम म्याद थप भई चालु रहेका वा म्याद सकिएका वा म्याद थप हुन नसकेका तर खरिद सम्झौता बमोजिमको काम चालु रहेका खरिद सम्झौतामा डिजाइन परिमार्जन भएको, बजेट अपुग भएको, निर्माणस्थलको उपलब्धता हुन नसकेको, समयमा भुक्तानी हुन नसकेको, निर्माण सामाग्रीको अभाव भएको वा निर्माणस्थलमा प्राकृतिक विपद् परेको लगायतको कारणबाट सम्झौताबमोजिमको अवधिभित्र सम्पन्न हुन नसकेका वा काम सम्पन्न हुन सक्ने अवस्था नदेखिएका खरिद सम्झौताका हकमा त्यस्ता आयोजनाको निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका बमोजिमको कुन-कुन काम के-कस्तो कारणले हुन नसकेको हो सोको पुष्ट्याईं र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाइ संशोधित कार्यतालिका तथा म्याद थपका कारण थप आर्थिक दावी नगर्ने प्रतिवद्धतासहित यो नियम जारी भएको मितिले तीस दिनभित्र निवेदन दिएमा उक्त कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकिन गरी बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था छ । त्यसैगरी नियम १२०क. (५) मा उपनियम (१) बमोजिम थप गरिएको अवधिसम्म पनि निर्माण कार्यसम्पन्न नभएमा खरिद सम्झौताको अन्त्य गर्नुपर्ने र उपनियम (६) मा उपनियम (५) बमोजिम खरिद सम्झौता अन्त्य भएमा सार्वजनिक निकायले ऐनको दफा ६३ बमोजिम सम्बन्धित निर्माण व्यवसायीलाई कालोसूचीमा लेखि पठाउनु पर्ने व्यवस्था छ । पालिकाको वडा नं.२ मा पन्ध्र शैया अस्पताल (ठेक्का नं. NCB/GMUN-WORK/04/2077/078) निर्माण गर्न पालिका र निर्माण व्यवसायी राजेन्द्र निर्माण सेवा (हालको बराह डेभलपर्स) परशुराम नगरपालिका वडा-१, डडेल्धुराबीच मिति २०७८।१।२९ मा ठेक्का सम्झौता गरी मिति २०७८।१।२९ देखि २०८०।१।२८ भित्र कार्यसम्पन्न गर्न रू.९ करोड ५३ लाख २९ हजार ३ सय ६६ रूपैयाँमा ठेक्का सम्झौता भएको देखिन्छ । शुरू सम्झौता अवधिभित्र कार्यसम्पन्न नभएकोमा हाल मिति २०८२।८।३ मा सम्म म्याद थप भएकोमा निर्माण व्यवसायीबाट कार्य शुरू भएको छैन । निर्माण व्यवसायीले तेह्रो संशोधनले व्यवस्था गरेको म्याद सम्बन्धी विशेष व्यवस्था बमोजिम म्याद थपको लागि निवेदन दिएकोमा सो बमोजिम म्याद थप भएकोमा सो म्याद पछि समेत निर्माण कार्य शुरू गरेको छैन । निर्माण व्यवसायीले प्रत्येक म्याद थपमा माइलस्टोन अवधि तोकि कार्यतालिका पेश गरेकोमा सो बमोजिम कार्य गरेको छैन । त्यसैगरी पालिकाबाट निर्माण व्यवसायीले पेश गरेको माईलस्टोन अवधि भन्दा बढि अवधि म्याद थप गरेको देखियो यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । अतः सम्झौता बमोजिम कार्य गराउनुपर्दछ अन्यथा नियमावलीमा भएको व्यवस्था बमोजिम कालोसूचीमा राख्नको लागि सिफारिस गरी कार्यसम्पादन जमानत र कार्यसम्पन्न गर्न लाग्ने रकम सहित असुल गरी ठेक्का फरफारक गर्न पालिकाको ध्यान जानुपर्दछ ।

| क्र.सं. | देखि | सम्म | निवेदन पेश भएको मिति | माइलस्टोन अवधि | निर्णय भएको मिति | म्याद कायम भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २०७८।१।२९ | २०८०।१।२८ | २०७९।१२।३० | २०८१।७।३० | २०८०।१०।७ | २०८१।३।३० सम्म | म्याद थप २०८१।७।३० सम्म हुनुपर्नेमा २०८१।३।३० सम्म भएको । |
| २ | २०८०।१०।७ | २०८१।३।३० | २०८०।१२।१३ | २०८२।१२।३० | २०८२।६।२९ | २०८३।३।३० | म्याद थप २०८२।१२।३० सम्म हुनुपर्नेमा २०८३।३।३० |

७०.२ **न्यून प्रगतिः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बीचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ । त्यसैगरी ऐनको दफा ५९ (८) मा उपदफा (७) बमाजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत हुनेछ । सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे-जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ । पालिकाको वडा नं.२ मा पन्ध्र शैया अस्पताल (ठेक्का नं. NCB/GMUN-WORK/04/2077/078) निर्माण गर्न पालिका र निर्माण व्यवसायी राजेन्द्र निर्माण सेवा (हालको बराह डेभलपर्स) परशुराम नगरपालिका वडा-१, डडेल्धुराबीच मिति २०७८।१।२९ मा ठेक्का सम्झौता गरी मिति २०७८।१।२९ देखि २०८०।१।२८ भित्र कार्यसम्पन्न गर्न रू.९ करोड ५३ लाख २९ हजार ३ सय ६६ रूपैयाँमा ठेक्का सम्झौता भएको देखिन्छ । शुरू सम्झौता अवधिभित्र कार्यसम्पन्न नभएकोमा हाल मिति २०८२।८।३ मा सम्म म्याद थप भएकोमा निर्माण व्यवसायीबाट कार्य शुरू भएको छैन । अतः सम्झौता बमोजिम कार्य गराउन पालिकाको ध्यान जानुपर्दछ अन्यथा ऐनमा भएको व्यवस्थाको कार्यान्विन गर्न पालिकाको ध्यान जानुपर्दछ ।

७०.३ **पेश्की जोखिममाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) पेश्की जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्स्योट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिनाभन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ । पालिकाको वडा नं.२ मा पन्ध्र शैया अस्पताल (ठेक्का नं. NCB/GMUN-WORK/04/2077/078) निर्माण गर्न निर्माण व्यवसायी राजेन्द्र निर्माण सेवा (हालको बराह डेभलपर्स) परशुराम नगरपालिका वडा-१, डडेल्धुरालाई रू.२०४६५३५।०० पेश्की उपलब्ध गराईएकोमा उक्त पेश्कीको म्याद न्यून रहेको देखिन्छ । कार्यसम्पन्न गर्नुपर्ने मिति २०८३।३।३० भएकोमा अद्यावधिक पेश्की रू.२०,४६,५३५।०० पेश्कीको अवधि २०८२।८।९ मा समाप्त भएको देखियो । अतः पेश्की म्याद थप गराउन पालिकाको ध्यान जानुपर्दछ ।

## ७१ घोडाघोडी क्षेत्रमा गौशाला निर्माण

घोडाघोडी क्षेत्रमा गौशाला (ठेक्का नं. NCB/GUMN/work/05/081/082) निर्माण गर्न पालिका र निर्माण व्यवसायी चौडेल निर्माण सेवा प्रा.लि. घोडाघोडी नपा-५, कैलालीबीच मिति २०८१।११।६ देखि मिति २०८२।३।५ भित्र कार्यसम्पन्न गर्ने गरी रू.२०,२८,७४६।७८ मा ठेक्का सम्झौता भएको देखिन्छ । यस सम्बन्धमा देखिएका थप बेहोराहरू देहाएका छन् ।

७१.१ **पूर्वनिर्धारित क्षतिपुर्तिः** सार्वजनिक खरिद नियमावली, २०६४ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौताको रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्ना दशमलब शुन्ना पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । घोडाघोडी क्षेत्रमा गौशाला (ठेक्का नं. NCB/GUMN/work/05/081/082) निर्माण गर्न पालिका र निर्माण व्यवसायी चौडेल निर्माण सेवा प्रा.लि. घोडाघोडी नपा-५, कैलालीबीच मिति २०८१।११।६ देखि मिति २०८२।३।५ भित्र कार्यसम्पन्न गर्ने गरी रू.२०,२८,७४६।७८ मा ठेक्का सम्झौता भएकोमा मिति २०८२।३।२४ मा १९ दिन ढिलासम्म कार्य गरेको देखियो । १९ दिनको पुर्वनिर्धारित क्षतिपुर्ति रू.१७०५६।०० कट्टा गरि मात्र भुक्तानी गर्नुपर्नेमा सो गरेको देखिएन । अतः असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | १७,०५६ |
|---|---|

७१.२ **निर्माणस्थल बेगर ठेक्काः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ । घोडाघोडी क्षेत्रमा गौशाला (ठेक्का नं. NCB/GUMN/work/05/081/082) निर्माण गर्दा पालिकाले निर्माणस्थलको ब्यवस्था नभई ठेक्का आव्हान गरेको देखियो । पालिकाको वडा नं.१ को कौवा क्षेत्रमा निर्माण गर्नको लागि बोलपत्र आव्ह्वान भएकोमा उक्त स्थानमा स्थानीय जनताको विवाद भए पश्चात वडा नं.१ दिपनगरमा निर्माण कार्य शुरू गरेको देखियो । निर्माण स्थल विवाद भएको कारण रू.२०,२८,७४६।७८ मा सम्झौता भएकोमा रू.१२,२२,५३९।१६ बराबरको कार्य भई ३४.६७ प्रतिशत मात्र प्रगति भएको देखियो । हाल उक्त योजना अधुरो र प्रयोगविहिन भएको देखियो । पालिकाले निर्माण स्थलको व्यवस्था नभई खर्च गर्दा बजेट खर्च हुने तर योजना अधुरो भई प्रयोगविहिन हुने अवस्था देखियो । अतः यसरी खर्च गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ ।

७२ **उपभोक्ता समितिबाट जटिल कार्य**

सार्वजनिक खरिद नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा सार्वजनिक निकायले उक्त काम श्रम मुलक प्रकृतिको हुनु पर्ने व्यवस्था छ । यस बर्ष संचालित निम्न जटिल प्रकृतिको भएको योजनाहरूमा उपभोक्ता समितिबाट गराएको देखियो । पालिकाले उपभोक्ता समितिमार्फत काम गराउदा मेशीन उपकरणमार्फत गर्नुपर्ने र प्राविधिक दक्षता आवश्यक पर्ने जटिल प्रकृतिका काममासमेत गराएको देखिन्छ । यसरी प्राविधिक दक्षता आवश्यक पर्ने काम उपभोक्ता समितिमार्फत गराउँदा दिगो प्रभावकारी तथा उपयुक्त समेत हुदैन । जटिल र प्राविधिक दक्षता आवश्यक पर्ने कामहरु उपभोक्ता समितिमार्फत सम्पन्न गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| क्र.सं. | योजनाको नाम र ठेगाना | उपभोक्ता समितिको नाम | सम्झौता (रू.) | जनश्रमदान बाहेकको भुक्तानी (रू.) |
|---|---|---|---|---|
| १ | राष्ट्रिय माध्यमिक विद्यालयमा २ तले भवन निर्माण वडा नं.५ | राष्ट्रिय माध्यमिक विद्यालय व्यवस्थापन समिति । | ७८५७२८०।९० | ६१६२८१९।८५ |
| २ | छडी मावि बेलारको पक्की भवन निर्माण | छडि माध्यमिक विद्यालय व्यवस्थापन समिति बेलार । | ३५७१०१७।८५ | २८४६५०६।४१ |
| ३ | सरस्वती आधारभुत विद्यालय घोडाघोडी नपा-६, बसन्ता कैलाली । | सरस्वती आधारभुत विद्यालय बसन्ता उपभोक्ता समिति । | ७०१४०३५।५७ | ५९६१९३०।२३ |
| ४ | बडोतोडो मावि पक्की भवन निर्माण वडा नं.६ | बडोतोडो मावि पक्की भवन निर्माण उपभोक्ता समिति | ३५७१०१७।८५ | २७४८६४१।४४ |
| ५ | राष्ट्रिय आधारभुत विद्यालयको पक्कि भवन निर्माण घोडाघोडी-४, रामपुर । | राष्ट्रिय आधारभुत विद्यालयको पक्कि भवन निर्माण उपभोक्ता समिति । | ७८५७२८०।९० | ६१६२८१९।८५ |
| ६ | कालिका मावि वडा नं.९ को भवन निर्माण | कालिका मावि वडा नं.९ को भवन निर्माण उपभोक्ता समिति । | ७८५७२८०।९० | ६१६२८१९।८५ |

७३ **इट्टाको भुक्तानी**

७३.१ (३६-2082-03-24):

**बडोतोडो मावि पक्की भवन निर्माण** -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **२७,१५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७३.२ (४१-2082-03-25):

**सरस्वती आधारभुत विद्यालय** -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **७४,८३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७३.३ (३२२-2082-03-25):

**कालिका मावि वडा नं.९** -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **७४,८३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७३.४ **राष्ट्रिय आधारभुत विद्यालय** -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **२६,६२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७४ **रूग्ण ठेक्का**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ र ऐनको दफा ५९ (८) मा उपदफा (७) बमाजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत हुनेछ व्यवस्था छ । र त्यसरी सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे-जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ । निम्न ठेक्काहरू रूग्ण अवस्थामा रहेको देखियो । आर्थिक बर्ष २०७७।०७८ देखि हालसम्म सम्झौता भएका निम्न ठेक्का भएका निम्न ठेक्काहरू निर्माण व्यवसायीले कार्य नगर्दा योजनाहरू रूग्ण रहेको देखियो । पालिकाबाट पटक पटक म्याद थप गर्दा समेत कार्य भएको देखिएन । हाल निर्माण व्यवसायीहरू पालिकाको सम्पर्कमा नरेहको अवस्था छ । सम्झौता बमोजिम कार्य नगरेको अवस्थामा कार्यसम्पादन जमानत र बाँकि कार्य सम्पन्न गर्न लाग्ने रकमसहित असुल गरी सार्वजनिक खरिद अनुगमन कार्यालयमा कालोसूचीमा राख्न सिफारिस गर्नुपर्नेमा सो गरेको पाईएन ।यसरी हेर्दा पालिकाबाट निर्माण व्यवसायीलाई उन्मुक्ति दिएको देखिन्छ । अतः योजना रूग्ण राख्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सिफारिस गरी कार्यसम्पादन जमानत र कार्यसम्पन्न गर्न लाग्ने रकम सहित असुल गर्न पालिकाको ध्यान जानुपर्दछ ।

| क्र.स. | योजनाको नाम | ठेक्का न. | सम्झौता मिति | निर्माण व्यवसायीको नाम | सम्झौता रकम |
|---|---|---|---|---|---|
| १ | Construction of 2 sorey 4 class room Rcc building a Dasrath Secondary School ghodaghodi-02,kailali | NCB/GMUN/WORK/15/078/079 | २०७९ असोज ७ | मेल्टा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ३८५२०६७.०४ |
| २ | Construction of 2 sorey 8 class room Rcc building a Dasrath Secondary School ghodaghodi-02,kailali | NCB/GMUN/WORK/16/078/079 | २०७९ असोज ७ | मेल्टा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ७७१९०६५.१ |
| ३ | Premix Carpeting work of Ring road area(Belar pari ring road to nagrodi) | NCB/GMUN/WORK/21/079/080 | २०७९ फाल्गुन २ | पार्वति निर्माण सेवा बर्दगोरिया १ कैलाली | ४९९९८८१. |
| ४ | सृजना विकको घर देखी पश्चिम वाटो | SQ/GMUN/WORK/24/080/081 | २०८१ असार २० | न्यू कुमारी कन्स्ट्रक्सन | ९८२५५९.५१ |
| ५ | वडा न. ८ मा कालोपत्रे | NCB/GMUN/WORK/09/081/082 | २०८२ जेठ ९ | वुटका वावा निर्माण सेवा | २९८४०३१.२२ |
| ६ | कैलाली जिल्ला घोडाघोडी नगरपालिका वडा न. ३ को वडा न. २ वडा कार्यालय देखि बगुनिया सम्मको सडक स्तरोउन्नती | NCB/GMUN/WORK/10/081/082 | २०८२ जेठ ९ | वुटका वावा निर्माण सेवा | २९९९९८५.९६ |
| ७ | जवलपुर वाटो | SQ/GMUN/WORK/01/081/082 | २०८१ | न्यू कुमारी | ९५६६०५.१२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | कालोपत्र | | चैत्र १० | कन्स्ट्रक्सन | |
| ८ | बनबर्षा जाने बाटो कालोपत्रे | SQ/GMUN/WORK/09/081/082 | २०८१ चैत्र १० | न्यू कुमारी कन्स्ट्रक्सन | ९४२१५०.१६ |
| ९ | वडा कार्यालय हुदै प्रतिखेत जाने बाटो कालोपत्रे | SQ/GMUN/WORK/11/081/082 | २०८१ चैत्र १० | न्यू कुमारी कन्स्ट्रक्सन | ९३३५४६.३४ |
| १० | भलुवा गाउ जाने बाटो कालोपत्रे | SQ/GMUN/WORK/11/081/082 | २०८१ चैत्र १० | न्यू कुमारी कन्स्ट्रक्सन | ९०५०७७.१२ |
| ११ | गणैशपुर देखि सिताकुण्ड जाने बाटो कालोपत्रे | SQ/GMUN/WORK/06/081/082 | २०८१ चैत्र १० | न्यू कुमारी कन्स्ट्रक्सन | १२५००००. |
| १२ | घुम्निभआकल हुदै मसान घाट जाने बाटो कालोपत्रे | SQ/GMUN/WORKS/04/081/082 | २०८१ चैत्र १० | श्रीस्थान निर्माण सेवा | १०५००००. |
| १३ | शीखरझाला सरस्वती स्कुल जाने वाटो कालोपत्रे | SQ/GMUN/WORKS/02/081/082 | २०८१ चैत्र १० | श्री चौडेल निर्माण सेवा प्रा.ली | ९५००००. |
| १४ | बगुलिया गाउको बाटो कालोपत्रे | SQ/GMUN/WORKS/03/081/082 | २०८१ चैत्र १० | आर वि निर्माण सेवा | १०५००००. |
| १५ | वडा कार्यालय हुदै प्रतिखेत जाने बाटो कालोपत्रे | SQ/GMUN/WORKS/23/080/081 | २०८२ जेठ २२ | रामारोशण नन्दामाटा निर्माण सेवा | १४५३७१५.५१ |
| १६ | रतिपुर वाट वडा न. ९ को बाटो कालोपत्रे | SQ/GMUN/WORKS/09/080/081 | २०८० मंसिर २७ | प्रेम्सी निर्माण सेवा | १२२३६७७. |
| १७ | वडा न. २ र ६ जोडने पुल | | २०७८ मंसिर | नारायण रेखा जेभि | २७०६१५६९.४९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २६ | | |
| १८ | ससश्री स्कुल देखी पिपलडाडा | NCB/GMUN/WORKS/22/2079/080 | २०७९ फाल्गुन १४ | श्री जय श्री बाराहि अजिमा निर्माण सेवा | ३००९९५१.२७ |
| १९ | डोके बजार देखि ५ न. वडा कार्यालय जाने वाटो महेन्द्र राजमार्ग देखी होम स्टे जाने बाटोकालोपत्रे वडा न ४ राजमार्ग देखि डिभिजन वन तुल्सिपुर जाने वाटो कालोपत्रे वडा न. १० र सुखड लठुवा रोड कालोपत्रे वडा न. १ | NCB/GMUN/WORKS/02/2079/080 | 20७९माघ २० | श्री के एस टेडि मणिलेक जोईन्ट भेन्चर | २००००००. |
| २० | नगर अस्पताल देखि विशालचोक | NCB/GMUN/WORKS/06/2079/080 | 20७९माघ 2 | श्री ओम मष्टा निर्माण सेवा | ४२०००००. |
| २१ | धर्मशाला | NCB/GMUN/WORKS/02/2081/082 | २०८१ पुष १२ | जेसिका रामारोशन जे भी | १४१७८५०८.२६ |
| २२ | नगर अस्पताल | NCB/GMUN-WORK/04/2077/078 | २०७८ वैशाख २९ | बराह डेभलोपर्स | ९५३२९३६६.९७ |
| २३ | छात्रावास | GMUN/WORKS/03/081/082 | 2081 मंसिर २४ | न्यू कुमारी कन्स्ट्रक्सन | २०१९९५१.८४ |

७५ **स्रोत सुनिश्चतता बेगर खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिद कारबाहीको तयारी गर्दा खरिद आवश्यकताको पहिचान गरेर मात्रै खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष निम्न दुई योजनाको रू.२६,८७,१४०।०० खर्च गरी डिपिआर तयार

गरेकोमा बजेट विनियोजन भएको देखिएन । यसरी स्रोत सुनिश्चतता नगरी डिपिआर तयार गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| क्र.सं. | भौचर नं. | कामको विवरण/ डीपिआरको विवरण | परामर्शदाताको नाम र ठेगाना | सम्झौता रू. (मूअकरसहित) | भुक्तानी रू. | डिपिआरबाट कायम भएको लागत अनुमान (रू.) | बजेट विनियोजन भएको वा नभएको |
|---|---|---|---|---|---|---|---|
| १ | ३३९।२०८२।३।२५ | Preparation of Detail Project Report of Asna Baba Mandir Ghodaghodi Municipality ward no 12,kailali | श्री प्रकृती कन्स्ट्क्सन एण्ड ईन्जिनियरिङ्ग कन्स्लटेन्सी प्रा.लि. घोडाघोडी ४ कैलाली | 991010 | 991010 | ४८६१३५००२.०१ | नभएको |
| २ | ३४१।२०८२।३।२५ | Preparation of Master Plan and Detailed Project Report of Renovation of Mohanyal Temple and Develop Surrounding Amenities in ghodaghodi municipality-8 | कृथ्य स्टुडियो प्रा.लि. | 396630 | ३९६६३० | ६२०९६४६३.०९ | नभएको |
| ३ | १०७३।२०८२।३।२५ | Detail Engineering Survey ,Soil Investigation and Detail Design of Kauwa Khola Motorable Bridge ward no 4 | श्री भिजनरी सिभिल सोलुसन प्रा.ली | 1299500 | 1299500 | २२४६१०५४.९१ | नभएको |
| जम्मा रू. | | | | | २६८७१४० | ५४८२३१४६५।१ | |

## ७६ अन्तर निकाय समन्वय

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम १६ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने र जिल्लास्तरीय आयोजना अनुसूची-३ मा उल्लेख भए बमोजिम स्वीकृत गरी कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। राष्ट्रिय यातायात नीति, २०५८ मा केन्द्रीय सडक प्रणाली अन्तर्गत रहेका राष्ट्रिय राजमार्ग, फिडर सडक, बढी सवारी चाप भएको शहरी सडक, बिद्युत, पर्यटन, उद्योग र महत्वपूर्ण स्थानमा जोडिने सडक बाहेक नगर र गाउँ क्षेत्रको सडक निर्माण, मर्मत तथा सुधारको सबै काम सम्बन्धित स्थानीय तहबाट जनसहभागिता जुटाई सञ्चालन गरिने उल्लेख छ। यद्यपी, संघीय सरकार अन्तर्गत सडक विभाग र मातहतका सडक डिभिजनहरु, प्रदेश मन्त्रालय र अन्तर्गतका पूर्वाधार विकास कार्यालयहरु र स्थानीय तहहरुबीच कार्यक्रम स्वीकृति र कार्यान्वयन गर्दा समन्वय हुने गरेको देखिँदैन । कार्यक्रम सञ्चालन गर्ने निकायबीच समन्वय नहुँदा एउटै सडक वा योजना स्थलमा एक भन्दा बढी निकायबाट कार्यक्रम सञ्चालन हुन सक्ने अवस्था रहन्छ। सञ्चालित सडक निर्माण तथा मर्मत कार्यहरुको चेनेज, लम्बाई, चौडाई आदि खुल्ने विवरण र कार्यक्रमगत खर्चको अभिलेख समेत राख्न सकेको छैन। यसका लागि संघीय

सरकार अन्तर्गतका डिभिजन सडक कार्यालय र आयोजनाहरुको जिम्मेवारीमा रहने, प्रदेश पूर्वाधार विकास कार्यालयहरु र स्थानीय तहको जिम्मेवारीमा रहने सडकहरुको स्पष्ट रुपमा कार्य बिभाजन गरी काममा हुनसक्ने दाहोरोपनालाई नियन्त्रण गरिनु पर्दछ।

७७ **उपभोक्ता समितिबाट कार्य**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची-१ मा तोकिएको ढाँचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिबाट कार्यहरु गराउँदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्नेमा गरेको पाईएन ।

७८ **स्वीकृत कार्यक्रम बिपरित खर्च**

आर्थिक कार्यबिधि तथा बित्तिय उतरदायित्व ऐन, २०७६ दफा १९ मा स्वीकृत बजेट र कार्यक्रमको कार्यान्वियन र नियमावली २०७७ को नियम २३ र ३८ मा कार्यक्रम संशोधन र खर्चको ब्यबस्था गरेको छ । ऐन तथा नियमावलीको ब्यबस्था अनुसार एक खर्च शिर्षकमा बिनियोजित रकम रकमान्तर तथा श्रोतान्तर नगरी अन्य शिर्षकमा खर्च गर्न हुदैन । पालिकाले सार्बजनिक निर्माणका लागि बिनियोजित बजेटबाट निम्नानुसार अन्य कार्यक्रममा खर्च गरेको पाईयो । यसरी स्वीकृत कार्यक्रम बिपरित भएको खर्च रकम रु. २७,२९,८६०।- आवश्यक प्रकृया पुरा गरी नियमित हुनु पर्दछ । रु..

| सि.न. | ब.उ.शि.नं. | गो.भौ./ मिति | स्वीकृत कार्यक्रमको नाम | बजेट रकम | खर्च भएको कार्यक्रमको नाम | बजेट खर्च रकम रु. |
|---|---|---|---|---|---|---|
| १. | पालिका पूँजिगत | १८४। ०८२।३। १६ | मेशिनरी तथा औजार खरिद | १७६७८८५ | कार्यालय समान तथा मसलान्द खरिद | १७६७८८५ |
| २. | पालिका पूँजिगत | १४७। ०८२।३। १० | मेशिनरी तथा औजार खरिद | ५४१३२६ | फर्निचर तथा फर्निसिङ्ग सामान खरिद | ५४१३२६ |
| ३. | पालिका पूँजिगत | ६८।०८२। १।२५ | गत आ.व.को भुक्तानी दिन बाँकी योजना तथा कार्यक्रम | ४०९१४९ | कार्यालय समान खरिद तथा ए.सी. मर्मत | ४०९१४९ |
| ७. | पालिका पूँजिगत | २।०८१। ६।१४ | गत आ.व.को भुक्तानी दिन बाँकी योजना तथा कार्यक्रम | ११५०० | कार्यालय सामान खरिद | ११५०० |
| | | | | | **जम्मा** | **२७२९८६०** |
| | | | | | अनियमित भएको | २७,२९,८६० |

७९ **सार्बजनिक निर्माण ब्यबस्थापन**

सार्बजनिक निर्माण ब्यबस्थापन सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन:-

संरचनाको अभिलेखः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि पूर्वाधार विकास कार्यालयले आफ्नो क्षेत्राधिकारभित्र रहेका पुल, कल्भर्ट, सडक लगायतका संरचनाहरुको निर्माण एवं संचालन अवस्था र लागत खुलाई अभिलेखाङ्कन अद्यावधिक गरी राख्नु पर्नेमा तद्अनुसार अभिलेख राखेको देखिएन। निर्मित संरचना खुल्ने गरी नापी किताब समेत अद्यावधिक छैन। निर्मित संरचना, निर्माणाधिन एवं प्रस्तावित संरचनाको अभिलेख, सो को संचालन अवस्था, मर्मत

सम्भार कार्य योजनाका लागि आवश्यकता पहिचान सर्वेक्षण, डिटेल डिजाइन लागत अनुमान तयारी गर्दा चेनेज डिजाइनमा GPS को माध्यमले स्थान पहिचान र अभिलेख खुल्ने संयन्त्रको विकास गरी सिस्टमबाट नै अभिलेख राख्ने र हेर्न मिल्ने व्यवस्था मिलाउनु पर्दछ। अन्तर निकाय समन्वय, संरचना निर्माणमा दोहोरोपनाको अन्त्य र अभिलेख व्यावस्थापनका लागि GPS बाट अभिलेख (Geodetic Coordinate बाट Geographic Information System को माध्यमले अभिलेख) राख्ने व्यवस्था तत्काल मिलाउनु पर्दछ।

कार्य सम्पन्न प्रतिवेदन: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ। तर कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन।

गुणस्तर परिक्षण- सार्बजनिक खरिद तथा निर्माण संझौता कार्यान्वियन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित बिभिन्न ठेक्काहरुमा प्रयोग हुने निर्माण सामाग्रीहरु रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण ठुला केहि ठेक्काहरुमा गरेको प्रमाण पेश भए पनि अधिकांश साना ठेक्काहरु र उपभोक्ता समितिहरुबाट भएका निर्माण कार्यको परिक्षण भएको पाईएन । जसबाट सार्बजनिक निर्माणमा प्रयोग भएका सामाग्रीहरु तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

बीमा नगराएको:-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीस लाख रुपैयाँभन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यववसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार तथा प्लाण्ट, तेश्रो पक्ष बीमा र निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ । त्यसरी गर्ने बीमाको अवधि कम्तिमा त्रुटी सच्याउने अवधि बराबर हुनुपर्ने व्यवस्था छ । पालिकाबाट यो वर्ष संचालित योजनाहरुको नमुना परीक्षण गर्दा ठुला योजनाहरुको बीमा गराएको भएपनि मझौला तथा साना योजनाहरुको बीमा गराएको देखिएन । अतः नियमानुसार सार्बजनिक निर्माण योजनाहरु बीमा गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

## ८० **अमानतबाट कार्य**

अमानतबाट कार्य:- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सार्वजनिक निकायले बिशेष परिस्थिति सृजना भएमा १ लाख रुपैयामा नबढाई अमानतबाट काम गराउन सक्ने उल्लेख छ । कार्यालयले निम्न भौचरबाट अमानतबाट काम गराई गरेको पाईयो । नियमावलीको प्रावधान विपरित तोकिएको बजेट सिमा नघाई योजनाको काम अमानतबाट गराई भुक्तानी गरेको नियमसम्मत देखिएन । कार्यालयले अमानतबाट कार्य गराउने प्रकृयामा नियन्त्रण हुनपर्दछ ।

| सि.नं. | ब.उ.शि.नं. | गो.भो./ मिति | योजनाको नाम | भुक्तानी पाउने व्यक्ति/ कर्मचारी/ संस्थाको नाम | भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|
| १. | पालिका पूँजिगत | २६९।०८२।३।२४ | नगरपालिका कार्यालयमा ट्रस निर्माण तथा ब्यबस्थापन | कमल आचार्य | १३९०३९ |
| २. | पालिका पूँजिगत | २१५।०८२।३।१९ | नगरस्वास्थ्य भवन मर्मत | प्रतिखेत नगर स्वास्थ्य केन्द्र | ९१७७३ |
| ३. | पालिका पूँजिगत | २१३।०८२।३।१८ | मन्दिर ब्यबस्थापन तथा निर्माण | खरिदार धनीराम डगौरा थारु | ३६६४० |
| | | | | **जम्मा** | **२६७४५२** |

## ८१ **च्यानेज (CHAINAGE) नखुलेको**

कार्यालय अन्तर्गतका निम्न सडकहरुको बिभिन्न स्थानमा फरक निर्माण ब्यबसायीहरुबाट कार्य गराएको पाईयो । उक्त सडकको बिभिन्न स्थानमा बोलपत्र, शिलबन्दी दरभाउ पत्र र सोझै खरिद बिभिबाट सडक निर्माण तथा मर्मत सम्बन्धि कार्य गराएको पाईयो । यसरी एकै सडकको फरक फरक स्थानमा निर्माण तथा मर्मत कार्य गराउँदा चेनेज खुलाई लागत अनुमान तयार गर्नु पर्नेमा गरेको पाईएन । यसरी चेनेज तथा कार्य स्थल नखुलाएको कारण निर्माण कार्यको OVER LAPPING भई दोहोरो नापी हुन सक्ने, एउटा निर्माण ब्यबसायीको दायित्व भित्रको कार्य अर्को निर्माण ब्यबसायीबाट भई भुक्तानी हुने सम्भावना रहन्छ । उल्लेखित योजनाहरुको कार्यस्थलको DEMARCATION तथा चेनेज नखुलेको कारण सडकको फरक फरक खण्डमा कार्य भए नभएको एकिन गर्न सकिएन । यसमा कार्यालयले ध्यान दिएको पाईएन ।

८२ **योजना तयारी र स्वीकृती**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसारको कार्याविधि अपनाई योजनाको सम्भाव्यता अध्ययन, लागत अनुमान तयारी र योजना स्वीकृत गराई कार्य गर्नुपर्नेमा कार्यालयले कार्यक्रम र वजेट प्रस्ताव गरी पठाउने गरेको देखिएन।केन्द्रीय निकायवाट योजना र वजेट प्राप्त भए पश्चात मात्र लागत अनुमान तयारी कार्य गर्ने गरको देखियो।जनताको माग र सम्भाव्यताको आधारमा छनौट भएका योजना कार्यान्वियन गर्नुपर्नेमा केन्द्रवाट प्राप्त भएका योजना मात्र कार्यान्वियन गर्ने गरेकोले योजना तर्जुमाको प्रक्रिया तलवाट माथि जाने नभई माथिवाट तल जाने पद्धती अपनाईएकोमा यसमा नियन्त्रण हुनुपर्दछ ।

८३ **डि.एल पि.अभिलेख**

सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी.मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन।यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको एकिन गर्ने सक्ने अवस्था रहेन।अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

८४ **AS BUILT DRAWING**

सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित ठुला योजनाको समेत AS BUILT DRAWING पेश भएको पाईएन । यस्तो प्रतिबेदन पेश गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

८५ **कन्टिन्जेन्सी खर्च गर्ने कार्यबिधि**

कार्यालयले कन्टिन्जेन्सी खर्च गर्दा बजेट खर्च (कन्टिन्जेन्सी) छान्नु पर्नेमा ब.ख. योजनाको नाम उल्लेख गरेको कारण कन्टिन्जेन्सीमा अनियन्त्रित खर्च हुने संम्भावना देखियो । कार्यालयले प्रत्यक पूँजिगत खर्च भौचरबाट कन्टिन्सी कट्टी गरी उक्त रकमलाई बिबिध खर्च खातामा राखी खर्च गर्नु पर्दछ । यसरी ब.ख. योजनाको नाम उल्लेख गरी कन्टिन्जेन्सी खर्च गरेको कारण कन्टिन्जेन्सी खर्च बढी भए नभएको सम्बन्धमा पालिकाले छानबिन गरी एकिन गर्नु पर्दछ ।

८६ **कन्टिन्जेन्सी खर्चको सिमा**

सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन (दोस्रो संशोधन) सम्बन्धी कार्यबिधि,२०७६ को दफा ६ मा कन्टिन्जेन्सी खर्च गर्दा ३० लाखसम्म ३ प्रतिशत, ३० लाखदेखि ५० लाखसम्म २ प्रतिशत र ५० लाखभन्दा बढी बजेट खर्चमा १ प्रतिशतसम्म खर्च गर्न पाउने ब्यबस्था रहेको छ । कार्यालयले लागत अनुमान तयार गर्दा बजेट खर्चको ४ प्रतिशत कन्टिन्जेन्सी राखी खर्च गरेको पाईयो । यसरी कार्यबिधि बिपरित तोकिएको सिमा नघाई बढी खर्च गर्नु नियमसम्मत देखिएन । यसरी बढी खर्च गर्ने प्रबृतिमा नियन्त्रण हुनुपर्दछ । यसरी बढी खर्च भएको कन्टिन्जेन्सी रकम कार्यालयले एकिन गरी असुल हुनुपर्दछ । कार्यालयले कन्टिन्जेन्सी खर्च

गर्दा बजेट खर्च (कन्टिन्जेन्सी) छान्नु पर्नेमा ब.ख. योजनाको नाम उल्लेख गरेको कारण कन्टिन्जेन्सीमा अनियन्त्रित खर्च हुने संम्भावना देखियो । कार्यालयले प्रत्यक पूँजिगत खर्च भौचरबाट कन्टिन्सी कट्टी गरी उक्त रकमलाई बिबिध खर्च खातामा राखी खर्च गर्नु पर्दछ । यसरी ब.ख. योजनाको नाम उल्लेख गरी कन्टिन्जेन्सी खर्च गरेको कारण कन्टिन्जेन्सी खर्च बढी भए नभएको सम्बन्धमा पालिकाले छानबिन गरी एकिन गर्नु पर्दछ ।

## ८७ लागत साझेदारी

८७.१ (३७-2082-03-24):

**बढी भुक्तानी** -

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **२८८,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८७.२ (३६-2082-03-24):

**बढी भुक्तानी** -

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **३६२,१६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८७.३ (३२९-2082-03-25):

**बढी भुक्तानी** -

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **४९१,०९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ८८ नापी किताब/कार्य सम्पन्न प्रतिवेदन

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार सार्बजनिक निर्माण कार्यको कार्य सम्पन्न प्रतिबेदन तयार गर्नुपर्ने ब्यबस्था गरेको छ । त्यस्तै सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३(१ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने ब्यबस्था छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भरपाईको आधारमा लेखा राख्नु पर्ने, त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद भएका निर्माण सामाग्रीहरु सम्बन्धित योजनामा जडान भएको वानी किताब, कार्यसम्पन्न प्रतिबेदन र बितरण भरपाई पेश भएन । अत: कार्यालयबाट सार्बजनिक निर्माण कार्यसँग सम्बन्धित बितरण भरपाई, नापी किताब र कार्यसम्पन्न प्रतिबेदन पेश हुनुपर्दछ ।रु.

| सि.नं. | गो.भौ./ मिति | भुक्तानी पाउने फर्मको नाम | बिजक नं./ मिति | मालसामानको विवरण | परिमाण | भुक्तानी दर (मू.अ.कर सहित) | कुल भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १. | ३१७। ०८२।३। २५ | कलावती गुड्स सप्लायर्स, टिकापुर | ४५। ०८२।३। २२ | ग्याबियन जाली (२*१*१) | १०० | ४११७।१६ | ४२१७१६ |
| २. | ३२६। ०८२।३। २५ | बोहरा कन्ष्ट्रक्सन, धनगढी | २३। ०८२।३। २३ | ग्राभेल खरिद | ६९७.२० | १३७५।७८ | ९५९१९४ |
| ३. | ३२८। ०८२।३। २५ | बर्दगोरिया ह्युम पाईप एण्ड कंक्रिट उद्योग प्रा.लि., कैलाली | ९०। ०८२।३। १६ | NP3 Hume Pipe 1200 mm | ६ | ५४९१८ | ३२९५०८ |
| | | | | NP3 Hume Pipe 900 mm | १४ | ३९७७६। ०० | ५५६८६४ |
| | | | | NP3 Hume Pipe 450 mm | ४ | १७७४१। ०० | ७०९६४ |
| ४. | २९४। ०८२।३। २४ | फार वेष्ट कन्ष्ट्रक्सन प्रा.लि., कैलाली | ०३। ०८२।३। २० | NP3 Hume Pipe 600 mm | १२ | २४२४८।६७ | २९०९८४ |
| | | | | NP3 Hume Pipe 450 mm | १० | १७७७७। १६ | १७७७७२ |
| ५. | २८९। ०८२।३। २४ | सोमनाथ कन्ष्ट्रक्सन, धनगढी कैलाली | खाली। ०८२।१। ९ | NP3 Hume Pipe 600 mm | २ | २४२२१।५५ | ४८४४३ |
| | | | | NP3 Hume Pipe 300 mm | २ | १४१३६। ३० | २८२७३ |
| | | | | NP3 Hume Pipe 450 mm | २३ | १७७५२। ३० | ४०८३०३ |
| ६. | ३३५। ०८२।३। २५ | यु. एम. कन्ष्ट्रक्सन, कैलाली | २३। ०८२।३। १७ | NP3 Hume Pipe 600 mm | १६ | २४०६९। ०० | ३८५१०४ |
| | | | | NP3 Hume Pipe 450 mm | ६ | १७७४१। ०० | १०६४४६ |
| ७. | ३०२। ०८२।३। २४ | एच.के. कन्ष्ट्रक्सन, साँफेबगर | ०१। ०८२।३। २० | NP3 Hume Pipe 600mm | २० | २४२२७। ०० | ४८५५४० |
| | | | | NP3 Hume Pipe 450 mm | १९ | १७७६३। ६० | ३३७५०८ |
| | | | | NP3 Hume Pipe 300 mm | १० | १४१८१।५० | १४१८१५ |
| ८. | ३००। ०८२।३। २४ | निक्षित कन्ष्ट्रक्सन प्रा.लि., कैलाली | ०८। ०८२।३। २० | NP3 Hume Pipe 900mm | ३ | ३९५५०।०० | ११८६५० |
| | | | | NP3 Hume Pipe 600 mm | ५ | २४१८२। ०० | १२०९१० |
| | | | | NP3 Hume Pipe 450 mm | १६ | १७६२८। ०० | २८२०४८ |
| | | | | NP3 Hume | ११ | १४०१२। | १५४१३२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | Pipe 300 mm | | ०० | |
| | | | | | | **जम्मा** | **५४२४१७४** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५४,२४,१७४ |

८९ **प्राकृतिक श्रोतको रोयल्टी**

सुदूर पश्चिम प्रदेश आर्थिक ऐन. २०८१ को दफा ८(१), अनुसुचि-६ को खण्ड (क) बमोजिम पालिकाले प्रदेश सरकारले तराई क्षेत्रकालागि तोकेको ढुङ्गा, गिट्टी, रोडा, ग्राभेल, चट्टान, स्लेट. बालुवा र चिप्सको लागि रु. ६ प्रति घन फिट, माटो, भरौट, बलौट र ईट्टा बनाउने माटो जस्ता निर्माण समाग्रीमा रु.४ प्रति घन फिटको दरले र दहत्तर/बहत्तरको रु. २ प्रति के.जी. का दरले रोयल्टी असुल गर्नु पर्ने ब्यबस्था रहेको छ।पालिकाले ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट लागयतका स्थानिय निर्माण सामाग्रीहरुको रोयल्टी संकलनका लागि ठेक्का लगाएको छैन । बिभिन्न योजनाहरुमा स्थानिय खोलनाला र खानीहरुबाट संकलन गरिएको निर्माण सामाग्री प्रयोग गरेको पाईएको हुँदा सो बापतको रोयल्टी रकम गणना गरी असुल गर्नु पर्नेमा सो समेत गरेको पाईएन । पालिकाबाट निम्नानुसारका बिभिन्न योजनामा प्रयोग भएको निर्माण सामाग्री बापतको रोयल्टी रकम असुल गरेको नपाईएको हुँदा आगामी दिनमा असुल भएको प्रमाण सहित नियमित हुनुपर्दछ ।रु.

**(विस्तृत विवरण बेरूजु दफा ८९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९० **ब्यबसायिक तथा निजी संस्थालाई अनुदान**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा बितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानिय पूर्वाधार बिकास तथा दिर्घकालीन पूँजि निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । जसबाट जबकमाउने उद्देश्यले स्थापित लगायत निजी स्वामित्वका संस्थाहरुलाई अनुदान दिन तथा अन्य कार्यका लागि रकम खर्च गर्न मिल्दैन । कार्यालयले निम्न बहुउद्देश्यिय कृषि सहकारी संस्थालाई अनुदान उपलब्ध गराएको पाईयो । यसरी बिभिन्न स्थापनाको उद्देश्य तथा आफ्नै बजेट ब्यबस्थापना भएका निजी संस्थाहरुलाई भुत्तानी दिनु नियमसम्मत देखिएन । पालिकाबाट भुक्तानी भएको रकम रु. ४,६७,३३४।- का सम्बन्धमा अनुदान दिनुको आवश्यकता र औचित्य पुष्टी हनुपर्दछ । यसरी भुक्तानी भएको रकम असुल हुनपर्दछ । रु.

| सि.नं. | ब.उ.शि.नं. | गो.भो./ मिति | अनुदान पाउने संस्थाको नाम | अनुदानको प्रयोजन | खुद भएको कार्य | अनुदान रकम रु. |
|---|---|---|---|---|---|---|
| १. | पालिका पूँजिगत | २७१।०८२।३।२४ | बडी केदार कृषि सहकारी, घोडाघोडी न.पा.-६ | सहकारी भवन निर्माण | ५२३४३७।- | ४६७३३४।- |
| | | | | **जम्मा** | **५२३४३७।-** | **४६७३३४।-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,६७,३३४ |

९१ **राजश्वतर्फ**

देशव्यापी भएको मिति १०८२।०५।२३,२४ र २५ गतेको जेन जि- आन्दोलनको क्रममा घोडाघोडी नगरपालिकाको कार्यलयमा आगजानी, तोडफओड गरी भवन लगायता जिन्सी मालसामान नष्ट भएको देखिन्छ । इलाका प्रहरी कार्यालय, सुखडले मिति २०८२।०६।२३ मा सर्जिमनी मुचुल्का बनाई पेस गरेको छ । यस पालिकाको राजश्व शाखामा रहेका कागजात तथा जिन्सी सामग्री पनि नष्ट भएको पाइयो । राजश्व शाखा सम्बन्धी थप बेहोराहरु निम्न छनः

९१.१ **राजश्व दाखिलाः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ (६) बमोजिमजिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरि स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ।साथै सोहि नियम अनुसार तोकिएको समयमा राजस्व रकम दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालयले १० प्रातिशत जरिवाना गरि नगद दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागिय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिका अन्तर्गत १२ वटा वडाकार्यालयहरुले ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला नगरेको पाइएकोले उक्त संकलित राजस्व रकम ऐनमा भएको व्यवस्था बमोजिम बैङ्कमा तोकिएकै समयमा दाखिला गर्नुपर्दछ ।

| वडा नं. | कुल संकलित रकम | बैंकमा जम्मा भएको रकम | दाखिला हुन बाकी रकम |
|---|---|---|---|
| १ | २७४०६३२ | २७४०६३२ | ० |
| २ | १०७०८९३ | १०७०८९३ | ० |
| ३ | ९१४६३५ | ९१४६३५ | ० |
| ४ | ३३१३५३७ | ३३१३५३७ | ० |
| ५ | ७४०९३७ | ७४०९३७ | ० |
| ६ | १८५६३५२ | १८५६३५२ | ० |
| ७ | ८३०४३१ | ८३०४३१ | ० |
| ८ | ३५०९२३० | ३५०९२३० | ० |
| ९ | ४०९६७२३ | ४०९६७२३ | ० |
| १० | २३९४४९० | २३९४४९० | ० |
| ११ | ७०२११२ | ७०२११२ | ० |
| १२ | ६७२११८ | ६७२११८ | ० |
| पालिका | १००४९०६४ | १००४९०६४ | ० |
| जम्मा | ३२८९११५४ | ३२८९११५४ | ० |

९१.२ **दहत्तर बहत्तर शूल्कः** रसिद नियन्त्रण खाता स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी प्राप्त गर्दा नगदी रसिद कट्टी गरी त्यसलाई दैनीक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ। सोही को दफा ७२(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले दहत्तर बहत्तरबाट राजश्व असुलीमा प्रयोग हुने रसिद के कति छपाई गरेको, गत विगतका बाँकी रसिद र यो वर्ष कति खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसिद पठाएको हो सो खुल्ने रसिद नियन्त्रण खाता राख्ने गरेको जनाएको छ। लेखापरीक्षणको क्रममा पालिकाले मिति २०८२।०५।२३।र २४ गते देशव्यापी भएको घटना पालिकामा पनी घटेको र आगजनी भएर राजश्व शाखामा रहेका प्रमाण नष्ट भएको जानकारी दिएको छ । रसिदको संख्या एकिन हुन सकेन ।

९१.३ **नदीजन्य पदार्थको उत्खननः** पालिका अन्तर्गतका डोडा, झिगे झाला, कान्द्रा कन्द्री र टेड्ना नदीबाट नदिजन्य पदार्थ उत्खनन् गर्ने उद्देश्यले गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा ३७८३८० घन मिटर उत्खनन गर्न मिल्ने उल्लेख छ । पालिकाले सोही परिमाणलाई आधारमानी ठेक्का आहवान गरेकोमा कान्द्रा नदीकोलागि मात्र ठेक्का सम्झौता भएको छ । ओम विरभद्र कन्स्ट्रकशसंग रु. १७४९९९७६।६५ (मू अ करसहित) मा नदिजन्य पदार्थ उत्खननको लागि ठेक्का सम्झौता भएकोमा पालिकाले तोकिएका नदिहरुबाट के कति नदिजन्य पदार्थ उत्खनन भएको तथा उत्खनन हुन बाँकी परिमाण सम्बन्धमा केहि उल्लेख गरिएको छैन। साथै अन्य नदिबाट अमानतबाट संकल भएको रू. ११९०७२७४।०१ रकम दाखिला भएको छ। ठेक्का र अमानत गरी रू.२९४०७२५०।६६ रकम दाखिला भएकोमा कुन नदिबाट कति रकम संकलन भएको एकिन हुन सकेन । वितरण गरिएका रसिद संख्या एकिन हुन सकेन ।

| क्र.सं. | स्रोत/ खोला | वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन उत्खनन गर्ने सकिन परिमाण (घन मि.) |
|---|---|---|
| १ | डोडा नदी | ८१००० |
| २ | झिंगे झाला नदी | ८१००० |
| ३ | कान्द्रा नदी | ८०९८० |
| ४ | टेड्ना नदी | ८१००० |
| ५ | कन्द्री नदी | ५४४०० |
| | जम्मा | ३७८३८० |

९२ **संचितकोषमा दाखिला**

सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८१ को ५(३) र ८ (४) बमोजिम गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले स्थानीय विभाज्य कोषमा जम्मा गरेको रकम बाँडफाँट गरी साठी प्रतिशत सम्बन्धित स्थानीय तहको सञ्चित कोष र चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिल गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायको रकम प्रदेश संचितकोषमा दाखिला गरेको छैन । सो रकम दाखिला गरेको प्रमाण पेस गर्नुपर्दछ । रू.

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनुपर्ने प्रतिशत | पठाउनुपर्ने रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| विज्ञापन कर | ९४५० | ४० | ३७८० | नपठाएको |
| दहत्तर बहत्तर शुल्क | २९४०७२५०.६६ | ४० | ११७६२९००.३० | नपठाएको |
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | ० | | | नपठाएको |
| जम्मा | २९४१६७००.६६ | | ११७६६६८०.३० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१७,६६,६८०.३ |

९३ **नगरप्रमुख आवास कार्यक्रम**

पालिकाले नगरप्रमुख आवास कार्यक्रम अन्तरगतसुरक्षित आवास निर्माणको लागि UN Habitat को ह्याविटेटाट नेपाल को स्थानीय साझेदारी राष्ट्रिय दलित नेटवर्कसँग साझेदारीमा प्रति घरलागत रू.५५००००।०० मा पालिकाको अंश रु.३००००० रहने गरी संस्था सँग मिति २०८१।१०।१४ मा सम्झौता गरी घोडाघोडी नगरपालिकाको वडा नं. ५,७ र १२ मा २० वटा नयाँ घर निर्माणको लागि पालिकाबाट कुल रु.५४५०३७८।०० खर्च लेखेको छ । निर्मित आवास सम्बन्धित व्यक्तिलाई हस्तान्तरण भैसकेको अवस्थामा पालिकाले निर्मित संरचनाको पूर्ण सदुपयोग तर्फ ध्यान पुर्याउनुपर्दछ ।

९४ **सुरक्षित नागरिक आवास**

ब उ शी नं. ८०७७७४०३५०१ को गो भौ ३२।०८२।०३।२३) सुरक्षित नागरिक आवासकार्यन्वयन कार्यविधि, २०७५ को बुदा ५ (७) र ५ (८) मा क्रमस पहिलो किस्ता वापत ६० प्रतिशत र दोस्रो किस्ता बापत ४० प्रतिशत रकम उपलव्ध गराउनु पर्ने व्यवस्था छ। सोही अनुसार यस पालिकाको लागि छनौट भएका लाभग्राही संख्या १२५ को लागि प्रति लाभग्राही पचहत्तर हजारका दरले अनुदान दिने व्यवस्था भएको देखिन्छ। लेखापरीक्षणको लागि पेश भएको विवरण अनुसार यस वर्ष पालिकाका ५ जना लभाग्राहीहरुले रू.९५७२०।०० भुक्तानी गरेको छ । खर्चले लाभग्राहीलाई सुविधा पुगे नपुगेको अनुगमन गर्नुपर्दछ ।

९५ **घोडाघोडी नगर अस्पतालतर्फ**

९५.१ **घोडाघोडी नगर अस्पतालः** यस अस्पतालको आ.व. २०८१।८२ को कुल आय रू.४१३०४४४।०० र पालिकाबाट निकासा रकम रू.१९१४०६६।०० गरी जम्मा बजेट रू.६०४४५१०।०० रहेको छ । यसबाट अस्पतालले संचालन तथा व्यवस्थापनमा यस वर्ष रू.४१५५६२३।०० खर्च गरेको छ । अस्पतालको यस आ.व.को मौज्दात रू.१८८८८८७।०० देखिएको छ । अस्पतालको आय बढाई संचालन तथा व्यवस्थापनलाई चुस्त बनाउनतर्फ ध्यान दिनुपर्दछ ।

| गत आ.व.को अल्या | यस आ.व. को आन्तरिक आय | जम्मा आय | पालिकाबाट निकासा | जम्मा वजेट | खर्च | बचत |
|---|---|---|---|---|---|---|
| ४५७७६८ | ३६७२६७६ | ४१३०४४४ | १९१४०६६ | ६०४४५१० | ४१५५६२३ | १८८८८८७ |

९५.२ **सेवा प्रवाहः** अस्पतालले तयार गरेको आ.व २०८१।८२ को Activity profile अनुसार प्रदान गरेको सेवा प्रबाहको स्थिति निम्नानुसार छन । सेवा प्रवाहलाई अझ प्रवाहकारी बनाउन कार्यालयले ध्यान दिनुपर्दछ ।

| सि.नं. | सेवाको नाम | संख्या |
|---|---|---|
| १ | नँया विरामी दर्ता | ७२३७ |
| २ | ओपिडी | ४०४८ |
| ३ | खोप सेवा | ६४९ |
| ४ | गाँउघर क्लिनिक | ६५२ |
| | जम्मा | १२५८६ |

९६ **उपभोक्तालाई ओभरहेड सहित भुक्तानी**

ब उ शी नं. ८०७७७४०३५०२ को गो भौ २।०८१।१२।१३) सार्बजनिक खरिद नियमावली-२०६४ को अनुसूचि-१ मा सार्बजनिक निर्माण कार्यको लागत अनुमान तयार गर्दा मात्र १५ प्रतिशत ओभरहेड जोडन मिल्ने देखिन्छ । नियमावलीमा मालसामान खरिदका लागि लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड जोडन मिल्ने ब्यबस्था गरेको छैन । पालिकाले धुसर गाँउमा डिप वोरिङ निर्माण योजनामा लागत अनुमान तयार गर्दा निर्माण आइटममा १५ प्रतिशत ओभरहेड जोडेको पाइयो । पालिकाले रू.२५१२२३२।७२ रकमको डिप वोरिङ योजनामा उपभोक्ताको अंश २० प्रतिशत रू.५२२३२५।९५ कट्टा गरी रू.१९८९९०६।७७ भुक्तानी गरेको छ । पालिकाले भुक्तानी गरेको रू.१९८९९०६।७७ मध्ये निर्माण कार्यको लागत रू.१०७८६५६।७७ मा १५ प्रतिशत ओभरहेड बढी भुक्तानी भएको देखिन्छ । अतः १५ प्रतिशतले हुन आउने रू.१६१७९८।०० सम्बन्धीतबाट असुल हुनुपर्दछ । रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६१,७९८ |

९७ **लघु उद्यम**

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को तालिका नं. १ मा उद्यमी सिर्जना तथा स्तोरन्नतिका लागि बजेट तर्जुमाको दायरा उल्लेख गरेको छ । पालिकाद्धारा आ.व. २०८१/०८२ मा सञ्चालित कार्यक्रमहरु निम्नाअनुसार छन् । अतः कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ । पालाकाले उक्त तालिमबाट उद्यमिमा परेको प्रभाव मुल्याङ्कन गरिएको छैन । अत: सञ्चालित तालिमबाट लाभान्वित भएका उद्यमीहरुले आर्जन गरेको ज्ञान, सीप, अनुभव र प्रदान गरिएको प्रविधि बमोजिमको व्यवसाय तथा रोजगार प्राप्त गर्ने नगर्ने सम्बन्धमा कार्यक्रमको प्रभावकारिताको लेखाजोखा पालिकाबाट हुनुपर्दछ ।

| क्र.स. | कार्यक्रम को नाम | बजेट रु | खर्च रु | गरेको काम | लाभांवित संख्या |
|---|---|---|---|---|---|
| १ | उद्यमिहरुको स्तरउन्नती तालिम | ३४००००।०० | ३४००००।०० | दुनाटपरी र आलु चिप्स सम्बन्धी | २ समुहका २६ जना उद्यमीहरु |
| २ | नयाँउद्यमी सिर्जना कार्यक्रम | २८६००००।०० | २२६००००।०० | तलब सहित दुना टपरी, अचार, थारु लेहेङ्गा चोली, बाँस हस्तकला, | ८९ जना नयाँ उद्यमीहरु |
| | **जम्मा** | **३२,००,०००।००** | **२६,००,०००।००** | | |

९८ **जिन्सी व्यवसथापन**

९८.१ जिन्सी निरीक्षण: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९, (१) मा कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराई महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्नेछ । तेस्तै उपदफा (४) उपनियम (१) वमोजिमको प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले त्यस्तो प्रतिवेदनको एक प्रति तालुक कार्यालयमा पठाउनु पर्नेछ । तालुक कार्यालयले त्यस्तो प्रतिवेदनको विषयमा एक महिनाभित्र कुनै निर्देशन दिएमा कार्यालय प्रमुखले सो समेतलाई विचार गरी र सो अवधिभित्र कुनै निर्देशन प्राप्त नभएमा लिलाम बिक्री गर्नु पर्ने सम्पत्ति तथा जिन्सी मालसामानको हकमा नियम १०६ बमोजिम लिलाम विक्री गर्ने र मर्मत सम्भार गर्नु पर्ने सम्पत्ति तथा जिन्सी मालसामानको हकमा तीन महिनाभित्र मर्मत सम्भार गरिसक्नु पर्नेछ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन । जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । अत नियमावलीको व्यवस्था अनुसार सम्बनधित कर्मचारीलाई जिम्मेवार बनाई जिन्सी निरीक्षण प्रतिवेदन गरी सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

९८.२ PAMS V2 को प्रयोग- पालिकाले जिन्सी ब्यबस्थापन प्रणाली PAMS V2 लागु भएपछि ईन्धन, कार्यालय सामान, मेशिनरी औजार लगायतका सामान तथा मर्मत खर्चको माग सम्बन्धित कर्मचारीको Personal ID बाट गर्नु पर्नेमा गरेको पाईएन । यसरी ब्यक्तिगत ID बाट माग नगरी खर्च गरेको कारण खर्चमा नियन्त्रण भएको पाईएन । कार्यालयले PAMS V2 मा भएको प्रावधानलाई पुर्ण रुपमा प्रयोगमा ल्याउनु पर्दछ ।

९८.३ जिन्सी दाखिला- आर्थिक कार्यबिधि तथा बितिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्त्रण भई, कुनै बस्तुगत सहायत वा कुनै प्रकारले प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको बिवरण र मूल्य समेत खुलाई सम्पती तथा जिन्सी खातामा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गरी राख्नुपर्ने कानुनी ब्यबस्था रहेको छ । कार्यलयले खप्ने प्रकृतिका जिन्सी मालसामानलाई म.ले.प.फा.न. ४०८ मा दाखिला गर्नुपर्नेमा खर्च भएर जाने जिन्सी खाता (म.ले.प.फा.नं. ४०७) मा दाखिला गरेको पाइयो । अत: निम्नअनुसारका मालसामानलाई खर्च भएर नजाने जिन्सी खाता (मलेपफानं. ४०८) मा दाखिला भएको प्रमाण पेस हुनुपर्दछ ।

| **क्र सं.** | **मालसामानको विवरण** | **परिमाण** | **मुल्य रु. (मु.अ.कर सहित)** |
|---|---|---|---|
| १ | वृत्त चित्र | १ | ३००,०००।०० |
| २ | आइरन | १ | १४६९०।०० |
| ३ | रिभल्भिङ चियर | १ | २०३४०।०० |
| ४ | आरा मेसिन | २ | ६९६०८।०० |
| ५ | ब्रेकर मेशिन | १ | १००००।०० |
| ६ | भिडियो सामाग्री | १ | ९९८९९।९९ |
| ७ | विकास बहस कार्यक्रम | १ | ३९५०००।०० |
| ८ | वृत्त चित्र | २ | ४६३०००।५५ |
| ९ | सुज र्याक | १ | ११०७४।०० |
| १० | ३२ पोट एन भि आर | १ | ५४९९९।९९ |
| | | **जम्मा** | **१४३८६१२।५३** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,३८,६१३ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : घोडाघोडी नगरपालिका, कैलाली , घोडाघोडी नगरपालिका , कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शिव सिंह भण्डारी | २०८०-९-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हरिश चन्द्र धामी | २०७८-९-२६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९५१,२५७ | ४,३२१,७३० | २३,०१६,५२०.३ | ० | ० | ७२,७५७,८३१ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १०१,०४७,३३८.३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,७९८,८६७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ९८,२४८,४७१.३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २६७३५००४४.६६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५९२४५०५८० | चालु खर्च | ५४७०४२२७३.८५ |
| प्रदेश सरकारबाट अनुदान | ३१२१८४५२ | पूँजीगत खर्च | २६६४६३६५३ |
| राजश्व बाँडफाँट | १६७६८१५८३.७६ | वित्तीय/अन्य व्यवस्था | ३७५०२९३९९.४८ |
| आन्तरिक आय | २८२६०१३२.३८ | | |
| अन्य आय | ३८०१७०२०८.१४ | | |
| कुल आय | ११९९७८०९५६.२८ | कुल खर्च | ११८८५३५३२६.३३ |
| बाँकी मौज्दात | | २७८५९५६७४.६१ | |

**अनुसूची - २**

## बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | २०,७३,१७,८३१.२८ | ० | २०,७३,१७,८३१.२८ | १८,११,९०,३६३.९५ | ० | १८,११,९०,३६३.९५ |
| १३००० | अनुदान | ५७,४७,६३,८६३.०० | ० | ५७,४७,६३,८६३.०० | ५५,२९,७०,८९१.२५ | ० | ५५,२९,७०,८९१.२५ |
| १४००० | अन्य राजस्व | १,३४,३०,२०१.८६ | ० | १,३४,३०,२०१.८६ | १,९३,८८,४४१.३५ | ० | १,९३,८८,४४१.३५ |
| १५००० | विविध प्राप्ति | ५२,०७,२२३.०० | ० | ५२,०७,२२३.०० | १,१५,००५.०० | ० | १,१५,००५.०० |
| क | **कुल जम्मा प्राप्ति** | ८०,०७,१९,११९.१४ | | ८०,०७,१९,११९.१४ | ७५,३६,६४,७०१.५५ | | ७५,३६,६४,७०१.५५ |
| ३ | चालु | ५४,७०,४२,२७३.८५ | ० | ५४,७०,४२,२७३.८५ | ५३,६५,२२,१२५.२३ | ० | ५३,६५,२२,१२५.२३ |
| २१००० | पारिश्रमिक / सुविधा | ३१,१४,५०,४९७.३३ | ० | ३१,१४,५०,४९७.३३ | २८,५६,२७,४३९.१८ | ० | २८,५६,२७,४३९.१८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | २०,३५,३०,१३४.३७ | ० | २०,३५,३०,१३४.३७ | १३,६४,०८,३३१.०५ | ० | १३,६४,०८,३३१.०५ |
| २५००० | सहायता (Subsidy) | १,५४,३७,८२४.०० | ० | १,५४,३७,८२४.०० | ९,४०,६४,४७५.०० | ० | ९,४०,६४,४७५.०० |
| २७००० | सामाजिक सुरक्षा | १,२०,९४,१२२.०० | ० | १,२०,९४,१२२.०० | १,१०,०८,१२५.०० | ० | १,१०,०८,१२५.०० |
| २८००० | अन्य खर्च | ४५,२९,६९६.१५ | ० | ४५,२९,६९६.१५ | ९४,१३,७५५.०० | ० | ९४,१३,७५५.०० |
| ४ | पूंजीगत | २६,६४,६३,६५३.०० | ० | २६,६४,६३,६५३.०० | २९,०८,७३,७८२.६४ | ० | २९,०८,७३,७८२.६४ |
| ३१११० | भवन तथा संरचना | ५,५५,७३,९०३.०० | ० | ५,५५,७३,९०३.०० | २,९९,९८,३५५.०० | ० | २,९९,९८,३५५.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | २,६३,८९,१००.०० | ० | २,६३,८९,१००.०० | १,२६,९६,४७६.०० | ० | १,२६,९६,४७६.०० |
| ३११५० | सार्वजनिक निर्माण | १८,०२,६४,७२१.०० | ० | १८,०२,६४,७२१.०० | २४,७५,४०,२९८.६४ | ० | २४,७५,४०,२९८.६४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | २७,५६,१९४.०० | ० | २७,५६,१९४.०० | ६,३८,६५३.०० | ० | ६,३८,६५३.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | १४,७९,७३५.०० | ० | १४,७९,७३५.०० | ० | ० | ० |
| ख) | **कुल जम्मा भुक्तानी** | ८१,३५,०५,९२६.८५ | | ८१,३५,०५,९२६.८५ | ८२,७३,९५,९०७.८७ | | ८२,७३,९५,९०७.८७ |
| ग) | **बचत /कमी (ग = क-ख )** | -१,२७,८६,८०७.७१ | | -१,२७,८६,८०७.७१ | -७,३७,३१,२०६.३२ | | -७,३७,३१,२०६.३२ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)** | २,४१,५२,४३७.६६ | | २,४१,५२,४३७.६६ | ३,७३,९९,२२९.४३ | | ३,७३,९९,२२९.४३ |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | | | | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | १,१३,६५,६२९.९५ | | १,१३,६५,६२९.९५ | -३,६३,३१,९७६.८९ | | -३,६३,३१,९७६.८९ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | २६,७२,३०,०४५.६६ | | २६,७२,३०,०४५.६६ | ३०,३५,६२,०२२.५५ | | ३०,३५,६२,०२२.५५ |
| छ) | **विनिमय नाफा/ घाटा तथा अन्य समायोजन** | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | २७,८५,९५,६७५.६१ | | २७,८५,९५,६७५.६१ | २६,७२,३०,०४५.६६ | | २६,७२,३०,०४५.६६ |

## बेरूजु दफा ५४ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क.स. | पद | श्रेणी तह | दरबन्दी | | | पदपूर्ति(आषाढ मसान्तको स्थिति) | | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | जम्मा | स्थायी | करार | जम्मा | | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प.द्धितिय | १ | ० | १ | १ | ० | १ | ० | |
| २ | अधिकृत , शिक्षा प्रशासन | अधिकृत नवौ/ दशौ | १ | ० | १ | १ | ० | १ | ० | |
| ३ | सि डि इ | अधिकृत नवौ/ दशौ | १ | ० | १ | ० | ० | ० | १ | |
| ४ | अधिकृत कृषि भेटनरी | अधिकृत आठौ/ नवौ | १ | ० | १ | 0 | ० | ० | १ | |
| ५ | अधिकृत कृषि | अधिकृत सातौ/ आठौ | १ | ० | १ | १ | ० | १ | ० | |
| ६ | अधिकृत प्रशासन | अधिकृत सातौ/ आठौ | १ | ० | १ | 0 | ० | ० | १ | |
| ७ | लेखा अधिकृत | अधिकृत सातौ/ आठौ | १ | ० | १ | १ | ० | १ | ० | |
| ८ | अधिकृत शिक्षा | अधिकृत सातौ | १ | ० | १ | १ | ० | १ | ० | |
| ९ | जनस्वास्थ्य अधिकृत | अधिकृत सातौ | १ | ० | १ | १ | ० | १ | ० | |
| १० | इन्जिनियर सिभिल | अधिकृत छैठौ | १ | ० | १ | ० | १ | १ | ० | |
| ११ | इन्जिनियर सिभिल वि ए आ | अधिकृत छैठौ | १ | ० | १ | १ | ० | १ | ० | |
| १२ | आ.ले.प. अधिकृत | अधिकृत छैठौ | १ | ० | १ | ० | ० | ० | १ | |
| १३ | अधिकृत प्रशासन | अधिकृत छैठौ | ३ | ० | ३ | २ | ० | २ | १ | |
| १४ | सि.अ.हे.व. अधिकृत | अधिकृत छैठौ | १ | ० | १ | १ | ० | १ | ० | |
| १५ | प.हे.न. स्वास्थ्य | सहायक पाचौं | १ | ० | १ | १ | ० | १ | ० | |
| १६ | सहायक प्रशासन | सहायक पाचौ | १० | ० | १० | ५ | ० | ५ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | सहायक प्रा.स. कृषि | सहायक पाचौ | २ | ० | २ | ० | ० | ० | २ | |
| १८ | सहायक प.से.प्रा. | सहायक पाचौ | १ | ० | १ | ० | ० | ० | १ | |
| १९ | सहायक प.स्वा.प्रा. | सहायक पाचौ | १ | ० | १ | ० | ० | ० | १ | |
| २० | सहायक प्रा.स. कृषि मत्स्य | सहायक पाचौ | १ | ० | १ | ० | ० | ० | १ | |
| २१ | लेखा सहायक | सहायक पाचौ | १ | ० | १ | १ | ० | १ | ० | |
| २२ | प्रा.स. शिक्षा | सहायक पाचौ | १ | ० | १ | १ | ० | १ | ० | |
| २३ | सव इन्जिनियर | सहायक पाचौ | ७ | ० | ७ | २ | २ | ४ | ३ | |
| २४ | म.वि.नि. | सहायक पाचौ | १ | ० | १ | १ | ० | १ | ० | |
| २५ | क.अ. | सहायक पाचौ | १ | ० | १ | १ | ० | १ | ० | |
| २६ | सर्भेक्षक | सहायक पाचौ | १ | ० | १ | १ | ० | १ | ० | |
| २७ | सहायक प्रशासन | सहायक चौथो | १० | ० | १० | ९ | ० | ९ | १ | |
| २८ | स.ले.प. | सहायक चौथो | १ | ० | १ | १ | ० | १ | ० | |
| २९ | स.म.वि.नि. | सहायक चौथो | १ | ० | १ | १ | ० | १ | ० | |
| ३० | अ.स.ई. | सहायक चौथो | ७ | ० | ७ | ४ | ० | ४ | ३ | |
| ३१ | ना.प्रा.स. | सहायक चौथो | १ | ० | १ | १ | ० | १ | ० | |
| ३२ | ना.प.स्वा.प्रा. | सहायक चौथो | १ | ० | १ | १ | ० | १ | ० | |
| ३३ | ना.प.से.प्रा. | सहायक चौथो | १ | ० | १ | ० | ० | ० | १ | |
| ३४ | सहायक कम्प्युटर अपरेटर | सहायक चौथो | ० | ० | ० | ० | १ | १ | ० | दरबन्दी नभएको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३५ | कार्यालय सहयोगी साविक स्थायी | श्रेणी विहिन | ० | ० | ० | १ | ० | १ | ० | दरबन्दी नहुने |
| ३६ | कार्यालय सहयोगी | श्रेणी विहिन | ० | ० | ० | ० | २१ | २१ | ० | दरबन्दी नहुने |
| ३७ | सवारी चालक | श्रेणी विहिन | ० | ० | ० | ० | ७ | ७ | ० | दरबन्दी नहुने |
| ३८ | स्वीपर | श्रेणी विहिन | ० | ० | ० | ० | १७ | १७ | ० | दरबन्दी नहुने |
| | **जम्मा** | | **६६** | **०** | **६६** | **४१** | **४९** | **९०** | **२३** | |
| | **कार्यक्रम तर्फ** | | | | | | | | | |
| १ | पशु चिकित्सक | अधिकृत छैठौं | ० | ० | ० | ० | १ | १ | ० | |
| २ | कृषि स्नातक | अधिकृत छैठौं | ० | ० | ० | ० | १ | १ | ० | |
| ३ | सूचना प्रविधि अधिकृत | अधिकृत छैठौं | ० | ० | ० | ० | १ | १ | ० | |
| ४ | रोजगार संयोजक | अधिकृत छैठौं | ० | ० | ० | ० | १ | १ | ० | |
| ५ | क्षयरोग संयोजक | अधिकृत छैठौं | ० | ० | ० | ० | १ | १ | ० | |
| ६ | प्राविधिक सहायक रोजगार | सहायक पाँचौ | ० | ० | ० | ० | १ | १ | ० | |
| ७ | एम आइ एस अपरेटर | सहायक पाँचौं | ० | ० | ० | ० | २ | २ | ० | |
| ८ | वित्तिय साक्षरता सहजकर्ता | सहायक पाचौ | ० | ० | ० | ० | १ | १ | ० | |
| ९ | मनोसामाजिक परामर्शकर्ता | सहायक पाचौ | ० | ० | ० | ० | १ | १ | ० | |
| १० | उ.वि.सहजकर्ता | सहायक चौथो | ० | ० | ० | ० | १ | १ | ० | |
| ११ | ना.प.से.प्रा. | सहायक चौथो | ० | ० | ० | ० | १ | १ | ० | |
| १२ | फिल्ड सहायक | सहायक चौथो | ० | ० | ० | ० | १ | १ | ० | |
| १३ | ना.प्रा.स.कृषि | सहायक चौथो | ० | ० | ० | ० | १ | १ | ० | |
| १४ | अमिन | सहायक चौथो | ० | ० | ० | ० | २ | २ | ० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | रिटर्नी स्वयंसेवक सामी प्रयोजना | | ० | ० | ० | ० | ३ | ३ | ० | |
| | जम्मा | | ० | ० | ० | ० | १९ | १९ | ० | |
| स्वास्थ्य तर्फ | | | | | | | | | ० | |
| १ | ज.स्वा.अ. | "७/ ८" | १ | ० | १ | १ | ० | १ | ० | |
| २ | हे.अ. | "५/ ६/ ७" | ८ | ० | ८ | ८ | ० | ८ | ० | |
| ३ | अ.न.मी. | "४/ ५/ ६" | ९ | ० | ९ | १० | ० | १० | ० | १ समायोजन भई आएको |
| ४ | अ.हे.व. | "४/ ५/ ६" | ९ | ० | ९ | ९ | ० | ९ | ० | |
| ५ | अस्पताल तर्फ | | | ० | | | | | | |
| ६ | मेडिकल अधिकृत | 8औ | ० | ३ | ३ | ० | ३ | ३ | ० | |
| ७ | हेल्थ असिस्टेन्ट | 5औ | ० | ४ | ४ | ० | ४ | ४ | ० | |
| ८ | स्टाफ नर्स | 5औ | ० | ६ | ६ | ० | ६ | ६ | ० | |
| ९ | फार्मेसी सहायक | 5औ | ० | १ | १ | ० | १ | १ | ० | |
| १० | ल्याव टेक्निसिएन | 5औ | ० | १ | १ | ० | १ | १ | ० | |
| ११ | रेडियो ग्राफर | 5औ | ० | १ | १ | ० | १ | १ | ० | |
| १२ | अ.हे.व. | 4औ | ० | ९ | ९ | ० | ९ | ९ | ० | |
| १३ | अ.न.मी. | 4औ | ० | ९ | ९ | ० | ९ | ९ | ० | |
| १४ | ल्याव असिस्टेन्ट | 4औ | ० | ४ | ४ | ० | ४ | ४ | ० | |
| १५ | स्वीपर | श्रेणी विहिन | ० | ६ | ६ | ० | ६ | ६ | ० | |
| १६ | का.स. | श्रेणी विहिन | ० | १२ | १२ | ० | १२ | १२ | ० | |
| | **जम्मा** | | **२७** | **५६** | **८३** | **२८** | **५६** | **८४** | **०** | |

## बेरूजु दफा ५७.१ सँग सम्बन्धित विवरण - अनुसूची -५

| वर्गीकरण | पहिलो त्रैमासिक | | | | दोस्रो त्रैमासिक | | | | तेस्रो त्रैमासिक | | | | चौंथो त्रैमासिक | | | | जम्मा वितरण |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | कायम संङ्ख्या | रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | |
| अन्य जेष्ठ नागरिक भत्ता | ४२६६ | ५०८४१२४६ | ४२६५ | ५०८४११२१ | ४३३७ | ५१६१७५२२ | ४३३४ | ५१६००९८९ | ४३८३ | ५२०९७१७६ | ४३७७ | ५२०६६९०९ | ४४७० | ५३१३१०२० | ४४६३ | ५३११३०८६ | २०७६२२१०५ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ४२५ | ३३३०५७७ | ४२३ | ३३१४६१७ | ४३० | ३४०१०७६ | ४३० | ३४०१०७६ | ४४० | ३४८३७७४ | ४४० | ३४८३७७४ | ४३२ | ३३९०८९९ | ४३२ | ३३९०८९९ | १३५९०३६६ |
| जेष्ठ नागरिक एकल महिला | ४२६ | ३३९१५०० | ४२६ | ३३९१५०० | ४२४ | ३३६१५३१ | ४२३ | ३३६०३७८ | ४२३ | ३३६३६८० | ४२३ | ३३६३६८० | ३९४ | ३१३१९३५ | ३९४ | ३१३१९३५ | १३२४७४९३ |
| विधवा | १३११ | १०३७४००० | १३११ | १०३७४००० | १३५८ | १०७०१९७८ | १३५७ | १०७०११८० | १३९७ | ११०६५६०० | १३९७ | ११०६५६०० | १४१७ | ११२३३१८० | १४१७ | ११२३३१८० | ४३३७३९६० |
| पूर्ण अपाङ्गता भत्ता | ११४ | १३४८८८६ | ११४ | १३४८८८६ | ११३ | १३४२९०१ | ११३ | १३४२९०१ | १२० | १३९९१६० | १२० | १३९९१६० | १२५ | १४८१९६३ | १२५ | १४८१९६३ | ५५७२९१० |
| अति अशक्त अपाङ्गता भत्ता | ३९९ | २५११०४० | ३९९ | २५११०४० | ४०८ | २५७२५१४ | ४०७ | २५७०६७० | ४१० | २५८१९०२ | ४१० | २५८१९०२ | ४१७ | २६२८०८० | ४१७ | २६२८०८० | १०२९१६९२ |
| दलित बालबालिका | ६०९ | ९२१६३० | ६०९ | ९२१६३० | ६९२ | १०११९५१ | ६९२ | १०११९५१ | ७१७ | १०९४५२२ | ७१७ | १०९४५२२ | ७१७ | ११०९९२४ | ७१७ | ११०९९२४ | ४१३८०२७ |
| लोपन्मुख जाति | ८८ | १०४९३७० | ८८ | १०४९३७० | ८८ | १०५३३६० | ८८ | १०५३३६० | ८९ | १०६१३४० | ८९ | १०६१३४० | ८८ | १०५३३६० | ८८ | १०५३३६० | ४२१७४३० |
| जम्मा | ७६३८ | ७३७६८२४९ | ७६३५ | ७३७५२१६४ | ७८५० | ७५०६२८३३ | ७८४४ | ७५०४२५०५ | ७९७९ | ७६१४७१५४ | ७९७३ | ७६११६८८७ | ८०६० | ७७१६०३६१ | ८०५३ | ७७१४२४२७ | ३०२०५३९८३ |

## बेरूजु दफा ५८.२ सँग सम्बन्धित विवरण - अनुसूची -६

| सि.नं. | विद्यालयको नाम | स्थायी | राहत | पालिका शिक्षक अनुदान | जम्मा शिक्षक | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|
| १ | श्री राष्ट्रिय मा वि सुखड | ५ | १५ | १ | २१ | ११२६ | १:५४ |
| २ | श्री विराट सनातन धर्म सस्कृत वेद विद्याश्रम मा वि | ० | ६ | २ | ८ | १७६ | १:२२ |
| ३ | जनज्योति मा वि सुन्दरपुर | ० | ७ | ० | ७ | ५४३ | १:७८ |
| ४ | छडि मा वि वेलार | ३ | ५ | ० | ८ | ६३३ | १:७९ |
| ५ | कपिलमुनी आ वि लक्ष्मीपुर | ० | ४ | ० | ४ | १०३ | १:२६ |
| ६ | कालिका आ वि सिङरुवा | ० | ४ | ० | ४ | ३६ | १:९ |
| ७ | सनातन धर्मसस्कृत वेदविद्याश्रम | ० | ० | ० | १ | १५ | १:१५ |
| ८ | दशरथ मा वि साडेपानी | ७ | ७ | ५ | १९ | ९९३ | १:५२ |
| ९ | चौडयाल आ वि शिरानगर | २ | ३ | २ | ७ | २२२ | १:३२ |
| १० | मालिका आ वि थुम्की | १ | १ | १ | ३ | ६१ | १:२० |
| ११ | मोहन्याल आ वि नारायणपुर | १ | ७ | ० | ८ | १८५ | १:२३ |
| १२ | सरस्वती आ वि निम्दी | २ | ७ | १ | १० | २८६ | १:२९ |
| १३ | समैजी आ वि जुरपानी | ३ | ५ | १ | ९ | २८८ | १:३२ |
| १४ | गंगरी आ वि बगुलिया | ३ | ० | ४ | ७ | १७३ | १:२८ |
| १५ | सीताकुण्ड मा वि गणेशपुर | ६ | १० | १ | १७ | ६१२ | १:३६ |
| १६ | राष्ट्रिय मा वि रामपुर | ३ | २ | ३ | ८ | ५३७ | १:६७ |
| १७ | मेलघट्टी आ वि जनकपुर | १ | ४ | ३ | ८ | २०१ | १:२५ |
| १८ | घोडाघोडी आ वि सुन्दरपुर | ० | ५ | २ | ७ | १५९ | १:२३ |
| १९ | जनज्योति आ वि सिम्तरी | ३ | २ | २ | ७ | २७४ | १:३९ |
| २० | नवप्रभात आ वि माघी | ० | १ | २ | ३ | ४७ | १:१६ |
| २१ | राष्ट्रिय लालिगुराँस आ वि गैडाखेडा | ० | ० | ३ | ३ | ७८ | १:२६ |
| २२ | दरख मा वि हरिनगर | ७ | ८ | २ | १७ | ८८७ | १:५२ |
| २३ | राष्ट्रिय मा वि देवकलिया | ४ | ३ | ४ | ११ | ३३३ | १:३० |
| २४ | जनता आ वि सरैया | २ | २ | ४ | ८ | २४४ | १:३१ |
| २५ | जनप्रिय आ वि फारम ख | ० | ३ | ३ | ६ | ३११ | १:५३ |
| २६ | कालिका आ वि सितलपुर | ० | ३ | १ | ४ | ३७ | १:९ |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २७ | बडातडो मा वि बछुरिया | ३ | २ | ३ | ८ | ४६४ | १:५८ |
| २८ | सरस्वती आ वि बसन्ता | ० | ३ | ४ | ७ | ३९९ | १:५७ |
| २९ | बालकल्याण आ वि करैचा | ० | ५ | २ | ७ | २५८ | १:३७ |
| ३० | कण्ठेश्वर आ वि किर्तीपुर | ० | ३ | २ | ५ | १५३ | १:३१ |
| ३१ | राष्ट्रिय मा वि तारानगर | १२ | ६ | २ | २० | १४५८ | १:७३ |
| ३२ | मेलघट्टी मा वि दिपनगर | ३ | १० | २ | १५ | ६२८ | १:४२ |
| ३३ | बालज्योति आ वि जरही | ० | ४ | १ | ५ | ७२९ | १:१४६ |
| ३४ | मोहनी आ वि तिलकनगर | ० | ५ | ० | ५ | १६२ | १:३२ |
| ३५ | भैरब आ वि लठौवा | २ | ५ | १ | ८ | २६७ | १:३३ |
| ३६ | जनप्रगति आ वि डोडापारी | १ | ४ | ० | ५ | १०१ | १:२० |
| ३७ | अनुग्रह आ वि आम्फाटा | ० | २ | १ | ३ | ६५ | १:२२ |
| ३८ | सरस्वती मा वि शिखरझाला | ४ | ३ | १ | ८ | १९४ | १:२४ |
| ३९ | कालिका मा वि खल्लाखेत | ० | ६ | ३ | ९ | ३३४ | १:३७ |
| ४० | राष्ट्रिय जनता आ वि फारम क | ० | ४ | २ | ६ | १६७ | १:२८ |
| ४१ | मोहन्याल आ वि गोदनी | ० | ३ | १ | ४ | ९५ | १:२४ |
| ४२ | शान्ति आ वि रतिपुर | ० | ० | ० | १ | ३६ | १:३६ |
| ४३ | कान्तिराज्यलक्ष्मी मा वि पहलमानपुर | ९ | ९ | २ | २० | १४७७ | १:७४ |
| ४४ | जनकल्याण मा वि थेवै | ० | ४ | २ | ६ | २७१ | १:४५ |
| ४५ | बालविकास आ वि आमखोइया | ० | ३ | ३ | ६ | २५९ | १:४३ |
| ४६ | अमर शहिद स्मृति आ वि लठैया | २ | २ | १ | ५ | २५४ | १:५१ |
| ४७ | पहलमानसिह मेमोरियल मा वि आम्वासा | १० | ११ | ० | २१ | ४२४ | १:२० |
| ४८ | जनता आ वि तप्पा | १ | ३ | १ | ५ | १६२ | १:३२ |
| ४९ | आदर्श आ वि भलौवा | ० | १ | २ | ३ | ७७ | १:२६ |
| ५० | राष्ट्रिय मा वि नकफोडुवा | ५ | ५ | ० | १० | ३१५ | १:३२ |
| ५१ | बाल आ वि खोपा | ० | ३ | ० | ३ | ३७ | १:१२ |
| | **जम्मा** | **१०५** | **२२०** | **८३** | **४०८** | **१७३४६** | **१:४३** |

## बेरूजु दफा ५८.१३ सँग सम्बन्धित विवरण - अनुसूची -७

| क्र.स | विद्यालयको नाम | वालविकास सहजकर्ता | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात | १:२५ बमोजिम हुने बढी सहजकर्ता |
|---|---|---|---|---|---|
| १ | श्री राष्ट्रिय मा वि सुखड | २ | २४ | १:१२ | १ |
| २ | श्री विराट सनातन धर्म सस्कृत वेद विद्याश्रम मा वि | १ | १२ | १:१२ | |
| ३ | जनज्योति मा वि सुन्दरपुर | १ | २६ | १:२६ | |
| ४ | छडि मा वि वेलार | १ | २५ | १:२५ | |
| ५ | कपिलमुनी आ वि लक्ष्मीपुर | १ | २७ | १:२७ | |
| ६ | कालिका आ वि सिङरुवा | १ | ८ | १:८ | |
| ७ | सनातन धर्मसस्कृत वेदविद्याश्रम | ० | ० | ० | |
| ८ | दशरथ मा वि साडेपानी | ३ | ९४ | १:३१ | |
| ९ | चौडयाल आ वि शिरानगर | २ | ३२ | १:१६ | |
| १० | मालिका आ वि थुम्की | २ | २८ | १:१४ | |
| ११ | मोहन्याल आ वि नारायणपुर | २ | २७ | १:१४ | |
| १२ | सरस्वती आ वि निम्दी | २ | ५५ | १:२८ | |
| १३ | समैजी आ वि जुरपानी | ३ | ५७ | १:१९ | १ |
| १४ | गंगरी आ वि बगुलिया | १ | ३० | १:३० | |
| १५ | सीताकुण्ड मा वि गणेशपुर | १ | १८ | १:१८ | |
| १६ | राष्ट्रिय मा वि रामपुर | १ | २४ | १:२४ | |
| १७ | मेलघट्टी आ वि जनकपुर | १ | २८ | १:२८ | |
| १८ | घोडाघोडी आ वि सुन्दरपुर | २ | १९ | १:१० | १ |
| १९ | जनज्योति आ वि सिम्तरी | १ | २६ | १:२६ | |
| २० | नवप्रभात आ वि माघी | १ | १५ | १:१५ | |
| २१ | राष्ट्रिय लालिगुराँस आ वि गैडाखेडा | १ | २८ | १:२८ | |
| २२ | दरख मा वि हरिनगर | १ | ४८ | १:४८ | |
| २३ | राष्ट्रिय मा वि देवकलिया | २ | २३ | १:१२ | १ |
| २४ | जनता आ वि सरैया | १ | २४ | १:२४ | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | जनप्रिय आ वि फारम ख | २ | २७ | १:१४ | |
| २६ | कालिका आ वि सितलपुर | १ | ११ | १:११ | |
| २७ | बडातडो मा वि बछुरिया | १ | २६ | १:२६ | |
| २८ | सरस्वती आ वि बसन्ता | १ | ६१ | १:६१ | |
| २९ | बालकल्याण आ वि करैचा | १ | ३६ | १:३६ | |
| ३० | कण्ठेश्वर आ वि किर्तीपुर | १ | १५ | १:१५ | |
| ३१ | राष्ट्रिय मा वि तारानगर | २ | ३५ | १:१८ | |
| ३२ | मेलघट्टी मा वि दिपनगर | २ | ४५ | १:२३ | |
| ३३ | बालज्योति आ वि जरही | २ | ७९ | १:४० | |
| ३४ | मोहनी आ वि तिलकनगर | १ | १५ | १:१५ | |
| ३५ | भैरब आ वि लठौवा | १ | २० | १:२० | |
| ३६ | जनप्रगति आ वि डोडापारी | १ | २५ | १:२५ | |
| ३७ | अनुग्रह आ वि आम्फाटा | १ | २१ | १:२१ | |
| ३८ | सरस्वती मा वि शिखरझाला | १ | ८ | १:८ | |
| ३९ | कालिका मा वि खल्लाखेत | १ | १५ | १:१५ | |
| ४० | राष्ट्रिय जनता आ वि फारम क | १ | १६ | १:१६ | |
| ४१ | मोहन्याल आ वि गोदनी | १ | १४ | १:१४ | |
| ४२ | शान्ति आ वि रतिपुर | १ | २५ | १:२५ | |
| ४३ | कान्तिराज्यलक्ष्मी मा वि पहलमानपुर | २ | १९ | १:१० | १ |
| ४४ | जनकल्याण मा वि थेवै | २ | ४५ | १:२३ | |
| ४५ | बालविकास आ वि आमखोइया | १ | ३५ | १:३५ | |
| ४६ | अमर शहिद स्मृति आ वि लठैया | ४ | ५१ | १:१३ | २ |
| ४७ | पहलमानसिह मेमोरियल मा वि आम्वासा | २ | ३१ | १:१६ | |
| ४८ | जनता आ वि तप्पा | १ | २० | १:२० | |
| ४९ | आदर्श आ वि भलौवा | २ | १६ | १:८ | १ |
| ५० | राष्ट्रिय मा वि नकफोडुवा | २ | ४४ | १:२२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५१ | बाल आ वि खोपा | १ | १६ | १:१६ | |
| | **जम्मा** | **७३** | **१४६९** | **१:२०** | |

## बेरूजु दफा ६६ सँग सम्बन्धित विवरण - अनुसूची -८

| सि.नं. | ब.उ.शि.नं. | गो. भो. नं./ मिति | भुक्तानी पाउने फर्मको नाम | बापत | बिजक नं./ मिति | भुक्तानी |
|---|---|---|---|---|---|---|
| १. | नगरपालिका पूँजिगत | ३२८।०८२।३।२५ | बर्दगोरिया ह्युम पाईप एण्ड कंक्रिट उद्योग प्रा.लि., कैलाली | पालिकाका बिभिन्न स्थानका लागि ह्युम पाईप खरिद | ९०।०८२।३।१६ | ९५७३३६ |
| २. | नगरपालिका पूँजिगत | ३२६।०८२।३।२५ | बोहरा कन्ष्ट्रक्सन, धनगढी | ग्राभेल खरिद | २३।०८२।३।२४ | ९५९१९४ |
| ३. | नगरपालिका पूँजिगत | २९४।०८२।३।२४ | फार वेष्ट कन्ष्ट्रक्सन प्रा.लि., कैलाली | ह्युमपाईप खरिद | ०३।०८२।३।२० | ४६१४६९ |
| ४. | नगरपालिका पूँजिगत | २९४।०८२।३।२४ | फार वेष्ट कन्ष्ट्रक्सन प्रा.लि., कैलाली | ह्युम पाईप खरिद | ३।०८२।३।२० | ४३९४१६ |
| ५. | नगरपालिका पूँजिगत | २८९।०८२।३।२४ | सोमनाथ कन्ष्ट्रक्सन, धनगढी कैलाली | वडा नं. ५ का लागि ह्युमपाईप खरिद | खाली।०८२।१।९ | ४९२०८७ |
| ६. | नगरपालिका पूँजिगत | ३३५।०८२।३।२५ | यु. एम. कन्ष्ट्रक्सन, कैलाली | वडा नं.-८, ह्युमपाईप खरिद | २३।०८२।३।१७ | ४९१५५० |
| ७. | नगरपालिका पूँजिगत | ३०२।०८२।३।२४ | एच.के. कन्ष्ट्रक्सन, सौंफिबगर | ह्युम पाईप खरिद | ०१।०८२।३।२० | ९६३८६७ |
| ८. | नगरपालिका पूँजिगत | ३००।०८२।३।२४ | निक्षित कन्ष्ट्रक्सन प्रा.लि., कैलाली | ह्युम पाईप खरिद | ०८।०८२।३।२० | ६७५७४० |
| ९. | नगरपालिका पूँजिगत | २९३।०८२।३।२४ | अनुकुल निर्माण सेवा प्रा.लि., लम्कीचुहा | ह्युम पाईप खरिद | २९३।०८२।३।२४ | ४७४९०९ |
| १०. | नगरपालिका पूँजिगत | १६७।०८२।३।१३ | नवदुर्गा कालिका निर्माण सेवा, कैलाली | माटो भरण, ढुवानी र फिलिङ्ग कार्य | ०२।०८२।३।११ | ९५७५७५ |
| ११. | नगरपालिका पूँजिगत | ३३३।०८२।३।२५ | केदार ग्रुप अफ टेक्नोलोजी एण्ड मल्टी प्रपोज प्रा.लि., टिकापुर, कैलाली | सुखड चोकमा सुद्ध खानेपानी धारा जडान तथा व्यबस्थापन | २५।०८२।३।२० | ६३५३७० |
| १२. | नगरपालिका पूँजिगत | १००।०८२।२।२२ | पौडेल निर्माण सेवा प्रा.लि., कैलाली | ग्राभेल बाटोमा खाल्टा खुल्टी पुर्ने कार्य | ०५।०८१।१०।१४ | ४९०५७५ |
| १३. | नगरपालिका पूँजिगत | ८३।०८२।२।१२ | नन्दमाता के.आर. निर्माण सेवा प्रा.लि., कैलाली | बुलबुले बहुमुखी क्याम्पसको मेशिनरी वाल निर्माण | ०८।०८२।२।८ | ९२१६८२ |
| १४. | नगरपालिका पूँजिगत | ३४७।०८२।३।२५ | खप्तड बाबा निर्माण एण्ड अर्डर सप्लायर्स, बाजुरा | बिष्ट टोलमा शिव मन्दिर गेट निर्माण | १४।०८२।३।२४ | ४५०८२३ |
| १५. | नगरपालिका पूँजिगत | ३४६।०८२।३।२५ | अजित एण्ड अमित निर्माण सेवा प्रा.लि. कैलाली | गौशालाको पूर्बपट्टीको भवनमा पर्खाल निर्माण र आम्वासा स्वास्थ्य चौकी घेराबार निर्माण | ०२।०८२।३।२३ | ८६५४०८ |
| १६. | नगरपालिका पूँजिगत | २८३।०८२।३।२४ | क्रिएटिभ थ्रि ब्रदर्स कन्ष्ट्रक्सन एण्ड सर्भिसेस प्रा.लि., घोडाघोडी, कैलाली | बिभिन्न सडकमा ग्राभेल गर्ने कार्य | ०७।०८२।३।२४ | ७८६४१० |
| १७. | नगरपालिका पूँजिगत | २७९।०८२।३।२४ | जयन्ती कन्ष्ट्रक्सन, घोडाघोडी | शिवराज गिरीको पसल नजिक होमस्टे सडकमा कल्भर्ट निर्माण | २।०८२।३।२४ | ६९८२९८ |
| १८. | नगरपालिका पूँजिगत | २६१।०८२।३।२३ | ए.एन.एस. कन्ष्ट्रक्सन, कैलाली | वडा नं. १ कार्यलयमा तारजाली तथा सुखड चोकमा माटो भर्ने कार्य | ०९।०८२।३।२२ | ९४५११९ |
| १९. | नगरपालिका पूँजिगत | ३३६।०८२।३।२५ | गौतम निर्माण सेवा, जाजरकोट | डोडा नदीमा तटबन्ध निर्माण | ०४।०८२।३।२४ | ९३२९४२ |
| २०. | नगरपालिका पूँजिगत | २३८।०८२।३।२२ | न्यु कुमारी कन्ष्ट्रक्सन.कैलाली | त्रिबेणी पोखरीदेखि पालेङना चोकसम्म साथै साँडेपानी गाउँहुँदै दुसार गाउँ जानेबाटो कालोपत्र | १०।०८२।३।१९ | ९२३९४१ |
| २१. | नगरपालिका पूँजिगत | ३१३।०८२।३।२५ | प्रकृति कन्ष्ट्रक्सन एण्ड ईन्जिनियरिङ्ग | कैवा कैलाशपुर बाटो कालोपत्र गर्ने कार्य, | ०२।०८२।३।२४ | ८५५०५६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | कन्सल्टेन्सी, कैलाली | वडा नं.-१ | | |
| २२. | नगरपालिका पूँजिगत | २७२।०८२।३।२४ | श्री रामजानकी आर.एम. कन्ष्ट्रक्सन प्रा.लि., टोखा | बिभिन्न स्थानमा बाटो निर्माण तथा मर्मत | ०४।०८२।३।२० | ८३७५७० |
| २३. | नगरपालिका पूँजिगत | २८५।०८२।३।२४ | श्री घोडाघोडी कन्ष्ट्रक्सन कम्पनी प्रा.लि.,कैलाली | जनकपुर डोडा नदी तटबन्धन योजना | ४१।०८२।३।२४ | ७७१२१९ |
| २४. | नगरपालिका पूँजिगत | २१२।०८२।३।१८ | अप्छुमी बिल्डर्स प्रा.लि., रामेछाप | बिभिन्न सडकहरुमा ग्राभेल गर्ने कार्य | ०४।०८२।३।१८ | ९५७९२८ |
| २५. | नगरपालिका पूँजिगत | २१०।०८२।३।१८ | श्रीपद निर्माण सेवा प्रा.लि., घोडाघोडी | काशी जोशीको घरदेखि कल्भर्टसम्म ग्राभेल निर्माण | ०१।०८२।३।१३ | ८९१६७९ |
| २६. | नगरपालिका पूँजिगत | २११।०८२।३।१८ | चिरञ्जिवी बिल्डर्स, कैलाली | वडा नं.-६ छेदलाल चौधरीको घरदेखि धन सुनारको घरसम्म सडक र गगन बोहराको घरदेखि वडातडो मा.बि. सम्म सडक स्तरोन्नती | ०१।०८२।३।१८ | ९५७९४८ |
| २७. | नगरपालिका पूँजिगत | १३०।०८२।३।३ | असना बाबा बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | गौचर पुल नजिक,जानकी मगरको घरदेखि कालुरामको घरसम्म माटो | ०२।०८२।२।३० | ८९६१४६ |
| २८. | नगरपालिका पूँजिगत | १६२।०८२।३।१२ | मेल्टा कन्ष्ट्रक्सन एण्ड सप्लायर्स, सोहखुट्टे, काठमाण्डौ | वडा कार्यालयको पर्खाल निर्मण, वडा नं.-३ | ०३।०८१।३।१२ | ९४७४६६ |
| २९. | नगरपालिका पूँजिगत | २६२।०८२।३।२३ | रावल मानाकोटी कन्ष्ट्रकसन, घोडाघोडी | बिभिन्न सडकमा ग्राभेल गर्ने कार्य | ०१।०८२।३।१२ | ९५७४०१ |
| ३०. | नगरपालिका पूँजिगत | २२१।०८२।३।१९ | जे.एस.बि.आर. कन्ष्ट्रक्सन, कैलाली | वडा कार्यालयको गेट र ग्रिल निर्माण | ०५।०८२।३।१८ | ७३१५५२ |
| ३१. | नगरपालिका पूँजिगत | ३३४।०८२।३।२५ | एम.एच. कन्ष्ट्रक्सन, कैलाली | नगर अस्पताल साँडेपानीमा बिभिन्न निर्माण | ०२।०८२।३।१२ | ८९०८५५ |
| ३२. | नगरपालिका पूँजिगत | ३११।०८२।३।२५ | ओम मष्टा कन्ष्ट्रक्सन प्रा.लि., कैलाली | वडा नं. ५ का बिभिन्न सडकमा ग्राभेल | ०३।०८२।३।२६ | ७१९२६५ |
| ३३. | नगरपालिका पूँजिगत | ३१८।०८२।३।२५ | आर.बि. निर्माण सेवा, घोडाघोडी | वडा नं.-१ मा नगरपालिका अगाडी नाला निर्माण | २९।०८२।३।२४ | ४८५०६२ |
| ३४. | नगरपालिका पूँजिगत | ३१६।०८२।३।२५ | रामरोशन निर्माण सेवा, कैलारी | बिभिन्न निर्मित भवनको मर्मत सुधार | ०४।०८२।३।२४ | ४६९९२४ |
| ३५. | नगरपालिका पूँजिगत | ३३०।०८२।३।२५ | राजेन्द्र निर्माण सेवा, कैलाली | नदी डाईभर्सन तथा सडक ग्राभेल गर्ने कार्य | ११।०८२।३।२४ | ८७१९७७ |
| ३६. | नगरपालिका पूँजिगत | ३०४।०८२।३।२४ | श्रेया सुलभ निर्माण सेवा, कैलाली | बिभिन्न सडकमा ग्राभेल ढुवानी, फिलिङ्ग तथा रोलिङ्ग गर्ने कार्य | १८।०८२।३।२३ | ३७५८३३ |
| ३७. | नगरपालिका पूँजिगत | ३३८।०८२।३।२५ | रोयल ईभान कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. कैलाली | बिभिन्न सडकमा ग्राभेल ढुवानी, फिलिङ्ग तथा रोलिङ्ग गर्ने कार्य | १२।०८२।३।२० | ७४२७३५ |
| | | | | | **जम्मा** | **२७८८३३२७** |

## बेरूजु दफा ८९ सँग सम्बन्धित विवरण - अनुसूची -९

| सि.नं. | ब.उ.शि.नं. | गो.भौ./ मिति | योजनाको नाम | प्रयोग निर्माण सामाग्री(घन फिटमा) | | | | | कुल परिमाण (घन फिट) | प्रति घन फिट दर (मू.अ.कर सहित) | असुल गर्नु पर्ने जम्मा | उपभोक्ताको अंश कट्टी | असुल गर्नुपर्ने रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ढुङ्गा | गिट्टी | बालुवा | ग्राभेल | माटो | | | | | |
| १. | पालिका पूँजिगत | २९५। ०८२।३। २४ | थुकैली बाध मर्मत तथा माटो फिलिङ्ग योजना | ० | ० | ० | ० | ३७२२४ | ३७२२४ | ४।५२ | १६८२५२ | १९३६६ | १४८८८६ |
| २. | पालिका पूँजिगत | २९२। ०८२।३। २४ | रामपुर बिद्यालयको सभाहल निर्माण | २९५६ | ५३३ | ६२७ | ० | ० | ४११६ | ६।७८ | २७९०६ | २९७१ | २४९३५ |
| | | | | | | | | | | | | जम्मा | १७३८२१ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।